# विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाजमनोविज्ञान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

निशा भण्डारी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ


२०७३

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षकी विद्यार्थी निशा भण्डारीले 'विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाजमनोविज्ञान' शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । अत्यन्त परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्र देखि म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७३/१२/१५

....................................

**प्रा.डा. कृष्णहरि बराल**

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

# स्वीकृतिपत्र

१. प्रा.डा. देवीप्रसाद गौतम ............................

(विभागीय प्रमुख)

२. प्रा.डा. कृष्णहरि बराल .............................

(शोधनिर्देशक)

३. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल .............................

(बाह्य परीक्षक)

मितिः २०७३/१२/२८

शोधपत्रको मूल्याङ्कन समिति

# कृतज्ञताज्ञापन


प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु प्रा.डा. कृष्णहरि बरालज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । शोधपत्र लेखनका सिलसिलामा आफ्नो महत्वपूर्ण समय प्रदान गरी शोधपत्र तयार पार्दासम्म आवश्यक सहयोग साथै प्रेरणा तथा प्रोत्साहन प्रदान गर्नु भएकोमा मेरो शोध निर्देशकप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध कार्यका लागि आवश्यक सहयोग गर्नु हुने विभागीय प्रा.डा. देवीप्रसाद गौतम लगायत विभागका सम्पूर्ण गुरुहरूप्रति आभार प्रकट गर्दछु ।

मेरो जीवनका हरेक क्षेत्रमा शैक्षक सफलताकाको कामना गर्दै सधै उच्च शिक्षा अध्ययनमा लाग्न प्रेरित गरिरहने मेरी ममतामयी आमा कमला भण्डारी र परिवारका सम्पूर्ण सदस्यहरूप्रति म सदा आभारी छु । साथै मलाई शोध कार्य गर्नका लागि सामग्री सङ्कलनमा सहयोग गर्नु भएका मेरा जीवन साथी सुदिप पौडेल र मलाई शोधकार्य गर्नका लागि सहयोग गर्ने बहिनी रचना आचार्यप्रति पनि म आभारी छु । साथै प्रस्तुत शोधकार्य गर्ने क्रममा सन्दर्भ पुस्तक पत्रपत्रिका, लेख रचना गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय र नेपाली विभागको पुस्तकालयप्रति पनि धन्यवाद प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा उचित सहयोग र हौसला प्रदान गर्नु हुने मेरा सम्पूर्ण साथीहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा शोधकार्यलाई छिटो छरितो शुद्ध एवम् स्पष्टताका साथ टङ्कण गरी सहयोग गर्नु हुने युनिभर्सल फोटोकपी एण्ड कम्प्युटर सेन्टरका सुभाष खत्रीप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।


मिति : २०७३/१२/१५


**निशा भण्डारी**
शैक्षिक सत्र : २०६८/०६९
क्रमाङ्क : २२७
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

# विषयसूची

## परिच्छेद एक

## शोधपरिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन ३

१.३ शोधपत्रको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधकार्यको औचित्य ७

१.६ शोधकार्यको सिमाङ्कन ७

१.७ शोधविधि ८

१.७.१ सामग्री सङ्कलन विधि ८

१.७.२ विश्लेषण सैद्धान्तिक आधार ८

१.८ शोधपत्रको रूपरेखा ९


## परिच्छेद दुई

## समाज मनोविज्ञानको सैद्धान्तिक आधार


२.१ विषयपरिचय १०

२.२ साहित्य, समाज र मनोविज्ञानको चिनारी तथा अन्तर्सम्बन्ध १०

२.२.१ साहित्य र समाज १२

२.२.२ साहित्य र मनोविज्ञान १३

२.२.३ समाज र मनोविज्ञान १४

२.३ समाज मनोविज्ञान विश्लेषणका मूलभूत पक्षहरू १५

२.३.१ सामाजिक व्यवहार १५

२.३.२ सामाजीकरण १६

२.३.३ सामाजिक मनोवृत्ति १७

२.४ एकाङ्कीमा समाज मनोविज्ञान विश्लेषणका आधार १८

२.४.१ सामाजिक व्यवहार १९

२.४.२ सामाजीकरण १९

२.४.३ सामाजिक मनोवृत्ति २०

२.५ निष्कर्ष २१

## परिच्छेद : तीन

## विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञानको विश्लेषण

३.१ विषयपरिचय २३

३.२ विजय मल्लको एकाङ्कीयात्राको तेस्रो चरण २३

३.३ तेस्रो चरणका नाटक र एकाङ्कीहरू २६

३.४ 'पत्थरको कथा' एकाङ्कीमा सामाजिक व्यवहार २७

३.४.१ सुझाव २८

३.४.२ सहानुभूति २८

३.४.३ प्रेरणा २९

३.५ 'सत्ताको खोजमा'मा सामाजिक व्यवहार ३०

३.५.१ सुझाव ३१

३.५.२ सहानुभूति ३१

३.५.३ प्रेरणा ३३

३.६ 'नाम नभएको मानिस' एकाङ्कीमा सामाजिक व्यवहार ३३

३.६.१ सुझाव ३४

३.६.२ सहानुभूति ३५

३.६.३ प्रेरणा ३६

३.७ 'भोलि के हुन्छ ?' एकाङ्कीमा सामाजिक व्यवहार ३७

३.७.१ सुझाव ३८

३.७.२ सहानुभूति ४०

३.७.३ प्रेरणा ४१

३.८ निष्कर्ष ४२

## परिच्छेद : चार

## सामाजीकरण र सामाजिक मनोवृत्तिका आधारमा विजय मल्लका तेस्रो चरणका एकाङ्की


| | |
|---|---|
| ४.१ विषयपरिचय | ४४ |
| ४.२ 'पत्थरको कथा' एकाङ्कीमा सामाजीकरण | ४४ |
| ४.२.१ सामाजिक नियम | ४५ |
| ४.२.२ अहम्को विकास | ४६ |
| ४.२.३ पूर्वाग्रहको विकास | ४७ |
| ४.३ 'सत्ताको खोजमा' एकाङ्कीमा सामाजीकरण | ४८ |
| ४.३.१ 'सत्ताको खोजमा' एकाङ्कीमा रहेको सामाजिक नियम | ४८ |
| ४.३.२ अहम्को विकास | ५० |
| ४.३.३ पूर्वाग्रहको विकास | ५१ |
| ४.४ 'नाम नभएको मानिस' एकाङ्कीमा सामाजीकरण | ५२ |
| ४.४.१ सामाजिक नियम | ५३ |
| ४.४.२ अहम्को विकास | ५५ |
| ४.४.३ पूर्वाग्रहको विकास | ५६ |
| ४.५ 'भोलि के हुन्छ ?' एकाङ्कीमा सामाजीकरण | ५८ |
| ४.५.१ सामाजिक नियम | ५९ |
| ४.५.२ अहम्को विकास | ६० |
| ४.५.३ पूर्वाग्रहको विकास | ६० |
| ४.६ निष्कर्ष | ६२ |
| ४.७ 'पत्थरको कथा' एकाङ्कीमा सामाजिक मनोवृत्ति | ६३ |
| ४.७.१ मनोवृत्तिको निर्माण एवम् विकास | ६३ |
| ४.७.२ मनोवृत्तिको परिवर्तन | ६४ |
| ४.७.३ मनोवृत्तिको मूल्याङ्कन | ६५ |
| ४.८ 'सत्ताको खोजमा'मा एकङ्कीमा सामाजिक मनोवृत्ति | ६७ |
| ४.८.१ मनोवृत्तिको निर्माण एवम् विकास | ६७ |
| ४.८.२ मनोवृत्तिको परिवर्तन | ६९ |
| ४.८.३ मनोवृत्ति मूल्याङ्कन | ७० |

४.९ ‘नाम नभएको मानिस’ एकाङ्कीमा सामाजिक मनोवृत्ति ७१
४.९.१ मनोवृत्तिको निर्माण एवम् विकास ७१
४.९.२ मनोवृत्ति परिवर्तन ७३
४.९.३ मनोवृत्तिको मूल्याङ्कन ७४
४.१० भोलि के हुन्छ ? एकाङ्कीमा सामाजिक मनोवृत्ति ७५
४.८.१ मनोवृत्तिको निमार्ण एवम् विकास ७५
४.१०.२ मनोवृत्तिको परिवर्तन ७७
४.१०.३ मनोवृत्तिको मूल्याङ्कन ७८
४.११ निष्कर्ष ८०

**परिच्छेद पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ विषयपरिचय ८२
५.२ परिच्छेदगत सारांश ८२
५.३ निष्कर्ष ८५
**सन्दर्भसामग्री सूची** **८८**

# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषयपरिचय

बाबु ऋद्धिबहादुर मल्ल र आमा आनन्दकुमारी मल्लको कोखबाट वि.सं. १९८२ साल आषाढ शुक्ल पक्षको तृतीय तिथिमा काठमाडौंको ओमबाहालमा विजय मल्लको जन्म भएको थियो । विजय मल्लको बाल्यकाल मातापिताको रेखदेखमा नै राम्रोसँग बित्यो । आफ्ना बाबु ऋद्धिबहादुर मल्ल र दाजु गोविन्द बहादुर मल्ल 'गोठाले' को साहित्यिक वातावरण विजय मल्लले सुरू देखि नै पाएका हुन् । स्कुलकालीन छात्र जीवनदेखि नै नेपाली साहित्यप्रति रुचि राख्ने मल्लको औपचारिक शिक्षा त्रिचन्द्र क्याम्पसबाट प्रविणता प्रमाणपत्र तह सम्म रहेको छ । अनौपचारिक रूपमा गहन अध्ययन र तत्कालीन साहित्यका गोपालप्रसाद रिमाल, बालकृष्ण सम, भवानी भिक्षु र लक्ष्मीप्रसाद देवकोटा जस्ता विद्वान्हरूका सम्पर्कबाट आधुनिक नेपाली साहित्यका विविध विधामा कलम चलाई सफल साहित्यकार वन्न पूगेका छन् । केही समयसम्म नेपाली राजनीतिमा लागेका मल्ल पछी आएर राजनीति गतिविधिबाट पूर्ण सन्यास लिई साहित्य साधनलाई मात्र आफ्नो मूल लक्ष्य बनाएको देखिन्छ । नेपाली साहित्य संस्थानसँगै केही समय सम्म आबद्ध मल्लले २०२६ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सहसदस्यबाट २०४६ सालमा उपकुलपति भई सेवा गरेको देखिन्छ । उनको यिनै सेवाहरूको कदर गर्दै उनले गोरखा दक्षिणबाहु (चौथो र दोस्रो), साझा पुरस्कार (२०२७), ग्रकी बसुन्धरा पुरस्कार (२०४९), भुपालमान सिंह पुरस्कार (२०५३), बेदनिधी पुरस्कार (२०५६) बाट सम्मानित विजय मल्ल २०५६ साल साउन ८ गते ७४ वर्षको उमेरमा देह त्याग गरे ।

प्रस्तुत शोध कार्यको विषय विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञान हो । विजय मल्ल (वि.सं. १९८२-२०५६) नेपाली साहित्यको कथा, कविता, उपन्यास, र नाट्क, एकाङ्की आदि विधाको रचना गर्ने विशिष्ट प्रतिभा हुन् । वि.सं. २००१ देखि वि.सं. २०५६ सालमा गएर टुङ्गिएको पाइन्छ । यसरी मल्लको वि.सं. २००१ देखि २०५६ सालम्मको एकाङ्कीमा प्रकाशित नाट्य कृतिहरूका आधारमा (वि.सं. २०२६-२०४८) सम्मको समयावधिलाई एकाङ्कीका तेस्रो चरण मानी यस चरणमा भएका एकाङ्कीहरूमा समाज मनोविज्ञानको अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको उद्देश्य राखिएको छ । तेस्रो चरणमा पर्ने एकाङ्कीहरू पत्थरको कथा (२०२८), **सत्ताको खोजमा** (२०२६), **भोलि के हुन्छ ?** (२०२८), **नाम नभएको मानिस** (२०३३), **दोसाँध** (२०२७) र **भित्तेघडी** (२०४०) आदि हुन् । यस समयावधिमा मल्लका एकाङ्कीहरूमा प्रयोगशीलता, मनोवैज्ञानिकता, सामाजिकता स्वैरकाल्पनिक आदि प्रवृत्तिहरू पाइन्छन् ।

आधुनिक नेपाली साहित्यमा कविता, कथा, उपन्यास एकाङ्की, नाटक र पूर्णाङ्की नाटक क्षेत्रमा कलम चलाउने बहुमुखी प्रतिभाका व्यक्ति विजय मल्लले आफ्नो साहित्य यात्राको आरम्भ कविताबाट गरेको देखिन्छ । कविताबाट आफ्नो साहित्यिक यात्रा सुरू गरेपनि मुख्यतः नेपाली साहित्य जगतमा यी नाटककारका रूपमा सुपरिचित छन् । वि.सं. २००१ सालमा राधा मान्दिन एकाङ्की नाटकबाट मल्लले आफ्नो नाट्य लेखन कार्य सुरू गर्दछन् । मल्लले नेपाली नाट्य साहित्यमा बहुलाकाजीको सपना, कोहीं किन बर्बाद होस्, जिउँदो लास, भोली के हुन्छ ?, सृष्टि रोकिँदैन, राधा मान्दिन, कंकाल, पथ्थरको कथा, भकुन्डे 'नाम नभएको मानिस' आदि जस्ता नाट्य कतिहरू रचना गरेका छन् । नेपाली नाट्य परम्परामा नयाँ-नयाँ प्रयोग लिएर देखा पर्ने विजय मल्लको नाट्य रचना नेपाली साहित्यको महत्वपूर्ण उपलब्धि हो । रिमालले भित्राएको मनोवैज्ञानिकता यिनमा आइपुग्दा मनोविश्लेषणात्मक हुन्छ, रिमालमा आइपुग्दा आदर्शबादी नाट्य धाराले पूर्णतः यथार्थ रूप लिन्छ, सामान्य जनजीवनको भाषा शैली र संवाद पाउँछ । समस्यामूलक यथार्थ विषयवस्तु पाउँछ र गोठालामा आइपुग्दा सामाजिकता र मनोवैज्ञानिकताको सन्तुलन पाउँछ भने विजय मल्लामा आइपुग्दा असामान्य मनोविश्लेषणात्मकता प्रतीकात्मकता प्रयोगशीलता र सिङ्गो आधुनिक युगवोध उनका नाटकमा पाइन्छ । विजय मल्लका नाटकहरूमा मनोविश्लेषणात्मक समस्या प्रधान नौलो विषयवस्तुको समावेश प्रतिकात्मक रूप उनका नाटकमा समावेश गरिएका हुन्छन् । उनका नाटकहरूमा समाज मनोविज्ञान समस्याहरू प्रस्तुत गरिएका हुन्छन् । सोही समाज मनोविज्ञान सम्बन्धी अध्ययन गर्नु तथा विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको मुख्य विषयवस्तु रहेको छ ।

त्यसैगरी **सत्ताको खोजमा** (२०२६), **मृत्युको छायामुनि खोज** (२०२६), **पुराण हराएको सपना** (२०२६) **पत्थरको कथा** (२०२८), **श्री वडामहाराजधिराज पृथ्वीनारायण शाह** (२०३१), **अन्धाको पनि आँखा खुलेको हुन्छ** (२०३२), **नाम नभएको मानिस** (२०३३) र **भोलि के हुन्छ** (२०२८) एकाङ्कीहरूमा प्रतीकात्मक अभिव्यञ्जनाको तीव्रता, ऐतिहासिक तथा पौराणिक पृष्ठभूमिमा लुकेका पात्रहरूको मानसिक खोजी र विक्षिप्त मनस्थितिको यथार्थचित्रण पाइन्छ ।

विजय मल्लले आधुनिक नेपाली एकाङ्कीका परम्परामा क्रमश देखा परेका सामाजिक यर्थाथवादी धारा र मनोविश्लेषणात्मक धारामा उत्कृष्ट एकाङ्कीको  रचना गरेका छन् । त्यसका अतिरिक्त उनका एकाङ्कीमा समाज मनोविज्ञानको चित्रण पनि पाइन्छ । समाज मनोविज्ञान मनोविज्ञानको एउटा शाखा हो । यसमा व्यक्तिको व्यवहारको अध्ययन समाजिक परिप्रेक्ष्यमा गर्ने गरिन्छ । यसले व्यक्तिले समाजमा बसेर गर्ने विभिन्न सामजिक क्रियाकलाप तथा वैयक्तिक क्रियाकलापलाई सामाजिक कोणबाट हेरी व्यक्तिको मनोवैज्ञानिक अध्ययन गर्दछ । समाज मनोविज्ञान भित्र व्यक्तिको सामाजिक व्यवहार र सामाजीकरणको अध्ययन

गरी समाजिक मनोवृत्तिको अध्ययन गरिन्छ । व्यक्तिले समाजमा सामाजिक व्यवहार कसरी सिक्दछ, यसको मूख्य आधार के हो भन्ने कुराको अध्ययन सामाजिक व्यवहारमा गरिन्छ भने व्यक्ति समाजको सदस्य कसरी बन्छ, ऊ समाजको सदस्य बन्दा उसलाई समाजको सामाजिक नियमले पारेको प्रभाव र उसमा विकास भएको अहम् तथा पूर्वाग्रहको अध्ययन सामाजीकरणमा गरिन्छ । यसरी व्यक्तिले गरेको सामाजिक व्यवहार र सामाजीकरणबाट विकास भएका विभिन्न पक्षको अध्ययनबाट सामाजिक मनोवृत्तिको अध्ययन विश्लेषण गर्नु समाज मनोविज्ञानको मुख्य उद्देश्य हो । त्यसैले यस शोधमा विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञानको अध्ययनका लागि सामाजिक व्यवहार, सामाजीकरण र सामाजिक मनोवृत्ति जस्ता तिनओटा मुख्य पक्ष निर्धारण गरिएको छ । सामाजिक व्यवहार अन्तर्गत सुझाव, सहानुभूति र प्रेरणा, सामाजीकरणभित्र सामाजिक नियम, अहम्को विकास र पूर्वाग्रहको विकास गरी तिनओटा पक्षको अध्ययन गरिएको छ । त्यस्तै सामाजिक मनोवृत्ति अन्तर्गत मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्तिको परिवर्तन र मूल्याङ्कन जस्ता तिनओटा पक्षको अध्ययन विश्लेषण गरिएको छ । यी सबै आधारमा विजय मल्लका तेस्रो चरणका एकाङ्कीको विश्लेषण गर्नु नै प्रस्तुत शोधको मुख्य अध्ययन क्षेत्र हो ।

## १.२ समस्याकथन

विजय मल्लका एकाङ्कीमा समाज मनोविज्ञान पाउन सकिन्छ । समाज मनोविज्ञान पात्रहरूको सामाजिक व्यवहार, सामाजीकरण र सामाजिक मनोवृत्तिले देखाउँछ । समाज मनोविज्ञानसँग सम्बन्धित उपयुक्त सन्दर्भको अभिव्यक्ति मल्लका एकाङ्कीमा के कसरी भएको छ भन्ने प्रमुख समस्याअन्तर्गत निम्नलिखित रहेका छन् :

(क) समाज मनोविज्ञानको सैद्धान्तिक अवधारणा के कस्तो रहेको छ ?

(ख) विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा के कस्तो सामाजिक व्यवहारको चित्रण गरिएको छ ?

(ग) सामाजीकरण र सामाजिक मनोवृत्तिले तेस्रो चरणका एकाङ्कीका पात्रमा के कस्तो प्रभाव पारेको छ ?

## १.३ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञानको व्याख्या विश्लेषण गर्नु नै प्रस्तावित शोधकार्यको मूल उद्देश्य हो । यस उद्देश्यलाई निम्न लिखित बुँदामा बुँदाबद्ध गरिएको छ :-

(क) समाज मनोविज्ञानको सैद्धान्तिक अवधारणा स्पष्ट पार्ने,

(ख) विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा पात्रहरूले गरेको सामाजिक व्यवहारलाई पहिल्याउनु,

(ग) विजय मल्लका तेस्रो चरणका एकाङ्कीका पात्रहरूमा सामाजीकरणको प्रभाव र सामाजिक मनोवृत्ति पहिल्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य मूख्यत : विजय मल्लको तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञानसम्बन्धी अध्ययनमा केन्द्रित रहने हुनाले यस भन्दा अगाडि के कति समीक्षात्मक कार्यहरू भएका छन्, त्यसवारे जानकारी राख्नु आवश्यक हुन्छ । यहाँ विजय मल्लका एकाङ्कीमा प्रस्तुत समाज मनोविज्ञानबारे भएका केही पूर्वकार्यहरूको समीक्षात्मक विवरणहरू प्रस्तुत गरिएको छ ।

साझा प्रकाशन (२०२८) को 'पत्थरको कथा' एकाङ्कीको प्रकाशकीय लेखमा विजय मल्लज्यू नेपाली साहित्यको पाठकका लागि अपरिचित हुनु हुन्न उहाँको आफ्नै मौलिक शैलीमा एकाङ्कीहरूको यो सङ्कलन 'पत्थरको कथा' पुस्तकाकारमाउनी समक्ष ल्याउन पाएकोमा हामी गौरव बोध गर्दछौ भनी उल्लेख गरिएको छ । साझा प्रकाशनको प्रकाशकीय लेखमा पनि अध्ययनको निम्ति सामान्य आधार हुन सक्दछ ।

विजय मल्ल (२०२८) ले 'पत्थरको कथा' एकाङ्कीको भूमिका लेखनमा छोटो एकाङ्की नाटक लेख्ने परम्परा अरू देशहरूमा जसरी सुरू भएको भए तापनि हाम्रो देशमा चाहिँ कलेजहरू तथा विश्वविद्यालयले वार्षिकोत्सव मनाउँदादेखि सांस्कृतिक कार्यक्रम देखाउने सिलसिलामा, छोटो नाटकलाई समेत समावेश गर्ने अभिरुचि देखाएकाले यसको परम्परा बस्न गयो र मैले पनि यस्ता छोटो एकाङ्की लेख्ने कलालाई अपनाएका छन् । यिनीहरूमा मेरो धेरै वर्षको अनुभव र अनुभूतिहरू छरिएका छन् र कहाँ सम्म म सफल भएको छु, यो त पाठक तथा दर्शकहरूका विवेक र अभिरुचिमा निर्भर छ भनी चर्चा गरेका छन् । उक्त टिप्पणी यस शोध अध्ययनको निर्भर छ भन्ने पनि चर्चा गरेका छन् । उक्त टिप्पणी यस शोध अध्ययनको निम्ति सामान्य जानकारी मिल्ने देखिन्छ ।

गोविन्द नेपाल (२०३७) ले 'विजय मल्लको नाट्यकारिताको विश्लेषण र मूल्याङ्कन' शीर्षकको अप्रकाशित स्नातकोत्तर नेपाली केन्द्रीय विभाग शोधपत्रमा मल्लका समूच्य नाट्यकारिताको विश्लेषण गर्नुका साथै चार ओटा पूर्णाङ्की नाटकहरू बहुला काजीको सपना, 'कोही किन बर्बाद होस', 'जिउँदो लास र भोलि के हुन्छ ?' को समान्य चर्चा गरिएको छ । नेपालले मल्लका नाटकको विशेषता भनेको प्रयोगशीलता हो जुन बहुला काजीको सपना देखि नै सुरु भएर बाल मनोविश्लेषणात्मक, असामान्य मनोविश्लेषणात्मक र स्वप्न मनोविश्लेषणात्मक आदि हुँदै 'भोलि के हुन्छ ?' सम्म पुग्दा परामनोविज्ञान सम्म

उक्लिएको पाइन्छ भन्दै 'भोलि के हुन्छ ?' नाटक प्रयोगशील हुनुका साथै यसको भावभूमि अस्तित्वसँग सम्बन्धित छ भनेका छन् । 'भोलि के हुन्छ ?' एकाङ्कीमा समाज मनोविज्ञानको अध्ययनको लागि यो कार्यको अध्ययन उपयोगी हुन आउँछ ।

गोविन्द नेपाल (२०४०) ले **प्रज्ञा** पत्रिकामा प्रकाशित 'भोलि के हुन्छ ? नाटक : नेपालीमा नौलो प्रयोग' शीर्षकको लेखमा उक्त नाटकमा देखिएका प्रतीकात्मकता, अस्तित्ववादि चिन्तन, स्वप्नमनोविज्ञानको प्रयोगलाई राम्ररी केलाएका छन् । यसै क्रममा शीर्षक, कथावस्तु, परिवेशमा गरेका नयाँ प्रयोगको पनि चर्चा गरेका छन् तर नाटकमा समाज मनोविज्ञान सम्बन्धी अध्ययन विश्लेषण भने गरेको पाइदैन ।

चैतन्यप्रकाश प्रधान (२०४६) ले 'एकाङ्कार विजय मल्ल' नामक शोधपत्रमा विजय मल्लको एकाङ्कीकार व्यक्तित्व र केही एकाङ्की नाटकको विश्लेषण गरिएको छ । तर एकाङ्की नाटकमा समाज मनोविज्ञानको खोजी गरिएको छैन ।

पूर्णप्रसाद अधिकारी (२०५२) ले **समकालीन साहित्य** पत्रिकामा प्रकाशित 'विजय मल्लका नाट्य प्रवृत्ति र बहुलाकाजीको सपना' शीर्षकको लेखमा विजय मल्ल समाज मनोविज्ञानमा आधारित समस्या मूलक नाटक लेख्ने नाटककारका रूपमा परिचित छन् । विषयवस्तु अनुरूप जटिलगत मनोग्रन्थीको विश्लेषण गर्नु, मनोवैज्ञानिक समस्यालाई विश्लेषण गर्ने युगीन चेतना र उच्च बौद्धिकतालाई प्राथमिकता दिने विशिष्ट नाट्य शिल्प भएका व्यक्ति हुन । उनको नाट्यकारिताको मुख्य मान्यता भन्नु नै असाधारण परिस्थिति र असामान्य मनस्थितिको कलात्मक सन्तुलन हो भन्ने अभिव्यक्ति प्रकट गरेका छन् ।

केशवप्रशाद उपाध्याय (२०५४) ले **गरिमा** पत्रिकामा प्रकाशित एकाङ्कीकार विजय मल्ल शीर्षकको लेखमा विजय मल्लले गोपालप्रसाद रिमाल र गोविन्दबहादुर गोठालेले झैं यथार्थवाद, प्रकृतवादमा आधारित समस्यामूलक मनोविश्लेषणात्मक प्रकृतिको परम्पराधर्मी नाट्य लेखनका साथै आफ्नो एकाङ्की थालेका हुन् । मल्लमा आरम्भदेखि नै असामान्य मनोविज्ञानप्रति अभिरुचि रहिआएको छ भन्दै सम्पूर्ण लेख मल्लको एकाङ्कीकार व्यक्तित्व र एकाङ्कीको अध्ययनमा केन्द्रित रहेको छ ।

शेष पौडेल (२०५९) ले 'नाट्य सिद्धान्त र आधुनिक नेपाली नाटक' शीर्षकको पुस्तकमा विजय मल्ललाई समाज जे जस्ता रूपमा छ, त्यही रूपमा नाटक सिर्जना गर्नु अर्थात् जीवन र जगतलाई प्रत्यक्ष रूपमा साहित्यमा भित्र्याउने सामाजिक नाटककारका रूपमा लिएका छन् ।

चैतन्य प्रकाश प्रधानको समालोचनात्मक पुस्तक 'विजय मल्लको नाट्यकारीतामा भूतप्रेतको प्रयोग' (२०६२) मा मल्लका नाटकहरूमा सामाजिक मनोवैज्ञानिक समस्याहरू

प्रस्तुत गरिएको हुन्छन् भनिएको छ तर समग्र पुस्तक नाटकमा भूतप्रेतको प्रयोगलाई लिएर समालोचना गरिएको छ ।

नित्यनन्द खतिवडा (२०६४) ले 'विजय मल्लका प्रयोगशील नाट्यकृतिको विश्लेषण' भन्ने शोधपत्रमा विजय मल्ललाई एक प्रयोशील नाटककारका रूपमा चर्चा गरी उनका प्रयोगशील नाटकको व्याख्या विश्लेषण गरिएको छ । उनको नाटकमा भएको समाज मनोविज्ञानको चर्चा भने गरिएको छैन ।

कृष्णहरि बराल (२०६८) ले **तन्नेरी** पत्रिकामा प्रकाशित 'कोही किन बरबाद होस : समस्याको समाधान' शीर्षकको समीक्षात्मक लेखमा कोही किन बरबाद होस नाटकमा असामान्य मनोविज्ञान तथा समाज मनोविज्ञानको प्रयोग गरिएको छ भन्दै उक्त नाटक सिग्मण्ड फ्रायडको मनोलैङ्गिक सिद्धान्तमा आधारित रहेको सङ्केत गरेका छन् ।

मेनुका पोखरेल (२०६९) ले 'स्मृतिको पर्खालभित्र एकाङ्कीको कृतिगत अध्ययन' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा एकाङ्कीलाई सामाजिक यथार्थवादी, मनोविश्लेषणात्मक, ऐतिहासिकता, विसङ्गतिवादी, अस्तित्ववादीका आधारमा विश्लेषण गरिएको छ । एकाङ्कीमा काठमाडौंको परिवेश रहेको र सामाजिक समस्यामूलक कथावस्तुलाई मनोवैज्ञानिक रूपमा प्रस्तुत गरिएको र पात्रहरू सामाजिक धरातलमा रहेका छन् भएको छ । स्मृतिको पर्खालभित्र एकाङ्कीलाई सामाजिक यथार्थवादी र मनोविश्लेषणात्मक पक्षबाट पात्रहरूको अध्ययनले यस शोधकार्यको अध्ययनका लागि सहयोग गरेको छ ।

राधिका सापकोटा (२०६९) ले 'पत्थरको कथा एकाङ्की सङ्ग्रहका नाट्यकृतिको कृतिगत विश्लेषण' अप्रकाशित स्नातकोत्तर शोधपत्रमा पत्थरको कथा एकाङ्की सङ्ग्रहको विधातात्विक आधारमा विश्लेषण गर्दा भोलि के हुन्छ ? नाटकको पनि विधातात्विक आधारमा विश्लेषण गरिएको छ । मानवीय मस्तिष्क र आन्तरिक कल्पनालाई प्रतीकात्मक माध्यमबाट मूर्त रूप दिएको प्रस्तुत नाटकमा सामाजिक मनोवैज्ञानिक यथार्थलाई अतियथार्थ सम्म पुऱ्याउने चेष्टा गरिएको छ भनेर भनिएको छ । नाटकलाई प्रवृत्तिगत आधारमा र विधातात्विक आधारमा गरिएको विश्लेषण यस शोधकार्यको लागि उपयोगि देखिन्छ ।

विमला श्रेष्ठ (२०७०) ले 'विजय मल्लका पूर्वार्द्ध चरणका एकाङ्कीमा असामान्य मनोविज्ञान' अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा कोही किन बरबाद होस, जिउँदो लास, बहुला कजीको सपना एकाङ्कीलाई पारिवारिक, आर्थिक, सामाजिक कुरीति, कुपरम्परा, हैकमवादी सोचाइ, वर्गीय विभेद, दोषपूर्ण पैतृक जस्ता कारकहरूले पात्रमा असामान्य

व्यवहार प्रस्तुत गराएका छन् । सम्पूर्ण शोध एकाङ्कीमा रहेका पात्रमा असामान्य मनोविज्ञानको खोजी र विश्लेषणमा केन्द्रित रहेको छ ।

विनोद अधिकारी (२०७१) ले 'विजय मल्लका तेस्रो चरणका नाटकमा समाज मनोविज्ञान' शीर्षकको अप्रकाशित स्नातकोत्तर तह शोधपत्रमा 'भोली के हुन्छ' एकाङ्कीका सन्दर्भमा मल्लको दोस्रो चरणको मुख्य प्रवृत्ति भनेको प्रयोगशीलता हो । उनको यस चरणका नाटकहरू सामाजिक यथार्थता, प्रतीकात्मक, स्वैर कल्पनात्मक तथा समस्या मूलक परिधिमा रचिएका छन् । उनको यस भनाई प्रस्तुत अध्ययनको निम्ति एउटा गहकिलो आधार सामग्री बन्न सक्दछ ।

उपयुर्क्त अध्ययनहरू विजय मल्लका एकाङ्कीमा निहित समाज मनोविज्ञानसँग प्रत्यक्ष रूपमा सम्बन्धित रही गरिएका अध्ययन होइनन् । ती टिप्पणीहरू नेपाली एकाङ्की र विजय मल्लका नाट्य कृतिहरूका विविध विषयको विश्लेषण गर्ने क्रममा सान्दर्भिक रूपमा व्यक्त भएका टिप्पणीहरू हुन् । यसले विजय मल्लका एकाङ्कीमा समाज मनोविज्ञानको प्रयोग भएको सङ्केत भने अवश्य दिएको छ । तसर्थ मल्लका एकाङ्कीमा निहित समाज मनोविज्ञानको वैज्ञानिक ढङ्गबाट अध्ययन विश्लेषण गर्ने कार्य प्रस्तावित शोध कार्यमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

विजय मल्ल नेपाली साहित्यका एक प्रभावशाली नाटककारका रूपमा रहेका छन् । यिनका नाट्यकारीता, एकाङ्कीकार व्यक्तित्व, उपन्यासकारीता र प्रयोगशील नाट्यकारीतामा शोधकार्य भएपनि हाल सम्म समाज मनोविज्ञानको सन्दर्भमा भने अध्ययन नभएको हुनाले सोही अभावलाई पूर्ति गर्न प्रस्तुत शोधकार्य एक महत्वपूर्ण उपलब्धी हुनेछ । विजय मल्लका एकाङ्कीमा विभिन्न सामाजिक परिवेश र पात्रमा मनोवैज्ञानिक असर रहेका छन् । मल्लका तेस्रो चरणका एकाङ्कीमा देखा पर्ने सामाजिक परिवेश मानसिक अवस्थाको विश्लेषण नगरी समाज मनोविज्ञान बारे जान्न नसकिने हुनाले सोही उद्देश्य प्राप्तिको लागि प्रस्तुत शोधपत्र लेख्नु नै यसको औचित्य स्पष्ट हुन जानेछ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा केन्द्रित भई उनका ती एकाङ्कीहरूमा समाज मनोविज्ञानको खोजी गरिएको छ ।

## १.८ शोधविधि

शोध विधिअन्तर्गत सामग्री सङ्कलन विधि र अध्ययनको सैद्धान्तिक आधार वा ढाँचा पर्दछन् ।

### १.८.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि तीन प्रकृतिक सामग्रीहरूको आवश्यकता पर्ने देखिन्छ । पहिलो प्रकाका सामग्रीहरू विजय मल्लको दास्रो चरण तथा समग्र नाट्य कारितासँग सम्बद्ध पूर्वकार्यहरूको दोस्रो सामग्री हुन् र समाज मनोविज्ञानको सैद्धान्तिक आधार तयार गर्नका लागि प्रयोग गरिएको सामाग्रहिरू प्रस्तुत शोधको तेस्रो प्रकारका सामग्री हुन् ।

### १.८.२ विश्लेषण सैद्धान्तिक आधार

समाज मनोविज्ञानको सैद्धान्तिक आधारमा विजय मल्लका तेस्रो चरणका एकाङ्कीको विश्लेषण गरिएको छ । यसका लागि जगदानन्द पाण्डेय (१९६३) सामाजिक मनोविज्ञान, आर.बी. त्रिपाठी र आर.एन. सिंह (१९८०) उच्च सामाजिक मनोविज्ञान र बी.कुप्पु स्वामी (१९८३) समाज विज्ञान एक परिचय आदिले प्रस्तुत गरेका समाज मनोविज्ञान सम्बद्ध सैद्धान्तिक आधारलाई प्रस्तुत शोधको ढाँचा निर्माण गरिएको छ जुन यसप्रकार छन् :

(क) को समाधान निम्न ढाँचाका आाधारमा गरिएको छ :

(अ) सुझाव

(आ) सहानुभूति

(इ) प्रेरणा

(ख) को समाधान निम्न ढाँचाका आधारमा गरिएको छ ।

(अ) सामाजिक नियम

(आ) अहम्को विकास

(इ) पूर्वाग्रहको विकास

(ई) मनोवृत्तिको निर्माण एवम् विकास

(उ) मनोवृत्तिको परिवर्तन

(ऊ) मनोवृत्तिको मूल्याङ्कन

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसङ्गठित र सुव्यवस्थित रूप दिनका लागि चौथो परिच्छेद भित्रका मूल शीर्षकहरूमा विभाजन गरी आवश्यकता अनुसार उपशीर्षक समेत राखेर शोधपत्र तयार पारिएको छ । यस शोधपत्रको परिच्छेद विभाजनका मूल शीर्षक निम्न अनुसार रहेको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : समाज मनोविज्ञानको सैद्धान्तिक आधार

परिच्छेद तीन : विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञानको विश्लेषण

परिच्छेद चार : सामाजिक मनोवृत्ति र सामाजीकरण आधारमा विजय मल्लका तेस्रो चरणका एकाङ्की

परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# परिच्छेद दुई

# समाज मनोविज्ञानको सैद्धान्तिक आधार

## २.१ विषयपरिचय

समाज मनोविज्ञान मनोविज्ञानको त्यो शाखा हो; जसले सामाजिक अन्तर्क्रियाहरूका साथै तिनीहरूको उत्पत्ति र व्यक्तिमा तिनीहरूको प्रभावको अध्ययन गर्दछ । यसले को प्रत्यक्ष, अप्रत्यक्ष र काल्पनिक उपस्थितिले मानिसको विचार, संवेदना र स्वभावमा कसरी असर गर्दछ भन्ने कुराको वैज्ञानिक अध्ययन गर्छ । यसले विशेष रूपमा व्यक्ति र व्यक्ति बीचको सम्बन्ध, व्यक्ति र समुदाय बीचको सम्बन्ध र एक समुदाय र अर्को समुदाय बीचको सम्बन्ध आदि कुराहरूको अध्ययन गर्दछ । समाज मनोविज्ञानको सैद्धान्तिक स्वरूप तयार पार्ने सन्दर्भमा सर्वप्रथम साहित्य समाज र मनोविज्ञानको छुट्टाछुट्टै चिनारी दिँदै यिनको बीचको अन्तर्सम्बन्धलाई देखाइएको छ । तत्पश्चात समाजमनोविज्ञानका विश्लेषणका मूलभूत पक्ष, सामाजिक व्यवहार सामाजीकरण, सामाजिक मनोवृत्ति आदिको सामान्य चर्चा गर्दै सामाजिक व्यवहारभित्र सुझाव, सहानुभूति र प्रेरणाको चर्चा गरिएको छ, त्यसैगरी सामाजीकरणभित्र सामाजिक नियम, अहम्को विकास, पूर्वाग्रहरूको विकास, सामाजिक मनोवृत्ति, मनोवृत्तिको निर्माण एवम् परिवर्तन र मूल्याङ्कनलाई आधार बनाई यस परिच्छेदमा समाज मनोविज्ञानको सैद्धान्तिक स्वरूप तयार पारिएको छ ।

## २.२ साहित्य, समाज र मनोविज्ञानको चिनारी तथा अन्तर्सम्बन्ध

साहित्य त्यस्तो कला हो जुन भाषाका माध्यमबाट व्यक्त हुन्छ । मानवीय भावकूपमा रहेका अमूर्त कल्पना र वस्तुगत चिन्तनका रूपहरू भाषामा कविता, आख्यान, एकाङ्की वा निबन्ध भएर प्रकट हुनु साहित्य सृर्जना हो (सुवेदी, २०६८ : १८) । भाषिक कला स्वरूप साहित्यमा प्रयोग हुने भाषाको स्वरूप मौखिक वा लिखित दुवै प्रकारको हुन्छ । लोक साहित्य मौखिक भाषाका माध्यमबाट व्यक्त हुन्छ भने लेख्य र पाठ्य भाषाका माध्यमबाट व्यक्तिले लिखित भाषिक कला स्वरूप शिष्ट वा लिखित साहित्यको रचना गर्दछ । हार्दिक, भावात्मक, रगात्मक आनन्द प्रदान गर्ने खालका स्थायी महत्त्वका विशिष्ट शैलीका अभिव्यक्तिका रूपमा जुन भाषाको प्रयोग हुन्छ त्यही नै मौखिक वा लिखित साहित्य हो (अवस्थी, २०६४ : २) । यसरी साहित्यमा कलाकारले भाषाका माध्यमबाट जीवनका अभिव्यक्तिलाई कलात्मक तरिकाले कविता, आख्यान, एकाङ्कीमा प्रस्तुत गर्नु साहित्य हो ।

मानिस सामाजिक प्राणी हो । ऊ जन्मदेखि मृत्युसम्म समाजमा नै रहन्छ । समाज मानिसहरूको सामाजिक सम्बन्धहरूको जालो हो । समाजमा सङ्गठित परिवार, कार्य एवम् अन्य प्रकारका साना-साना समूह पाउन सकिन्छ जसको स्वयम् आफ्नो आन्तरिक संरचना

हुन्छ । समाजका विभिन्न संरचनाहरू पारिवारिक आर्थिक, राजनैतिक, सांस्कृतिक, तथा भौतिक विषयहरू परस्पर सम्बन्धित रहेका हुन्छन् । यिनै संरचनाहरूको अन्तर्सम्बन्धबाट समाज निर्मित हुन्छ जसमा व्यक्तिले समाजलाई प्रभावित गर्दछ र समाजबाट ऊ पनि निरन्तर प्रभावित भई नै रहन्छ । त्यसैले एउटा निश्चित क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिहरूको एउटै साझा मूल्य मान्यता रहन्छ र समाजमा व्यक्तिहरू एउटै रहनसहन व्यवस्था, धर्म आदि अँगाली एउटै स्थानमा बसोबास गर्ने गर्दछन् ।

मनोविज्ञान व्यवहारको विज्ञान हो । मानिसहरूको व्यवहार अनुभव र चेतन तथा अचेतन मनका क्रियाकलापको अध्ययन गर्नुलाई मनोविज्ञान भनिन्छ । मानिसले समाजमा रहँदा आफ्ना आवश्यकताहरू पूरा गर्न भौतिक, सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक आदि थुप्रै क्रियाकलापहरू गर्दछ । समाजमा समायोजित हुन समाजमा मिलेर बस्न व्यक्तिले आफ्नो जीवनकाल भरी थुप्रै-थुप्रै क्रियाकलापहरू गरिरहनु पर्दछ । यस्ता क्रियाकलापबाट मानिसमा विभिन्न अनुभहरू र व्यवहारहरू निर्माण हुने गर्दछन् । मानिसमा उत्पन्न हुने यस्ता विभिन्न अनुभवहरू तथा व्यवहारहरूको अध्ययन गर्ने विद्यालाई मनोविज्ञान भनिन्छ । अतः मनोविज्ञान ले मानिसको व्यवहार, अनुभव, क्रियाकलाप, सुख दुःख, कल्पना, तर्क, वुद्धि लगाएतका जीवनभरी भइरहने सम्पूर्ण कार्यहरूको अध्ययन गदर्छ ।

साहित्य, समाज र मनोविज्ञानको चिनारीबाट साहित्य र समाज, साहित्य र मनोविज्ञान, समाज र मनोविज्ञान तथा साहित्य, समाज र मनोविज्ञान बिच अन्तर्सम्बन्ध छ भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैले अबका उपशीर्षकमा यिनका बिचको अन्तर्सम्बन्धलाई देखाइएको छ ।

साहित्य र समाज, साहित्य र मनोविज्ञान, समाज र मनोविज्ञान बिचको अन्तर्सम्बन्धबाट साहित्य, समाज र मनोविज्ञान बिचको सम्बन्धलाई हेर्न सकिन्छ । साहित्य समाज सँग जोडिएको हुन्छ र साहित्यमा समाज प्रतिबिम्बित हुन्छ । त्यसैले साहित्यका माध्यमबाट समाज पढ्न र बुझ्न सकिन्छ । यसबाट साहित्य र समाजको सम्बन्ध देख्न सकिन्छ भने साहित्यमा चित्रित विभिन्न चरित्र वा पात्रको निर्माण कुनै न कुनै समाजका र कुनै मनोविज्ञानमा आधारित हुन्छन् । यसले साहित्य र मनोविज्ञानको सम्बन्धलाई देखाउँछ । समाजमा व्यक्तिले गर्ने विभिन्न क्रियाकलापहरू समाजका मूल्य मान्यता, रूढि, परम्परा, संस्कृति, वर्ग, सङ्गठन आदिले उसको मनोरचनामा सामाजिक प्रभाव पारेको हुन्छ । यसबाट समाज र मनोविज्ञानको बिचको सम्बन्ध देखिन्छ । अतः साहित्यबाट समाज र समाजका माध्यमबाट व्यक्तिले समाजमा बसेर गर्ने आचरण वा चरित्रले मनोविज्ञानलाई देखाउँछ । त्यसैले साहित्य, समाज र मनोविज्ञान बिच पारस्परिक अन्तर्सम्बन्ध रहेको देख्न सकिन्छ ।

मानवीय अनुभव र अनुभूतिको भावनात्मक एवम् भावात्मक अभिव्यक्ति साहित्य हो । यसमा सामाजिक, मानसिक र वैयक्तिक संरचनाको अन्तरसंरचना र अन्तर्सम्बन्ध संश्लिष्ट भएर रहेका हुन्छन् । साहित्यकारको साहित्यिक रचनाको प्रमुख आधार ऊ बस्ने समाज हो र त्यही समाजका घात-प्रतिघात, छाँया-प्रतिछाँया, सुख-दुःख, भूत-अभूत, कर्म-अकर्म, प्राप्ति-अप्राप्ति आदि यावत् पक्षहरूको प्रतिबिम्बन साहित्यकारले आफ्नो रचनामा गरेको हुन्छ । समाजमा बसेर मानिसले गर्ने यी विविध पक्षहरू मनोविज्ञानबाट सञ्चालित हुन्छन् । यसर्थ साहित्य, समाज र मनोविज्ञान बिचको अन्तर्सम्बन्ध छ ।

### २.२.१ साहित्य र समाज

साहित्य समाजबाट नै जन्मने रूप हो । साहित्य र समाज बिच गहिरो सम्बन्ध हुन्छ । समाजबाट नै भोगेका दुःख सुखको घटनाहरू साहित्य मार्फत झल्कने गर्दछन् । समाज र साहित्यको सम्बन्धमा इपिली तेनले समाजलाई साहित्य सिर्जना गर्ने शक्ति र साहित्यलाई समाजको दर्पणका रूपमा हेरेका छन् । दर्पण जसरी वस्तुयथार्थको प्रतिबिम्बन गर्दछ त्यसरी नै साहित्यले समाजको मानव जीवन र वातावरणको प्रतिबिम्बन गर्दछ भनी साहित्यलाई समाजका बारेमा थाहा पाउने मूल स्रोत मानेका छन् (क्षेत्री, २०६४ : १७) । त्यसैले समाजबाट साहित्यको जन्म भएको हुन्छ भने साहित्यमा पनि समाजलाई देख्न सकिन्छ ।

साहित्य र समाजको घनिष्ट सम्बन्ध रहेको छ । साहित्यको माध्यम भाषा हो । "भाषा सामाजिक वस्तु भएकोले छन्द, प्रतीक र बिम्ब जस्ता रूपात्मक प्रविधि सामाजिक सम्पर्कमै प्रस्फुटित भएकाले; साहित्य एक वा अर्को प्रकारले जीवनकै अभिव्यक्ति हुनाले व्यक्ति-चैतन्यको अभिव्यक्ति साहित्यमा भएता पनि लेखक-व्यक्ति समाजकै उपज हुनाले वारेन र बेलेकसमाज सँग साहित्यको अति घनिष्ट सम्बन्ध देख्दछन्" (त्रिपाठी, २०६५ : ४४७) । समाज र साहित्यको सम्बन्धलाई लेखकको सामाजिकता, कृतिभित्रको सामाजिक विषयवस्तु र समाजमा साहित्यको प्रभावको अध्ययनबाट अझ स्पष्ट हुन सकिन्छ । लेखकको सामाजिकता भन्नु मूलतः उसको देशकालको परिप्रेक्ष्य हो । कृतिभित्रको सामाजिक विषयवस्तुलाई लेखकको सामाजिकताले नियन्त्रण र निर्धारण गर्नका साथै नगर्न पनि सक्छ । जन्म, पारिवारिकता र आर्थिक स्थितिका आधारमा लेखक जुन वर्गको हुन्छ उसको समाजिक विचार त्यसै वर्गको नभएको देखिए तापनि उसको रचनामा समाजको कुनै पक्षलाई देख्न सकिन्छ । त्यस्तै लेखक समाजद्वारा मात्र प्रभावित हुने होइन समाज पनि लेखकद्वारा प्रभावित हुन्छ अनि कलाकृतिले जीवनको पुनरूत्पादन मात्र गर्दैन र जीवनलाई बनाउँछ पनि भनेर वारेन र बेलेकले साहित्य र समाजको सम्बन्धलाई अझ स्पष्ट रूपमा देखाएका छन् (त्रिपाठी, २०६५ : ४४७) । यसरी साहित्य र समाजका बिचको सम्बन्धमा लेखकको

सामाजिकता, कृतिभित्रको सामाजिक विषयवस्तु र समाजमा साहित्यको प्रभावले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

साहित्य देश, काल र समाजसँग सम्बन्धित हुन्छ । साहित्य, समाज, देश र कालसँग सम्बन्धित सांस्कृतिक पर्यावरणको प्रतिच्छायात्मक पुनर्निर्माण हो । यस तात्पर्यमा साहित्यमा समाज प्रतिबिम्बित हुन्छ तथा साहित्यका माध्यमबाट समाज पढ्न र बुझ्न सकिन्छ । रेमन्ड विलियम्सले समाजका व्यक्तिहरूमा रहेका समाज भोगाइका यथार्थ अनुभवलाई साहित्यकारले आफ्ना कृतिमा समाजको प्रतिबिम्ब कलात्मक रूपमा व्यक्त भएको हुन्छ भनेका छन् (क्षेत्री, २०६४ : १९) । यसबाट साहित्य र समाजको सम्बन्ध एकअर्कासँग घनिष्ट रहेको देखिन्छ ।

## २.२.२ साहित्य र मनोविज्ञान

साहित्य र मनोविज्ञान बिचमा पारस्पारिक अन्तःसम्बन्ध रहेको छ । साहित्यको सम्बन्ध मानव मनसँग रहेको हुँदा साहित्य र मानव मनका बिच घनिष्ट सम्बन्ध रहेको छ । साहित्यमा चित्रित विभिन्न चरित्र वा पात्रको निर्माण कुनै न कुनै मनोविज्ञानमा आधारित भएर गरिएको हुन्छ । साहित्यमा मनोविज्ञानका आन्तरिक मनस्थितिहरूको अभिव्यक्ति हुन्छ । खासगरी साहित्यकारका मनमा उत्पन्न हुने भावावेगहरूले साहित्य या कलाको रूप लिन्छ । यसबाट उसका मनभित्रका उद्वेलन शान्त हुन्छन् र मानसिक सन्तापहरूबाट मुक्ति मिल्दछ । यस स्थितिबाट सात्यिकारको मन स्वस्थ्य हुन्छ र उसमा जिजिविषाको उदय हुन थाल्दछ । वास्तवमा अचेतन मनको कलागत अभिव्यक्ति नै साहित्य र मनोविज्ञानको सम्बन्ध सूत्र हो (भण्डारी, २०५१ : ८९) । साहित्य साहित्यकारका मनबाट उत्पन्न हुने हुनाले साहित्य र मनोविज्ञानका बिचमा सम्बन्ध देखिन्छ ।

मनोविज्ञानका त्रिमूर्ति फ्रायड, एडलर, र युङ्गले व्यक्ति मनको अध्ययनको सन्दर्भमा केवल मनोवैज्ञानिक कार्य पद्धति मात्र उल्लेख नगरी साहित्य सिर्जना सम्बन्धी मनोवैज्ञानिक विचारहरू पनि प्रतिपादन गरेका छन् । कला-साहित्य सिर्जनाको पृष्ठभूमि र त्यसभित्र निहित प्रमुख कारण खोज गर्ने सन्दर्भमा यी मनोवैज्ञानिकहरूले सर्जकका सूक्ष्म मानसिक स्थितिको विश्लेषण गरेका छन् । “फ्रायड चेतन, अवचेतन र अचेतन मन मध्ये दमित अचेतन मनलाई कला-साहित्यको मूलस्रोत मान्दछन्” (त्रिपाठी, २०६५ : १७६) । उनले साहित्यकारलाई दिवा स्वप्न द्रष्टा तथा मनोरोगी मान्दछन्; दिवा स्वप्नका रूपमा झल्कने दमित तथा निषिद्ध अनुभूतिलाई उदात्तीकरण र साधरणीकरण साथै अचेतनका दमित-कुण्ठित अनुभूतिको स्वप्निल परिमूर्ति कृतिका माध्यमबाट साहित्यले प्रकट गर्दछ भनी उनी कला साहित्यको विश्लेषणात्मक व्याख्या गर्दछन् (ढकाल, २०६७ : ५८) । कामवृत्ति (रतिराग,

यौन) नै मूल मानवीय प्रवृत्ति भएकाले त्यही नै कला साहित्यको प्रच्छन्न अप्रछन्न मूल प्रेरक हो भन्ने फ्रायडको अभिमत रहेको छ ।

एडलरको हीनता-उच्चता ग्रन्थीले मनोविज्ञानपरक साहित्य-दृष्टिकोणलाई प्रेरित गरेको देखिन्छ । यिनका विचारमा समस्त कला-साहित्य सिर्जना हाम्रो जीवन जगत्को अभावहरूको परिपूर्ति हो र जीवनमा जुन कुरा अप्राप्य छ; त्यही कुरा हामी कल्पनामा प्राप्त गर्ने प्रयत्न गर्छौं । यिनले सम्पूर्ण कला-साहित्यको सिर्जनाको मूल हेतु हीनतालाई मानेका छन् र अरू भन्दा आफूलाई उच्च देखाउने प्रवृत्तिकै कारण कलाकार वा साहित्यकार कला वा साहित्यको सिर्जना गर्छ भन्ने उनको मान्यता छ (बराल, २०६९ : ६४) । एडलरले कला साहित्यको सिर्जना हीनताबाट हुने मानेका छन् ।

युङ्गले कला साहित्य-सिर्जना सम्बन्धी फ्रायड र एडलरका विचारसँग आंशिक सहमति राख्दै आफ्नो विचार केही भिन्न रूपमा प्रस्तुत गरेका छन् । युङ्गले सामूहिक अचेतनलाई कला साहित्य सिर्जनामा केन्द्रीय कारण स्वीकारेका छन् । युङ्गका विचारमा मानिसका आदिम अनुभूतिहरू र प्रवृत्तिहरू कला-साहित्य निर्माणका प्रमुख कारण हुन् (ढकाल, २०६७ : ५९) । अतः साहित्य लेखक वा सर्जकको सिर्जना भएकाले साहित्यसँग मानव मनको सम्बन्ध हुने हुँदा साहित्य र मनोविज्ञानको घनिष्ट सम्बन्ध रहेको छ ।

### २.२.३ समाज र मनोविज्ञान

समाज र मनोविज्ञानका बिचमा घनिष्ट सम्बन्ध रहेको छ । लियो लावेन्थलले साहित्यको सामाजशास्त्रीय अध्ययनका क्रममा लेखकको सामाजिक अवस्था, मनोविज्ञान, लेखक बाँचेको समाजको इतिहास र समूहबारे अध्ययन गर्नुपर्छ भन्ने मान्यता राखेका छन् । यिनले साहित्यमा मनको अभिव्यक्ति हुन्छ र त्यसको ज्ञान नभई सामाजको अध्ययन सबल हुदैन भन्ने मत व्यक्त गरेका छन् (क्षेत्री, २०६४ : १९) । मान्छेले कार्य सम्पादन गर्ने ठाउँ समाज हो । मान्छेले समाजमा अभिव्यक्त गरेका आचरण वा चरित्र तथा कार्यहरू मनोविज्ञानबाट सञ्चालित हुन्छन् । सबै मानिसहरू सामाजिक व्यवस्थाबाट सचेत भएर समाजमा व्यवहार गर्दछन् । यसर्थ प्रत्येक व्यक्तिको मनोरचनामा समाजको संरचनाको प्रभाव परेको हुन्छ । त्यसैले समाज र मनोविज्ञानको सम्बन्धलाई व्यक्तिले समाजमा गरेको व्यवहारका आधारबाट हेर्नुपर्ने हुन्छ ।

मानवको मनोविज्ञानमा संस्कृतिको गहिरो प्रभाव हुन्छ । सामाजिक व्यवहार संस्कृति द्वारा निर्धारित हुन्छ । जब परिचित तथा अपरिचित दुई व्यक्तिको भेट हुन्छ तथा अन्तर्वैयक्तिक अन्तर्क्रिया हुन्छ त्यहाँ पनि सामाजिक संस्कृतिले प्रभाव पार्दछ । व्यक्तिहरूको एकअर्का बिचको व्यवहार तथा क्रियामा सांस्कृतिक पक्ष विद्यमान हुन्छ । व्यक्ति जुन समुहमा जन्मन्छ त्यही समूहको संस्कृतिको प्रभाव उसमा परेको हुन्छ र त्यसै ढाँचा अनुरूप

उसको व्यवहारको विकास हुन्छ । जुन प्रकारले जैविक विरासतबाट मानिसको आङ्गिक संरचनाको विकास हुन्छ त्यही प्रकारले सामाजिक विरासतबाट व्यक्तिको व्यवहार तथा स्वभावको विकास हुन्छ (क्षेत्री, २०६४ : ४२) । अतः व्यक्तिको व्यवहार र मनोविज्ञानमा समाजका मूल्य मान्यता, परम्परा, संस्कृति आदि जस्ता पक्षहरूले प्रभाव पार्ने भएकाले समाज र मनोविज्ञानको बिचमा सम्बन्ध देख्न सकिन्छ ।

युङ्गले सबै व्यक्तिहरूको मनोरचनामा सामाजिक प्रभाव परेको हुन्छ त्यसैले मानव मनोविज्ञानको अध्ययन समाजको स्वरूप एवम् संस्कृतिको सापेक्षतामा गर्नु पर्दछ भन्ने रहेको बताएका छन् । मानसिक संरचनामा सामाजिक वातावरण तथा समाजको सम्बद्धताबाट नै व्यक्तिको मानसिकता विकसित र प्रभावित हुन्छ त्यसैले व्यक्तिको मानसिकतालाई समाजको परम्परा तथा प्रचलन, रूढि तथा संस्थाले प्रभावित पारेको हुन्छ (क्षेत्री, २०६४ : ४२) । त्यसैले समाज र मनोविज्ञानका बिचमा नजिकको सम्बन्ध रहेको छ ।

## २.३ समाज मनोविज्ञान विश्लेषण मूलभूत पक्षहरू

मानिसले समाजमा बसेर गर्ने विभिन्न सामाजिक क्रियाकलाप तथा वैयक्तिक व्यवहारको कारण समाजमा विभिन्न समस्याहरू उत्पन्न हुन्छन् । मानिसका ती क्रियाकलाप र व्यवहारबाट उत्पन्न समस्याहरू विविध प्रकृतिका हुन्छन्, जस्तै- जातीय भेदभाव, औधोगिक अशान्ति, अपराध, वेश्यावृत्ति, वेरोजगारी आदि । यी र यस्ता समस्याहरू कसरी उत्पन्न हुन्छन् र यस माथि कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने बुझ्नको लागि समाज मनोविज्ञानले सहयोग गर्दछ । मानिसको सामाजिक व्यवहार र समाजमा देखिएका विविध समस्याहरूको अध्ययन विश्लेषण र समाधानका लागि समाज मनोविज्ञान विश्लेषणका मूलभूत पक्षहरू निम्न रहेका छन् ।

### २.३.१ सामाजिक व्यवहार

मानिसले सामाजिक व्यवहार किन गर्दछ ? यसको कारण के हो ? यो कसरी उत्पन्न हुन्छ ? आदि जस्ता विविध कारणहरूको अध्ययन समाज मनोवैज्ञानिकहरूले गरेको देखिन्छ । सुरूमा सामाजिक व्यवहारको मूलकारण मूलप्रवृत्तिलाई मानेको देखिन्छ र यसैका आधारमा समाज मनोवैज्ञानिकहरूले सामाजिक व्यवहारको व्याख्या गरेको देखिन्छ । व्यक्तिको सामाजिक व्यवहार बुद्धि र चेतनाद्वारा निर्देशन नभएर विभिन्न मूलप्रवृत्तिद्वारा निर्देशित हुन्छ भन्ने दृष्टिकोण लामो समय सम्म मान्य पनि रह्यो तर पछि आएर सामाजिक व्यवहारको मूल कारण मूलप्रवृत्तिलाई खण्डन गरी त्यसको आधार प्रेरणालाई मानेको देखिन्छ (पाण्डेय, १९६३ : ५१) । त्यसैले आजभोलि प्रेरणालाई सामाजिक व्यवहारको मूल कारण मानेको देखिन्छ ।

सामाजिक व्यवहारको मूख्य आधार मेकडुगलले वात्सल्य मूलप्रवृत्तिलाई लिएका छन् । यसैको आधारमा व्यक्तिले समाजका प्रत्येक क्रियाकलाप र सामाजिक व्यवहार गर्दछ भन्ने रहेको छ । मूलप्रवृत्तिकै आधारमा व्यक्ति परोपकारी, उदार, दानशील, समाजसेवी आदि जस्ता व्यवहार गर्दछ र अर्काको सुख दुःख, राम्रो नराम्रो आदिको ख्याल पनि राख्दछ भन्ने रहेको छ (पाण्डेय, १९६३ : ५२) । हाँब्स र ट्रोटरले सामाजिक व्यवहारको मूल आधार सामूहिकतालाई मानेका छन् । उनका अनुसार मानिस जन्मजात रूपमा नै एकअर्का सँग बस्ने समूहमा रहने व्यवहार लिएर आएका हुन्छन् । मानिस समूहमा बस्दा अर्काको व्यवहारबाट प्रभावित हुन्छ जसको परिणम स्वरूप उसको मानसिक अवस्थामा परिवर्तन आँउछ (पाण्डेय, १९६३ : ५७) । यही कारण कुनै समाजको सदस्यले एउटै तरिकाले सोच्ने, सम्झने, र त्यही अनुसार व्यवहार पनि गर्दछ भन्ने रहेको छ ।

व्यक्तिले जानेर अथवा नजानेर सुस्त-सुस्त समाजको रहनसहन, विचार, भाव, रीतिरिवाज, चालचलन आर्दश आदि पक्षहरू अपनाउँछ । त्यसरी अपनाइएका समाजका ती पक्षहरूले उसलाई सामाजिक व्यवहारमा सक्रिय गराउँदछ । टार्डे, वाल्डविन, राँस आदि विद्वान्हरूले त्यसरी अपनाइएका व्यवहारहरूलाई व्यक्तिले अनुकरणद्वारा सिक्दछ भनेका छन् (पाण्डेय, १९६३ : ६२) । कुनै क्रियाकलाप देखेर त्यही क्रियाकलाप गर्नुलाई अनुकरण भन्दै यसैका आधारमा व्यक्तिले सामाजिक व्यवहार गर्दछ भन्ने विद्वान्हरूको मत रहेको छ ।

व्यक्तिले गर्ने सम्पूर्ण सामाजिक व्यवहार प्रेरणा बाट निर्धारत हुन्छ । प्रेरणाबाट व्यक्तिले सामाजिक व्यवहार गर्दछ भन्ने विद्वान्हरूमा डब्लु.आइ.थोमस, टोलमेन, गोल्डस्टेन, मरे, कुर्ट लेविन आदि रहेका छन् । कुनै व्यक्ति समाजमा मान प्रतिष्ठा पाउनको लागि सामाजिक कार्य गर्दछ । समाजको सम्पर्कमा रहँदा उ सामाजिकता, सङ्गठन, समूह, समूदाय आदिको महत्त्व बुझ्दछ । अतः उ सामाजिक मान्यता, यश, प्रतिष्ठा, सुरक्षा आदि पाउने प्रेरणाबाट समाजसेवा, परोपकारी आदि कार्य गर्दछ भने जीविकोपार्जनको लागि उसले व्यवसाय, नोकरी, चोरी, भिक्षा माग्ने आदि काम गर्दछ (पाण्डेय, १९६३ : १०१) । यसरी व्यक्तिले आफ्नो जीवनमा गर्ने सम्पूर्ण कार्यमा प्रेरणाको हात रहेको हुन्छ र व्यक्तिले गर्ने सामाजिक व्यवहारको एउटा मुख्य आधार प्रेरणा रहेको छ ।

### २.३.२ सामाजीकरण

मानिसको जीवनमा सामाजीकरणको महत्त्वपूर्ण स्थान रहेको छ । मानिस समाजमा समाज अनुकुल समायोजन हुनु सामाजीकरण हो । मानिसलाई समाजमा स्थापित गर्नमा सामाजिक सिकाइको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सामाजिक सिकाइको कारणले एउटा बच्चा पछि गएर समाजको सु-सभ्य नागरिकको रूपमा स्थापित रहन्छ । सामाजीकरण मुख्यतया सामाजिक सिकाइमा निर्भर रहन्छ । सामाजिक सिकाइद्वारा नै व्यक्ति समाजको

सम्पर्कमा आउँछ र विभिन्न सामाजिक गुणहरू रीतिरिवाज, चालचलन, नीतिनियम, आदिको सिकाइ गरी सामाजिक प्राणी बन्दछ (त्रिपाठी र सिंह, १९८० : १५६) । मनोवैज्ञानिकहरूले यही सामाजिक गुणहरूको आर्जन प्रक्रियालाई सामाजीकरण भनेका छन् । इ.एल. हार्टले र आर.इ. हार्टलेले "सामाजीकरण त्यो प्रक्रिाया हो जसद्वारा कुनै पनि व्यक्ति कुनै सामाजिक समूहको सदस्य बन्दछ" भनी सामाजीकरणलाई परिभाषित गरेका छन् (पाण्डेय, १९६० : १०७) । यस परिभाषामा कुनै सामाजिक समूहको सदस्य बन्नको लागि समाज स्वीकृत रहनसहन, धर्म, नैतिक मूल्य-मान्यता आदिलाई सिक्नु आवश्यक हुन्छ । समाजमा प्रचलित मान्यताको सिकाइ विना कुनै व्यक्ति त्यस समाजमा समायोजन हुन सक्दैन भनिएको छ ।

सामाजीकरण एक सरल प्रक्रिया नभई जटिल प्रक्रिया पनि हो । यसमा विभिन्न प्रक्रिया सम्मिलित हुन्छ । कुनै प्रक्रिया एकअर्काबाट पूर्ण स्वतन्त्र हुन्छ भने कुनै एकअर्कामा सहयोगी हुन्छ । सामाजिक मानिस कुनै एक प्रक्रियाको नभई बरू अनेक प्रक्रियाको परिणाम हो । सामाजीकरण प्रक्रिया जन्म देखि मृत्यु सम्म निरन्तर चलिरहने प्रक्रिया हो व्यक्तिको विभिन्न अवस्थामा यसको विकास पनि फरक-फरक हुन्छ । जन्मदेखि किशोरावस्था सम्ममा यसको विकास तीव्र गतिमा हुन्छ त्यसै समयमा व्यक्तिले धेरै भन्दा धेरै सामाजिक व्यवहारहरू सिक्दछ । प्रौढावस्थाको समयमा यसको विकासको गतिमा कम हुन्छ भने सामाजिक व्यवहारको सिकाइ पनि कम हुन्छ (पाण्डेय, १९६३ : १०७) । यसरी सामाजीकरण व्यक्तिको विकासमा अलग अलग रूपमा हुने गर्दछ ।

निल मिलर तथा जोन डोलार्डले व्यक्तिको सामाजीकरणमा प्रेरणा, संकेत, प्रतिक्रिया, र पुरस्कार मुख्य रहने बताएका छन् । कुनै कार्य गर्नको लागि प्रेरित गर्ने प्रमुख उत्तेजनालाई प्रेरणा भनिन्छ । प्रेरणा पाउनको लागि सामाजिक परिस्थितिमा गर्ने कार्यले संकेतलाई जनाउँछ । प्रेरणा र निश्चित संकेतमा गरिने कार्यले तेस्रो अवस्थाको प्रतिक्रियालाई जनाउँछ । त्यही प्रतिक्रियामा पनः उक्त कार्य दोहोऱ्याउनुमा प्रतिक्रियाले पुरस्कारको काम गर्दछ (पाण्डेय, १९६३ : १०८) । जस्तै- बालकले घरमा पाहुना आउँदा घरका अन्य सदस्यले प्रशंसा गरे बालकले पुनः त्यो कार्यलाई दोहोऱ्याउछ । यहाँ प्रशंसाले प्रेरणाको काम गर्दछ, पाहुना घरमा आउनुले सङकेतको कार्य गर्दछ, बालकको कार्य प्रति गरिने व्यवहाले प्रतिक्रियाको कार्य गर्दछ भने त्यही प्रोत्साहन अथवा प्रंशसा नै बालकको लागि पुरस्कारको कार्य गर्दछ । त्यसैले सामाजीकरणमा प्रेरणा, संकेत, प्रतिक्रिया र पुरस्कार गरी चार अवस्थाको सम्मिलन हुन्छ ।

### २.३.३ सामाजिक मनोवृत्ति

समाज मनोविज्ञानमा सामाजिक मनोवृत्तिको अध्ययन आवश्यक हुन्छ । व्यक्तिको सामाजिक व्यवहार उसको मनोवृत्तिद्वारा निर्देशित हुन्छ । मनोवृत्तिले व्यक्तिको मानसिक

स्थिति वा मनको क्रियाशीलतालाई जनाउँछ । मनोवृत्ति जन्मजात हुँदैन । यो मानवको अभिप्रेरणाको क्षेत्रसँग सम्बन्धित छ जसको सुरूवात सामाजिक सिकाइमा निर्भर गर्दछ । व्यक्तिको जीवनमा यसको आर्जन हुन्छ (त्रिपाठी र सिहं, १९८० : २०४) । मानिसको विकासको साथसाथै उसको मनोवृत्तिको पनि विकास हुन्छ । मानिसको जीवन पूर्ण रूपमा समाजमा निर्भर रहन्छ । मानिसस एकअर्काको सम्पर्कमा जन्म सँगै रहन्छ । व्यक्तिमा आफ्नो समाजको जीवनको छाप परेको हुन्छ । सामाजिक वस्तु, मूल्य, सामाजिक समस्या, समूह एवम् सस्था आदि प्रतिको मनोवृत्तिलाई सामाजिक मनोवृत्ति भन्ने गरिन्छ ।

सामाजिक मनोवृत्ति व्यक्तिको कार्य तथा भाषाबाट देखिन्छ । समाजको कुनै व्यक्ति तथा समूहसँग व्यक्तिको अन्तर्क्रिया सांक्कृतिक अनुष्ठान प्रतिको व्यवहार आदि जस्ता व्यवहारमा हामी सामाजिक मनोवृत्ति देख्न सक्छौ । मनोवृत्तिले कुनै व्यक्ति समूह या संस्था विशेषप्रति व्यक्तिको समायोजनलाई देखाउँछ । सामाजिक मनोवृत्तिमा सांस्कृतिक मूल्य निहित रहेको हुन्छ । कुनै कार्य गर्ने हो वा होइन यस बारेमा समाजमा रहेका व्यक्तिहरूमा उत्सुकता बनिरहेको हुन्छ । त्यसले गर्दा व्यक्तिलाई व्यक्ति समूह तथा संस्थाको पक्ष वा विपक्षमा बनाइदिन्छ (कुप्पुस्वामी, १९८३ : १९०) । अतः मनोवृत्तिले कसलाई प्राथमिकता दिने कसबाट आशा गर्ने र के आवश्यक छ तथा को बाट टाढा रहने भन्ने बनाउँछ ।

सामाजिक मनोवृत्ति अर्जित प्रक्रिया भएकाले केही लामो समय सम्म स्थायी पनि हुन्छ । उक्त मनोवृत्तिले उसको जीवनमा सकारात्मक प्रभाव पारेको खण्डमा मनोवृत्ति परिवर्तन नभई स्थायी रूपमा नै रहन्छ । आर्जित प्रक्रिया भएकाले यो परिवर्तनशील पनि हुन्छ । मनोवृत्ति परिवर्तन भनेको कुनै विषय वा समस्याप्रति व्यक्तिको दृष्टिकोणमा परिवर्तन आउनु हो । जस्तै- कुनै विषयप्रति हाम्रो नकारात्मक धारण रहेको छ भने त्यस विषय प्रति सकारात्मक धारणा बन्नु मनोवृत्ति परिवर्तन हो । मनोवृत्ति निर्माण तथा परिवर्तन दुवै आफै उत्पन्न भएको हुदैन । मनोवृत्ति निर्माण तथा परिवर्तनमा आन्तरिक तथा बाह्य दुवै प्रकारका कारक तत्त्व रहन्छन् । आन्तरिक कारकमा व्यक्तिको प्रेरक एवम् उसको आर्दश आदि पक्ष सम्मिलित हुन्छ भने बाह्य कारकमा व्यक्तिको अनुभव तथा समूहको व्यक्तिद्वारा प्राप्त सूचना आदि सम्मिलित हुन्छन् (कुप्पुस्वामी, १९८३ : २०३) । मनोवृत्तिको निर्माण गरिने भएकाले यो आर्जित प्रक्रिया हो । यो व्यक्तिको आन्तरिक र बाह्य अनुभवबाट प्राप्त सूचनाका आधारमा हुन्छ ।

## २.४ एकाङ्कीमा समाज मनोविज्ञान विश्लेषणका आधार

साहित्य एक प्रकारले जीवनकै अभिव्यक्ति हो । जीवन व्यक्तिगत भएर पनि सामाजिक भोगाइ हो । यही जीवन भोगाइबाट लेखकको चेतना निर्मित हुन्छ । मूलतः साहित्य यही व्यक्ति चेतनाकै अभिव्यक्ति हो तर परिवेश वा समाजको चापमा सो व्यक्ति

चेतना विकास भएको हुन्छ । लेखकको जन्म तथा कर्म भूमि उसको सामाजिकताको आधार हो जसअन्तर्गत लेखकको जन्म, परिवार, शिक्षादिक्षा, व्यवसाय, संस्कृति, वातावरण आदि विषयहरू पर्दछन् । यसर्थ साहित्य समाज देश र कालसँग सम्बन्धित सांस्कृतिक पर्यावरणको प्रतिच्छायात्मक हुन्छ तथा साहित्यका माध्यमबाट समाज पढ्न र बुझ्न सकिन्छ (क्षेत्री, २०६४ : १५) । अतः नाटक साहित्यको एउटा प्राचीन विधा हो । समाजका व्यक्तिहरूमा रहेका समाज भोगाईका यथार्थ अनुभवलाई साहित्यकारले आफ्ना कृतिमा व्यक्त गर्ने भएकाले लेखकका कृतिमा समाजको प्रतिबिम्ब कलात्मक रूपमा व्यक्त भएको हुन्छ । एकाङ्की लेखक तथा साहित्यकारको कृति हो तसर्थ त्यसमा पनि समाजमा रहेका व्यक्तिहरूको जीवन भोगाई, समाजको प्रतिबिम्बलाई कलात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । एकाङ्कीमा प्रस्तुत गरिएका समाजका यी पक्षहरूलाई समाज मनोविज्ञानका आधारमा विश्लेषण गर्नका लागि निम्नलिखित आधारहरू रहेका छन् ।

### २.४.१ सामाजिक व्यवहार

मानिस सामाजिक प्राणी हो । जन्मदेखि मृत्यु अगाडिसम्म ऊ समाजमा नै बसेको हुन्छ । समाजमा बसेर उसले गर्ने व्यक्ति-व्यक्ति बिचको अन्तर्क्रियामा, व्यक्ति र समूह बिचको अन्तर्क्रिया, समूह र व्यक्ति बिचको अन्तर्क्रिया, व्यक्तिहरूको दुई समूह-समूह बिचको अन्तर्क्रियाको अध्ययन समाज मनोविज्ञान अन्तर्गत सामाजिक व्यवहारमा गरिन्छ । सामाजिक व्यवहार मानिसहरूको पारस्पारिक अन्तर्क्रिया हो । जन्मपश्चात् नै आफ्ना अभिभावक बाट बच्चाले सामाजिक व्यवहारहरू सिक्दछ र यो निरन्तर रूपमा चलिरहन्छ । समाजमा बसेर व्यक्तिले आफ्नो समाजका रहनसहन, संस्कृति, रीतिरिवाज, चालचलन, समाजका नियमका साथै सामाजिक व्यवहारहरू कसरी सिक्दछ यसको मुख्य आधार के हो ? भन्नेमा समाज मनोवैज्ञानिकहरूले बात्सल्यमूल प्रवृत्ति, सहानुभूति, अनुकरण, सुझाव, सामूहिकता, प्रेरणा आदिले गर्दा मानिसले सामाजिक व्यवहार सिक्दछ र गर्दछ भन्ने रहेको छ । सामाजिक व्यवहारको व्यख्या तथा विश्लेषणको लागि विभिन्न आधारहरू भएता पनि यँहा सुझाव, सहानुभूति र प्रेरणाको आधारमा सामाजिक व्यवहारको व्याख्या विश्लेषण गरिन्छ ।

### २.४.२ सामाजीकरण

मानिसको जन्म, वृद्धि र विकास समाजमा भएको हुन्छ । समाजमा रहेका विभिन्न व्यक्ति तथा संस्थाहरू बिचको क्रिया, अन्तरक्रिया र प्रतिक्रिया, लेनदेन, घुलमिल जस्ता सम्बन्ध र सम्मपर्कबाट व्यक्तिले धेरै सिक्दछ । समाजमा बस्नका लागि केही निश्चित समाजिक गुण, सीप तथा व्यवहारको जरूरत पर्दछ । समाजसँग घुलमिल भएर सामाजिक प्राणीका रूपमा जीउन सामाजिक गुण र सीपको विकास हुनु आवश्यक छ । यसका लागि

समाजका हरेक नवीनतम सदस्यहरूलाई सामाजीकरण गरिनुपर्छ । यसमा समाज र व्यक्ति दुवैको समान भूमिका रहन्छ । सामाजीकरणले समाज र व्यक्ति दुवैलाई सक्रिय तुल्याई एकअर्कामा अन्तर्सम्बन्धित र अन्तरनिर्भर तुल्याउँछ । सामाजीकरणले सामाजिक सम्बन्ध बढाउनुका साथै व्यक्तिलाई अनुशासित, आर्दश र नैतिकवान बन्न प्रेरित गर्दछ । सामाजीकरणमा व्यक्तिले समूहबाट स्वीकृत मूल्य मान्यतालाई अन्य व्यक्तिबाट सिक्दछ । तसर्थ सामाजीकरणमा व्यक्तिलाई समाजमा बाँच्न योग्य मानव बनाउनुका साथै सामाजिक मूल्य, मान्यता, आर्दश, परम्परा, नैतिकता जस्ता आचरणहरू ग्रहण गर्दछ ।

व्यक्तिको सामाजीकरणमा सामाजिक तथा सांस्कृतिक अङ्गले प्रभाव पारेको हुन्छ । घरपरिवार, विद्यालय, छिमेकी, साथीहरूका साथै सामाजिक आर्थिक परिस्थिति, जातिगत व्यवहार आदि सामाजिक अङ्गको रूपमा रहेका छन् भने रीतिरिवाज, चालचलन, धर्म, संस्कार आदि सांस्कृतिक अङ्गको रूपमा रहेका छन् । सामाजीकरण व्यक्ति अनुसार भिन्न-भिन्न हुने गर्दछ । संस्कृति एउटै रहँदा पनि प्रत्येक समाज र संस्कृतिमा रहेका व्यक्तिहरूमा वैयक्तिक भिन्नता पाइन्छ । समाजमा रहेका व्यक्तिको सामाजीकरणमा वैयक्तिक भिन्नता हुनुमा शारीरिक संरचना, आवश्यकता, संवेदनशीलता, आमाबाबुको स्वभाव, समाजमा उसको परिचय आदि जस्ता पक्षले भुमिका खेलेको हुन्छ (पाण्डेय, १९६३ : १४५) । अतः व्यक्तिको सामाजीकरणको क्रममा उसलाई सामाजिक नियम मूल्य मान्यताले प्रभाव पारेको हुन्छ भने सामाजीकरण प्रक्रियाबाट उसमा पूर्वाग्रहका साथै अहम् आदिको विकास हुन्छ ।

### २.४.३ सामाजिक मनोवृत्ति

सन् १९२२ मा समाज मनोविज्ञानमा सर्वप्रथम थोमसले सामाजिक मनोवृत्तिको व्यवहारिक प्रयोग गरे । उनले मेकडुगलको मूलप्रवृत्ति खण्डन गर्ने समयमा सामाजिक व्यवहारलाई बुझ्नको लागि मनोवृत्तिको अध्ययन माथि जोड दिए । यसरी उनले सामाजिक व्यवहारको व्याख्याको लागि मूलप्रवृत्तिलाई निरर्थक र मनोवृत्तिलाई सार्थक माने । यस क्रममा उनले स्वभाव, चरित्र आदिको भिन्नता माथि प्रकाशित पार्दै स्वभाविक र सामाजिक मनोवृत्ति बिचको भिन्नतालाई देखाए (पाण्डेय, १९६३ : १५५) । सामाजिक व्यवहारलाई बुझ्नको लागि स्वभाविक मनोवृत्तिको नभएर सामाजिक मनोवृत्तिको सहयोग लिनु आवश्यक हुन्छ ।

शरीफ तथा शरीफ र आलपोर्टले समाज मनोविज्ञानको मुख्य आलोच्य विषय मनोवृत्तिलाई मानेका छन् । समाज मनोविज्ञानको उद्देश्य सामाजिक व्यक्तिको व्यवहारलाई बुझेर त्यसलाई नियन्त्रित र निर्देशित गर्नु हो (पाण्डेय, १९६३ : १६३) । आवश्यकता अनुसार यसले कसैको व्यवहारको सम्बन्धमा भविष्यवाणि पनि गर्दछ । व्यक्तिको व्यवहार जटिल र विभिन्न प्रकारको हुन्छ । मनोवृत्तिको विभिन्न अवस्थालाई नजानी समाज मनोवैज्ञानिकका

लागि कसैको व्यवहार जान्न असम्भव छ । समाज मनोवैज्ञानिकहरूले व्यक्तिको सामाजिक मनोवृत्तिमा रुचि राख्दछन् किनभने यसको प्रभाव व्यक्तिको सामाजिक व्यवहारमा पर्दछ । यसै सन्दर्भमा ऋच, ऋचफील्ड एवम् बैलेकीले सामाजिक मनोवृत्तिको स्वरूपलाई स्पष्ट पार्दै भनेका छन्- "व्यक्तिको सामाजिक व्यवहारले उसको मनोवृत्तिलाई प्रतिबिम्बित गर्दछ- जुन कुनै सामाजिक वस्तु प्रतिको सकारात्मक अथवा नकारात्मक मूल्याङ्कन, संवेगात्मक भावको पक्ष अथवा विपक्षको क्रिया प्रतिको झुकाव अपेक्षाकृत स्थायी हुन्छ" (त्रिपाठी र सिहं १९८० : २०६) । यसरी व्यक्तिको सामाजिक व्यवहार र क्रियाकलापले सामाजिक मनोवृत्तिलाई देखाउँछ ।

समाज मनोविज्ञानको लागि मनोवृत्तिको ज्ञान हुनु अनिवार्य छ । यसले सामाजिक व्यवहारको व्याख्या गर्ने प्रयत्न गर्दछ । यसले व्यक्ति सबै व्यवहारलाई प्रभावित गर्दछ । सामाजिक मनोवृत्ति भित्र मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मूल्याङ्कनको अध्ययन आवश्यक हुन्छ । अतः मनोवृत्तिको क्षेत्रमा यसको अध्ययन गर्नु अनिवार्य र महत्त्वपूर्ण रहेको छ ।

## २.५ निष्कर्ष

समाज मनोविज्ञान मनोविज्ञानको एउटा प्रमुख शाखा हो । यसमा व्यक्तिको व्यवहारको अध्ययन सामाजिक परिप्रेक्ष्यमा गर्ने गरिन्छ । त्यसैले यो व्यक्तिले गर्ने सामाजिक व्यवहारको अध्ययन गर्ने विज्ञान हो । समाज मनोविज्ञानमा समाजको नभई व्यक्तिको नै अध्ययन गरिन्छ । मानिसले समाजमा बसेर गर्ने सामाजिक व्यवहारको रहस्य जान्ने र बुझ्ने जिज्ञासामा समाज मनोविज्ञानको जन्म भएको हो । मानिसले समाजमा बसेर गर्ने विभिन्न सामाजिक क्रियाकलाप तथा वैयक्तिक व्यवहारको कारण समाजमा विभिन्न समस्याहरू उत्पन्न हुन्छन् । मानिसका ती क्रियाकलाप र व्यवहारबाट उत्पन्न समस्याहरू विविध प्रकृतिका हुन्छन् । प्रायः सबै देशहरूमा रहेका जातीय भेदभाव, औद्यौगिक अशान्ति, धनी-गरिब, मालिक-मजदुर, अपराध, वेश्यावृत्ति वेरोजगारी आदि जस्ता विविध समस्याहरूको अध्ययन गरी समस्याको समाधान समाज मनोविज्ञानले गर्ने गर्दछ । समाज मनोविज्ञानले मूख्यतः व्यक्तिको सामाजिक व्यवहार र सामाजीकरणका आधारमा उसको सामाजिक मनोवृत्तिको अध्ययन गर्दछ । सामाजिक व्यवहार मानिसहरूको पारस्पारिक अन्तर्क्रिया हो । जन्म पश्चात आफ्ना अभिभावकबाट बच्चाले सामाजिक व्यवहार सिक्दछ र त्यो निरन्तर रूपमा चलिरन्छ । समाजमा बसेर व्यक्तिले गर्ने सामाजिक व्यवहारहरू कसरी गर्दछ र किन गर्दछ भन्ने कुराको अध्ययन गरी समाज मनोवैज्ञानिकहरूले सुरुमा यसको मूलकारण मूलप्रवृत्तिलाई मानेको देखिन्छ भने पछि आएर प्रेरणालाई मानेको देखिन्छ । सामाजीकरण प्रक्रियामा समाज जस्तो छ व्यक्तिको विकास पनि त्यही अनुसार हुन्छ । समाजीकरणमा व्यक्ति समाजमा बाँच्न योग्य मानव बन्नुका साथै सामाजिक मूल्य, मान्यता, आदर्श,

परम्परा, नैतिकता जस्ता आचरणहरू ग्रहण गर्दछ । व्यक्तिको सामाजीकरणमा उसलाई सामाजिक नियम, मूल्य, मान्यताले प्रभाव पारेको हुन्छ भने उसमा मनोवृत्ति, पूर्वाग्रहका साथै अहम्को विकास भएको हुन्छ । व्यक्तिले समाजमा गर्ने सामाजिक व्यवहार र सामाजीकरणका आधारमा सामाजिक मनोवृत्तिको अध्ययन गरिन्छ । मनोवृत्तिको विभिन्न अवस्थालाई नजानी कसैको सामाजिक व्यवहार जान्न असम्भव छ । समाज मनोवैज्ञानिकहरूले व्यक्तिको सामाजिक मनोवृत्तिमा रुचि राख्दछन् किनभने यसको प्रभाव व्यक्तिको सामाजिक व्यवहारमा पर्दछ । तसर्थ व्यक्तिको सामाजिक मनोवृत्तिको अध्ययनका लागि मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मूल्याङ्कनको अध्ययन आवश्यक हुन्छ । यसरी समाज मनोविज्ञानले व्यक्तिको सामाजिक व्यवहार, सामाजीकरणका साथै सामाजिक मनोवृत्ति आदि विविध पक्षहरू यसका अध्ययनका क्षेत्रहरू रहेका छन् ।

# परिच्छेद : तीन

# विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञानको विश्लेषण

## ३.१ विषयपरिचय

विजय मल्लले थुप्रै एकाङ्की, नाटक तथा पूर्णाङ्की नाटकहरूको रचना गरेका छन् । उका यी एकाङ्की लेखन तथा मञ्चन यात्रालाई विभिन्न चरणमा छुट्याएर अध्ययन गर्न सकिन्छ । यसर्थ यस परिच्छेदमा एकाङ्की यात्राको तेस्रो चरण निर्क्योल गर्दै उक्त चरणमा रहेका एकाङ्कीमा समाज मनोविज्ञानको अध्ययनमा सामान्य परिचय दिई सामाजिक व्यवहारअन्तर्गत सुझाव, सहानुभूति र प्रेरणाको आधारमा एकाङ्कीको विश्लेषण गरिएको छ ।

## ३.२ विजय मल्लको एकाङ्कीयात्राको तेस्रो चरण

विजय मल्ल (वि.सं. १९८२-२०५६) नेपाली साहित्यका एक प्रसिद्ध नाटककार हुन् । उनले नेपाली साहित्यका, कथा, कविता, उपन्यासमा एकाङ्की विधामा कलम चलाए पनि एकाङ्की तथा पूर्णाङ्की विधामा बढी सफलता भएको देखिन्छ । मल्लले २००१ सालमा राधा मान्दिन शीर्षकको लघुएकाङ्की रचना गरी आफूलाई एकाङ्कीकारका रूपमा उपस्थित गराएका छन् । २००१ सालदेखि २०५६ सालसम्मको करिब साढे पाँच दशक लामो नाट्ययात्रामा उनले **बौलाहा काजीको सपना** (२००४) **कोही किन बर्बादहोस** (२०१५), **जिउँदो लास** (२०१७), **भोलि के हुन्छ ?** (२०२८), **पत्थरको कथा** (२०२८), **सत्ताको खोजमा** (२०२६), **नाम नभएको मानिस** (२०३३), **भित्तेघडी** (२०४०), **दोभान** (२०३४), जस्ता एकाङ्कीहरू रचि एकाङ्की विधामा क्रियाशीलता देखाएको पाइन्छ ।

एकाङ्की लेखन विजय मल्लको साहित्य सृजनाको महत्वपूर्ण पाटो हो । त्यसैले उनले एकाङ्की यात्रा भन्नु खास खास समयमा देखा परेका एकाङ्कीहरूबाट अघि बढेको सृजन यात्रा हो । (वि.सं. २००१ मा रचित ‘राधामान्दिन’ एकाङ्कीबाट थालेको एकाङ्की यात्रा वि.सं. २०५६ मा टुङ्गिन्छ । प्रवृत्तिगत आधारमा मल्लको एकाङ्कीको रचना विभाजन गर्न सकिन्छ । पहिलो चरणमा प्रयोगवादी, सामाजिक, मनोवैज्ञानिक यथार्थवादी एकाङ्कीकारको रूपमा देखा परेका छन् । दोस्रो चरणमा आइपुग्दा भन्दा यिनमा जीवन दृष्टि अरू फराकिलो र पहिले भन्दा चिन्तनशील र बौद्धिक हुन पुगेका छन् । तेस्रो चरणमा एकाङ्कीमा प्रयोगशील प्रवृत्तिका साथै अस्तित्ववादी प्रवृत्ति पनि रहेको पाइन्छ । तसर्थ मल्लको करिब साढे पाँच दशक लामो एकाङ्की यात्रालाई तिन चरणमा वर्गीकरण गरी अध्ययन गर्नु उचित देखिन्छ ।

(क) पहिलो चरण (वि.सं. २००१-२०१७ सम्म)

(ख) दोस्रो चरण (वि.सं. २०१८ - २०४० सम्म)

(ग) तेस्रो चरण (२०४१-२०५६ सम्म)

**(क) पहिलो चरण**

विजय मल्लको एकाङ्कीको पहिलो चरण वि.सं. (२००१-२०१७) सम्मको समयवाधि हो । यस चरणको थालनी 'राधा मान्दिन' शीर्षकको लघु एकाङ्कीको रचनासँगै भएको हो । यसै एकाङ्की कृतिबाट मल्लको सिङ्गो एकाङ्की यात्राको थालनी पनि भएको हो । यस चरणमा अर्को प्रमुख एकाङ्की पूर्णाङ्की बहुलाकाजीको सपना (२००४) हो । उनको यस चरणमा विभिन्न एकाङ्की कृतिहरू देखा परेका छन् ।

अन्तर्द्वन्द्व (२०११), कङ्काल जीवन समस्या (२०१२), अपराध (२०१६), जिउँदो लास (२०१७), आदि हुन् । यथार्थवादी एकाङ्कीको रचनाका साथै मनोवैज्ञानिक समस्याको उद्घाटन गर्ने एकाङ्कीका रचना गर्नु यस चरणका एकाङ्कीका विशेषता रहेको छ । यस्तै सामाजिक यथार्थका साथै मनोवैज्ञानिक यथार्थको उद्घाटन गर्नु यस चरणका मूल प्रवृत्ति रहेको पाइन्छ ।

**(ख) दोस्रो चरण**

विजय मल्लको एकाङ्कीको दोस्रो चरण (वि.सं. २०१८-२०४०) सम्मको समयावधि हो । यस चरणको सुरुवात कङ्काल एकाङ्कीको मञ्चनसँग भएको हो । यस चरणमा देखा परेका उनका एकाङ्कीहरू यो किताब नच्यातियोस् (२०१८), बहुलाकहीँको (२०१८), जीवन विमा (२०२०), को सँग जुधौँ (२०२२), पत्थरको कथा (२०२५), अन्धोको नि आँखा हुन्छ (२०३२), नाम नभएको मानिस, (२०३३), भित्ते घडी (२०३४), उद्घाटन (२०३४), कस्तो दन्त्य कथा (२०३४), बन्दकोठा (२०३६), भोलि के हुन्छ (२०२८), स्मृतिको पर्खालभित्र (२०४०), र मानिस र मुकुण्डो (२०४०) हुन् । यस चरणको प्रमुख प्रवृत्ति प्रयोगवादी प्रवृत्ति हो । त्यस्तै स्वैर कल्पनात्मक र सामाजिक यथार्थता मल्लका यस चरणका एकाङ्कीगत प्रमुख प्रवृत्ति तथा विशेषता हुन् ।

**(ग) तेस्रो चरण**

विजय मल्लको एकाङ्कीको तेस्रो चरण (वि.सं. २०४१-२०४६ सम्म) को समयावधि हो । यी चरण उनको एकाङ्की यात्रालाई अन्तिम चरण पनि हो । यस चरणको सुरुवातमा नाम नभएको मानिस (२०३३), रूपरेखा पत्रिकामा प्रकाशित एकाङ्की यस चरणको आरम्भ विन्दु हो । यो उनको प्रयोगशीलताका दृष्टिले सफल एकाङ्की हो । यस नाटकको प्रारम्भ नै यथार्थ र अयथार्थको दोसाबाट गरिएको हुनाले यो प्रयोगशीलताका दृष्टिले उच्च देखिन्छ (आचार्य, २०६६ : २८०) । यस चरणमा देखा परेका नाट्य कृतिहरू भुलैभूलको यथार्थ (२०४१), माधुरी (२०४८) सृष्टि रोकिँदैन (२०४८) सपनाका सन्तानहरू (२०४८) आदि हुन् । विजय मल्लको नाट्य यात्राको तेस्रो चरणमा पूर्णाङ्की र एकाङ्की दुवै नाटकहरू उपलब्ध देखिन्छन् ।

विजय मल्ल आफ्नो एकाङ्कीको तेस्रो चरणमा मूलतः प्रयोगवादी एकाङ्कीकारका रूपमा देखा परेका छन् भने समस्यामूलक एकाङ्कीको पनि रचना गरेका छन् । खासगरी स्वैरकल्पनाको प्रयोग गरी उनले आफूलाई प्रयोगशील एकाङ्कीकारका रूपमा उभ्याएका छन् । कथ्य शैली रङ्ग मञ्चीय प्रयोग मिथकको प्रयोग,प्रतीकको प्रयोग आदिका दृष्टिले उनका एकाङ्कीमा प्रयोगीलता देखा परेका छन् (खतिवडा, २०६८ : ३१) । यस चरणमा उनले समस्या मूलक एकाङ्कीको पनि रचना गरेका छन् । यिनका एकाङ्कीमा कतै व्यक्ति मनको समस्या त कतै सामाजिक समस्याका परम्परित मान्यता र नयाँ मान्यता बिचको समस्या देखा परेका छन् । एकाङ्कीमा समस्याको चित्राङ्कन गर्ने र त्यस समस्याको समाधान ति आफू तटस्थ बसी समस्याको समाधान पाठक वा दर्शकलार्य दिएका छन् (रेग्मी, २०४१ : ३१) । प्रयोगशील, समस्यामूलक एकाङ्कीका साथ साथै यस चरणका एकाङ्कीमा समाज मनोविज्ञान पनि पाइन्छ । यसरी यस चरणका एकाङ्कीहरूमा प्रयोग भएको स्वैर कल्पना, मिथकीय सन्दर्भ, नामहीन पात्रको प्रयोग, समस्या मूलक जस्ता अनेकौ प्रोगशील प्रवृत्तिका साथै समाज मनोविज्ञानमा आधारित एकाङ्कीको रचना गरेका छन् ।

यसरी विजय मल्ल एकाङ्कीहरू वि.सं. २००१ मा 'राधा मान्दिन' देखि वि.सं. २०४८ 'सपनाका सन्तानहरू'सम्म फैलएको एकाङ्की यात्रालाई तीन प्रमुख चरणमा विभाजन गर्न सकिन्छ ।

वि.सं. २००१-२०१० सम्म पहिलो चरण यस समयावधिमा राधा मान्दिन (२००१) पहिलो लघुएकाङ्की लेखिएको पाइन्छ । वि.सं. २००४ बहुलाकाजीको सपना दोस्रो नाट्यकृति हो, यस चरणमा सामाजिक, आर्थिक, राजनैतिक असमानताको टड्कारो चित्रण गरिउको पाइन्छ भने वि.सं. २०११-२०२५ सम्मको समयावधि दोस्रो चरण हो, यस समयमा मल्लका 'अन्तर्द्वन्द्व' (२०११), 'जीवन समस्या, भिमसेनको मुद्दा' (२०१३) 'बहुला कहीँको' (२०१८), 'अपराध' (२०१७) जस्ता एकाङ्कीहरू पाइन्छन् । यस समयमा मनोवैज्ञानिकता र प्रथम चरणमा बर्हिमुखी प्रवृत्ति विस्तारै पछि पार्दै अन्तर्मुखी प्रवृत्ति देखा परेका छन्, मुख्यरूपमा मनोवैज्ञानिकता नै देखा परेको छ । यसरी विजय मल्लका एकाङ्कीका चरण विभाजन क्रममा वि.सं. २०२६-२०४८ सम्म तेस्रो चरण रहेको पाइन्छ । यी चरण उनको एकाङ्की यात्राको अन्तिम चरण पनि हो । यस चरणमा पत्थरको कथा (२०२६) को मञ्चनसँग भएको पाइन्छ । यो प्रयोगशील स्वैरकाल्पनिकताका दृष्टिले सफल एकाङ्की हो । यस एकाङ्कीको प्रारम्भ नै यथार्थ र अयथार्थको दोसाँधबाट गरिएको हुनाले प्रयोगशीलताका दृष्टिले उच्च देखिन्छ (कण्डेल, २०४० : ३०) ।

यस चरणमा 'पत्थरको कथा' (२०२८), 'सत्ताको खोजमा' (२०२६), 'भोलि के हुन्छ ?' (२०२८), 'नाम नभएको मानिस' (२०३३), 'भित्ते घडी' (२०४०) 'दोभान' (२०४१) आदि हुन् ।

## ३.३ तेस्रो चरणका नाटक र एकाङ्कीहरू

विजय मल्लले एकाङ्कीको तेस्रो चरणमा तिन वटा एकाङ्कीहरू रचना गरेका छन् । यस चरणमा रचना गरेका पूर्णाङ्की एकाङ्कीहरू भोलि के हुन्छ ?, पत्थरको कथा, सत्ताको खोज, नाम नभएको मानिस, भोलि के हुन्छ ?, सात सालको राणाकालीन सामाजिक पृष्ठभूमिमा रचना गरिएका हुन् । यी एकाङ्कीहरूको सामान्य परिचय तलको अनुच्छेदमा दिइएको छ ।

**भोलि के हुन्छ** ? २०२८ सालमा पत्थरको कथा एकाङ्की सङ्ग्रहमा प्रकाशित एकाङ्की हो । एक एक दृश्य भएका तिन अङ्कमा विभाजित यो एकाङ्की प्रयोगशील नाट्य कृति हो । अदृश्य पात्र, प्रतीक, मिथक, स्वैरकल्पना आदिको प्रयोगले एकाङ्की प्रयोगशील बन्न पुगेको छ । नाटमा राजेन्द्र, आमा, मोहन र सुवर्ण मुख्य चरित्रका रूपमा रहेका छन् भने जज, माधुरी, कामिनी, दुलही, पाले गौण चरित्र हुन् । एकाङ्कीमा राजेन्द्र अदृश्य पात्रको रूपमा रहेको छ भने आमा कुनै मानिसकी आमाका रूपमा नभई धरती अर्थात मातृभूमिको प्रतीकका रूपमा उभ्याइएकोले उनी प्रतीकात्मक नारी चरित्रका रूपमा उपस्थित छिन् । एकाङ्कीमा रहेको राष्ट्रिय अन्तराष्ट्रिय समस्या, समस्त मानवजातिको भविष्य, आशा नैराश्य र त्रास सन्त्रास जस्ता पक्षहरूले एकाङ्की नेपाली साहित्यको उत्कृष्ट एकाङ्की बन्न पुगेको छ ।

**पत्थरको कथा** (२०२८) सालमा प्रकाशित स्वैरकल्पना प्रधान रहेको एकाङ्की हो । दृश्यविहीन एकाङ्की पत्थरको कथामा कार्य व्यापार एउटा अनकण्टार एक लासे ठाउँमा छ । यस एकाङ्कीमा परिवेश अत्यन्तै विशिष्ट छ । एक दृश्य भएको यस एकाङ्कीमा मुख्य पात्र : श्रीमान्त, विपिनदेव, ज्वालारानी, कृष्णरानी, रघुवीर सिंह, हुन् भने गौण पात्र ज्वाला रानीका छोराछोरी, कृष्ण रानी छोरा गाउँले बच्चाहरू बुढाबुढी आदि हुन् । नेपालको राणाकालीन ऐतिहासिक कालखण्डमा घटेका घटना सम्बद्ध विषयवस्तु र पात्रहरूलाई (काल्पनिक पात्रलाई) स्वैर काल्पनिक रूपमा प्रतिबिम्बत गरी सत्यतथ्यको उद्घाट गर्ने क्रममा यो एकाङ्की सार्थक रहेको पाइन्छ ।

**सत्ताको खोजमा** (२०२६) सालमा प्रकाशित एकाङ्की हो । एक दृश्य भएको यस एकाङ्कीमा नारीहरूका असामान्य मनोविज्ञानका इच्छा, अभिलाषा, कुण्ठा, दमन, शोषण, आवेग, ईर्ष्या अतृप्त चाहना आदिलाई विविध पात्रहरूको संवाद र अन्तर्क्रियाको माध्यमबाट समाजका व्यवहारलाई उतारिउको छ । समाजले नारीप्रति गरेको व्यवहार र समाजमा व्याप्त अविश्वास कुरीतिको भण्डाफोर गर्नु ।

**नाम नभएको मानिस** (२०३३) सालमा भित्तेघडी एकाङ्की सङ्ग्रहमा प्रकाशित एकाङ्की हो । यस एकाङ्कीमा साहक्रियाट्रिस्ट क्लिनिकको पृष्ठभूमिमा विकृत पात्रहरूलाई समावेश गरिएको छ । यसमा प्रकृतवाद, अधियथार्थ र विसङ्गतको पनि रेखाङ्कन भएको पाइन्छ ।

यसमा मानसिकता र संसार लिएका असमान धर्मी पात्रहरूलाई प्रस्तुत गरिएको छ । यसमा नाम नभएको मानिस डा. ज्योति सुनिता, आगन्तुक जस्ता पात्रहरूले सङ्घर्ष नगरी आफ्नो अस्तित्व रहन सक्ने त्रासले भागिरहेको कुरामा सचेत भएको कुरालाई एकाङ्की मार्फत देखाइएको छ ।

## ३.४ 'पत्थरको कथा' एकाङ्कीमा सामाजिक व्यवहार

'पत्थरको कथा' सामाजिक व्यवहारमा आधारित स्वैर एकाङ्की हो । एक दृश्य भएको यस एकाङ्कीमा रहेका पात्रहरूले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापका साथै पात्र-पात्रहरू बीचको अन्तर्क्रियामा सामाजिक व्यवहार पाउन सकिन्छ । सामाजिक व्यवहार मानिसहरूको पारस्परिक अन्तर्क्रिया हो । एकाङ्कीमा रहेका पात्रहरू पहिलो व्यक्ति, दोस्रो व्यक्ति, तेस्रो व्यक्ति, नारी, रघुवीर सिंह, श्रीकान्त, ज्वाला, शत्रुघ्न, स्वास्नीमान्छे, कृष्णरानी, कृष्णा, विपिन आदिको पारस्परिक अन्तर्क्रियाबाट सामाजिक व्यवहार झल्किएको छ । एकाङ्कीमा विविध पात्रहरू बीच संवाद हुनु, नेपालको राणाकालीन ऐतिहासिक कालखण्डमा घटेका घटना सम्बद्ध विषयवस्तु र पात्रहरूलाई (काल्पनिक पात्रलाई) स्वैरकाल्पनिक रूपमा प्रतिविम्बत गरी ती सत्यतथ्यको उद्घाटन गर्ने क्रममा पत्थरको कथा शीर्षकको एकाङ्की सार्थक रहेको छ । जसमा नेपाली समाजमा घटेका सामाजिक अपराधजन्य घटनालाई केन्द्रीय कथ्यको रूपमा प्रस्तुत गरिएको छ । एकाङ्कीका नायक विपिन बाबु घटनाका मूल योजनाकार हुन् । उनी अरूको उन्नति-प्रगति, विजय, सुख, शान्ति देख्न नचाहने ग्रामीण समाजका समान्तवादी चरित्र हुन् । उनको सहयोगी रघुवीर सिंह खलनायक पात्र हो जसले पैसाको लोभमा सबै नारी प्रमुख, वालबालिकाको हत्या गर्छ र अन्ततः उसलाई पनि विपिन बाबुले हत्या गरिदिन्छ । फलस्वरूप सबै चिहानमा भेट हुन्छन् । समाजमा अन्यायको विरूद्धमा बोल्न नसक्ने उल्टै पैसा र धन दौलतको प्रलोभनमा परी सबै सोझा सिधा मानिसको हत्या गर्ने रघुवीरसिंह जब मर्छ तत्पश्चात सबै मृतात्माहरूको भेट चिहानमा हुन्छ । विपिन बाबुको पनि मृत्यु हुन्छ र त्यही पुग्छ जसलाई रघुवीरले आफूलाई अपराध गर्न प्रेरित गर्ने तपाईं जस्ता घृणित व्यक्तिले मलाई समेत हत्या गर्नुभयो भनी मुखमा थुकिदिन्छ । ऊ पूर्ण रूपले स्वीकार्दै पत्थर बन्दछ र अरू सबैले उसलाई घृणा र तिरस्कार गर्दै सबैको आवाज बन्द हुन्छ र पत्थर बन्दछन् ।

यस क्रममा ज्वालाले आफ्ना नाबालक छोराछोरी मारिएकामा चिन्ता व्यक्त गर्नु, श्रीकान्तले सहानुभूति दिनु, शत्रुघ्नले बालप्रेम दर्शाउनु, रघुवीर सिंहले आफूले गरेका अपराधको प्रायश्चित गर्नु, ज्वालाले रघुवीरप्रति रोष प्रकट गर्नु, श्रीकान्तले शान्ति र मेलमिलापको बाटो रोज्नु, विपिन बाबुले मरिसकेपछि पनि रघुवीरलाई झम्टनु, विपिन बाबुको पत्नी स्वास्नीमान्छे डराएर भाग्नु लगायतका सामाजिक व्यवहारहरू एकाङ्कीमा

प्रतिविम्बित रूपमा उतारिएका छन् । तसर्थ सामाजिक व्यवहारलाई सुझाव, सहानुभूति र प्रेरणाका माध्यमबाट क्रमशः विश्लेषण गरिएको छ ।

## ३.४.१ सुझाव

'पत्थरको कथा' एकाङ्कीमा प्रयुक्त पात्रहरूका सामाजिक व्यवहार सुझावद्वारा सञ्चालित छ । सुझाव कुनै पनि व्यक्तिको व्यवहार, विचार वा अभिवृत्तिमा आवश्कय दिशा तथा मात्रामा परिवर्तन ल्याउनको लागि दिइन्छ । एकाङ्कीमा रहेका पात्रहरूको समय र परिस्थितिअनुसार एकले अर्कालाई सुझाव दिएका हुन्छन् । जसले गर्दा एकाङ्कीमा सामाजिक व्यवहार प्रकटिएको देखिन्छ । यसै सामाजिक व्यवहारमा सामूहिक/सामाजिक मनोविज्ञान निहित हुन्छ । एकाङ्कीमा श्रीकान्त, शत्रुघ्न, ज्वाला, कृष्णा आदि पात्रले एक अर्कालाई सुझाव दिएका छन् । यसरी एक अर्कालाई दिएको सुझावहरू प्रत्यक्ष सुझावका रूपमा आएका छन् । त्यसैगरी रघुवीरले एकाङ्कीको अन्त्यमा समाजको रहेका व्यक्तिहरूलाई सुझाव दिएको छ । ऊ पश्चातापी पात्र हो जसले आफ्नो मृत्युपछि मात्र विपिन जस्ता हिंस्रक नरपिशाच एवम् सामन्तप्रति चेतना प्रदान गर्दै सबैलाई सल्लाह र सुझाव दिएको छ ।

रघुवीर सिंहले आफूलाई यत्तिका निर्दोष अबलालाई मार्न लगाएको बदला लिन मृतात्मा विपिनसँग आई लाग्ने क्रममा श्रीकान्तले सम्झाएको सुझावयुक्त घटना सन्दर्भ "के कुरा गऱ्या रघुवीर ! हामीत मरि नै सक्यौं नि, के मार्छौ उसलाई फेरि । भो नबाझ । बरू यस्ता घृणित पशुसँग सम्बन्धै नराखौं, बोल्दै नबोलौं ।" हिँड (पत्थरको कथा, पृ. १६) । श्रीकान्तले दिएको प्रत्यक्ष सुझावले सामाजिक व्यवहारलाई देखाउँछ । समाजमा एउटाले अन्याय गऱ्यो भन्दैमा अरूले पनि अन्याय गर्नु हुँदैन । मानवीय भावनाले एक अर्कामा प्रेमको सम्बन्ध विस्तार गर्नुपर्छ भन्ने विचार माथिको गद्यांशमार्फत् अभिव्यक्त भएको छ ।

यसरी सुझावद्वारा व्यक्तिको व्यवहारलाई एउटा निश्चित दिशा प्रदान गर्न सकिन्छ । यस एकाङ्कीमा सुझावहरू प्रत्यक्ष रूपमा दिएका छन् तर ती सुझावहरू उनीहरूका भाव, विचार, अनुभव प्रतिकूल रहेका छन् । जसको कारणले गर्दा कसैले पनि सुझावलाई स्वीकारको देखिँदैन भने सुझावकै कारण उनीहरूको व्यवहारमा परिवर्तन पनि आएको छैन । यद्यपि सुझावले ती व्यक्तिका सामाजिक व्यवहारलाई भने दर्शाएको छ ।

## ३.४.२ सहानुभूति

'पत्थरको कथा' एकाङ्कीमा पात्रहरूको परस्पर अन्तर्क्रियामा एकले अर्काप्रति सहानुभूति व्यक्त गरेका छन् । पात्रहरूको एक अर्काप्रतिको सहानुभूतिले उनीहरूको सामाजिक व्यवहारलाई प्रष्ट पारेको छ । कसैलाई दुःखी देखेर त्यस्तै दुःखको अनुभूति गर्नु सहानुभूति हो । एकाङ्कीमा ज्वाला र श्रीकान्तले र क्रमशः छोराछोरीप्रति र कृष्णारानीप्रति दुःख प्रकट गर्दै सहानुभूति प्रदान गरेका छन् । ज्वालाले, "उफ् ! मेरा दुवै छोराछोरी मारिए ।

समा कस्ती राम्री थिई, भर्खर तोते बोली बोल्दै थिई । कस्तो प्यारो गरी गालामा म्वाइँ खान आउँथी - 'ममी, ममी' भन्थी । तिनीहरू मारिए । उफ् ! मैले पो के सुन्नु परेको !" (पत्थरको कथा, पृष्ठ ५) । भन्दै आफ्ना सन्तानको दुःख कष्टलाई कम गर्ने प्रयास गरेकी छ । आमाको यो व्यवहार माया र प्रेमबाट सन्तानहरूको दुःखप्रति उत्पन्न भएको सहानुभूतिको भाव हो । त्यस्तै श्रीकान्तले कृष्णारानीलाई, "कृष्णारानी तपाईंलाई मर्न मन थिएन । मर्न कसलाई मन लाग्छ ? धरतीको न्यानो घाम कसलाई छाड्न मन लाग्छ ? तपाईं मारिनुभयो जालमा परेर (पत्थरको कथा, पृ.१२) ।" सान्त्वना दिएका छन् । यस्ता सामाजिक व्यवहारहरू प्रत्येक समाजमा रहेका हुन्छन् र प्रत्येक समाजका व्यक्तिहरूले गर्ने देखाउने गर्दछ । जसले पीडितलाई थोरै वा केही क्षणको निम्ति भए पनि सहानुभूति, शान्ति र आनन्द मिल्दछ । यसरी एकाङ्कीमा उल्लिखित संवादहरू सामाजिक व्यवहारमा मनोविज्ञानको रूपमा चित्रण हुन पुगेको छ ।

### ३.४.३ प्रेरणा

व्यक्तिले गर्ने सामाजिक व्यवहार प्रेरणाद्वारा सञ्चालित हुन्छ । 'पत्थरको कथा' शीर्षकको यस एकाङ्कीमा पात्र अर्थात् व्यक्तिले गरेका सामाजिक व्यवहारहरू प्रेरणाद्वारा सञ्चालित छन् । प्रेरणा जन्मजात र आर्जित री दुई प्रकारको हुन्छ । व्यक्तिले यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको निम्ति कार्य गर्दछ । एकाङ्कीमा विपिन, रघुवीर आदिले आर्जित प्रेमको सन्तुष्टिका लागि विभिन्न मानवीय हिंसात्मक क्रियाकलाप गरेका छन् । प्रेरणाको सन्तुष्टिको निम्ति गरेको क्रियाकलापको उनीहरूको सामाजिक व्यवहारलाई देखाएको छ ।

'पत्थरको कथा' एकाङ्कीमा रघुवीरले गरेका सम्पूर्ण सामाजिक व्यवहारहरू आफ्नो आर्जित प्रेरणाको सन्तुष्टिको लागि गरेको छ । धन, सुरक्षा, मान, प्रतिष्ठा, यश, भय आदि आर्जित प्रेरणाको रूपमा रहेका र रघुवीर यिनै आर्जित प्रेरणा पाउनको लागि निरन्तर रूपमा कार्य गरिरहेको छ । विपिनको निर्देशनमा रही उसैको विविध स्वाभाविक अभिव्यक्ति लगायत धन दौलत रघुवीरका आपराधिक क्रियाकलापका अन्तः प्रेरणा बनेर आएका छन् । एकाङ्कीका सबै पात्रहरू (विपिन बाहेक) लाई उसले हत्या गरेको छ । यो रघुवीरको सामाजिक व्यवहार हो । यसरी हेर्दा रघुवीरमा आर्जित प्रेरणाको सन्तुष्टिको नकारातमक उत्प्रेरकको भाव उत्पन्न भएको छ । त्यसैले उसले आफ्नो मालिकको आदेशअनुसार सबैलाई मारेको छ । रघुवीरले मालिक विपिनसँग प्रेरित भइ सामाजिक अपराध गरेको तथ्य उसकै अभिव्यक्तिबाट यसरी उद्धृत हुन पुगेको छ - "जो उहाँको विद्वद्ध अलिकति मात्र शिर उठाउँछ, त्यसलाई सर्वनाश गर्न उहाँ तम्सिहाल्नुहुन्थ्यो । के उहाँलाई गाउँमा स्कुल भएको मन परेको थियो ? थिएन । यही अपराध तपाईंको थियो उहाँको निमित्त । अनि म त्यसैले खटिएँ, थाहा थियो मलाई, तपाईं विछट्टै असल हुनुहुन्थ्यो तर मैले तपाईंलाई नमारेको खण्डमा पहिलेका ज्यानहरू जुन मैले मारें त्यस दोषमा उहाँले मलाई पक्राइ दिनुहुन्थ्यो वा मार्नुहुन्थ्यो (

पत्थरको कथा, पृ.८) ।" भन्ने भनाइबाट वातस्वमा मानिसमा जन्मसिद्धभन्दा आर्जित गुणहरू बढी नराम्रा, गम्भीर एवम् संवेदशील हुन्छ भन्ने कुराको पुष्टि हुन्छ । अतः मानिसमा समाजमा हुने विविध क्रियाकलापहरू अचेतनमा दबिएर रहेका जन्मसिद्ध पाशविक गुणहरूलाई बाह्य प्रेरक तत्वले जागृत गराई क्रियाशील हुन पुग्छ र फलस्वरूप मानिस समाजमा नराम्रा कार्यतर्फ प्रेरित हुन पुग्दछ भन्ने कुराको निचोडमा पुग्न सकिन्छ ।

यसरी एकाङ्कीमा प्रयुक्त पात्रहरू आर्जित र जन्मसिद्ध दुवै गुण स्वभावबाट प्रेरित छन् । जसमध्ये विपिन र रघुवीर समाजबाट आर्जित प्रेरणाबाट सञ्चालित छन् भने श्रीकान्त, शत्रुघ्न, ज्वाला, कृष्णारानी, स्वास्नीमान्छे आदि जन्मसिद्ध र आर्जित दुवै प्रेरणाबाट प्रेरित रहेका छन् ।

## ३.५ 'सत्ताको खोजमा'मा सामाजिक व्यवहार

'सत्ताको खोजमा' एकाङ्की नेपाली सामाजिक विषयवस्तुमा आधारित रहेको छ । पुरुष नारीहरूको आफ्नो हक अधिकार र स्वतन्त्रताको निमित्त गरेको सङ्घर्ष, त्याग र बलिदानलाई एकाङ्कीमा निकै गम्भीर रूपमा उठाइएको छ । 'पत्थरको कथा' एकाङ्की सङ्ग्रहमा एक दृश्य (पृ.९४-१०८) मा फैलिएको लघु आयामयुक्त यस एकाङ्कीमा नेपाली राजनीति र नोपली नारी समाजको प्रतिबिम्ब झल्किएको छ । विशेषतः नारीहरूका असामान्य मनोविज्ञानका इच्छा, अभिलाष, कुण्ठा, दमन, शोषण, आवेग, रोष, ईर्ष्या, अतृप्त चाहना आदिलाई विविध पात्रहरूको संवाद र अन्तर्क्रियाको माध्यमबाट सामाजिक व्यवहारको रूपमा उतारिएको छ । सामाजिक व्यवहार मानिसहरूका दैनिक जीवन निर्वाहका अपरिहआर्य क्रियाकलाप हुन् । यस एकाङ्कीमा पनि विविध पात्रहरूका अन्तर्क्रिया, संवाद, उत्तर प्रत्युत्तर, अफसोच आदिलाई सामाजिक व्यवहारको माध्यमको रूपमा प्रस्तुत गरिएको छ । यसरी हेर्दा एकाङ्कीका सबै पात्रहरू मीना, शीला, भरिया, भाउजू, तिलक, प्रमिला सामाजिक व्यवहारबाट सञ्चालित छन् । एकाङ्कीमा लिकमानसँगको वैवाहिक सम्बन्धपछि जीवनलाई बन्धनले युक्त पराधीन र मरेतुल्य ठानी मौन रूपमा श्रीमानबाट दबिएर वस्नु पर्दाको प्रमिलाको दिनचर्या, श्रमिानबाट उनको खुसीमा गरिएको भोग्य वस्तु र उपहारहरू, प्रमिलाभित्रको स्वतन्त्रता र खुला यौन सम्बन्धको अतृप्ति, अन्ततः अधिकार अर्थात् नारी सत्ताकै निम्ति झुण्डिएर आत्महत्या गर्नु, जो बी.ए. पढ्दै गरेकी शिक्षित र सचेत नारी मीनले समाजमा चेतनाको सन्देश फैलाउनु, शीलाले साथी मीनालाई सामाजिक शोषण र लैङ्गिक विभेदको अन्तय गर्ने साहसिक कार्यको कदर गर्दै सहयोग गर्नु, भाउजूले प्रमिलाको मृत्यु (आत्महत्या) भएको खबर सुनाउनु, मीना र शीलाले त्यस घटनाप्रति विशेष चासो राख्नु आदिलाई सामाजिक व्यवहारको रूपमा लिन सकिन्छ । यी व्यवहारहरू नेपाली समाजमा चलेका सुझाव, सहानुभूति र प्रेरणाबाट सञ्चालित भएका छन् । ती सामाजिक व्यवहारलाई क्रमशः सङ्क्षिप्त रूपमा यसप्रकार विश्लेषण गरिएको छ :

### ३.५.१ सुझाव

'सत्ताको खोजमा' एकाङ्कीमा रहेका पात्रहरूको सामाजिक व्यवहार सुझावद्वारा सञ्चालित छ । कुनै पनि व्यक्तिको मनोवृत्ति, स्वभाव, कार्यशैली, व्यवहार आदिमा आवश्यक मार्ग निर्देश गर्न, कमजोरी हटाई सुधार ल्याउन तथा नकारात्मक वृत्तिको अन्य गर्नको निम्ति सामाजिक सुझाव दिइन्छ । यस एकाङ्कीमा पनि पात्रहरूद्वारा विभिन्न कुराहरूमा सुझाव दिइएको देखिन्छ । खासगरी भाउजूले शीला र मीनालाई प्रमिलाको आत्महत्या र त्यसले पारेको पारिवारिक प्रभाव सम्बन्धी सुझाव महत्वपूर्ण बनेर आएको पाइन्छ । त्यसैगरी साथी शीलाले मीनलाई दिएकी सुझाव सामाजिक व्यवहारको निम्ति उपयोगीसिद्ध हुन्छ । यसरी एकाङ्कीमा पात्रहरूले एक अर्कालाई दिएका सुझावहरू प्रत्यक्ष सुझावका रूपमा रहेका छन् । प्रमिलाले आफ्नो स्वतन्त्रता र अधिकार (सत्ता) को खातिर नवविवाहित कलकहलाउँदो यौवनलाई आत्महत्या गरी सदाको निम्ति जीवन बलिदान गरेको सामाजिक सन्दर्भलाई भाउजूले उठाउँदै त्यस कोठामा अहिले पनि भूतप्रेत बनेर तर्साउने गरेको र आफूलाई समेत उक्त स्थानमा प्रवेश गर्न डर लाग्ने गरेको तीतो र भयावह घटना अभिव्यक्ति गर्दै मीना र शीलालाई त्यस कोठामा नबस्न आग्रह भाव प्रकट गरिएको सुझावको एक अंश एकाङ्कीमा यसरी आएको छ - "म त्यो दिन झलझली सम्झन्छु - त्यही राम्रो गुलाबको थुँगाजस्तो दुलहीसाहेब झुण्डिएर मर्नुभो । म त्यस दिनदेखि यस कोठामा पसेको छैन । यस घरमा बराबर आवाज पनि आउने गर्छ, कहिले बढारेको जस्तो ढ्याक-ढ्याक, कहिले भऱ्याङ हिँडेको जस्तो ट्याक-ट्याक, कहिलेकाहीँ कोठाको झ्यालमा सेतो छाया उभिएजस्तो देखिन्छ । म पनि राति एक्लै दुक्लै पस्तिनँ, त्यसै मन तर्सिहाल्छ (सत्ताको खोजमा, पृ.१०२) ।" भन्ने उद्गारबाट समाजलाई चेतना शिक्षा र सन्देश दिने कुनै न कुनै पात्रहरू हुन्छन् । जसले व्यक्ति र समाजको हित र भलाई चाहन्छन् भन्ने कुरालाई भाउजूले नन्दहरू (मीना र शीला) लाई दिएको गहन सुझावको स्पष्ट आधार मान्न  सकिन्छ ।

### #=%=@ ;xfg'e"lt

कसैलाई दुःखी देखेर त्यस्तै दुःखको अनुभव गर्नुलाई सहानुभूतिको उदाहरणका रूपमा लिँदै वैज्ञानिकहरूले सहानुभूतिलाई मानसिक अवस्थाको अनुभूति बताएका छन् । व्यक्तिमा सहानुभूति सामाजिक अन्तर्क्रियाको परिणाम स्वरूप उत्पन्न हुन्छ । कसैको भाव, संवेग वा अभिव्यक्तिबाट प्रभावित भएर त्यस्तै अनुभव गर्न लाग्नु सहानुभूति हो । त्यसैले सहानुभूति एउटा भावनात्मक प्रक्रिया हो । यही भावनाकै कारणले हामी कसैलाई सहायता गर्छौं अथवा उसप्रति संवेदना व्यक्त गर्दछौं (त्रिपाठी र सिंह, १९८०:४२५) । दया, माया, प्रेम, नम्र स्वभाव आदिले सहानुभूति उत्पन्न गर्नमा सहयोग गर्दछन् । यसले व्यक्तिलाई दुःखमा धैर्य, राहतको अनुभूति मिल्दछ ।

यसरी हेर्दा 'सत्ताको खोजमा' एकाङ्की पात्रहरूको सामाजिक क्रियाकलाप र व्यवहारमा सहानुभूति देखिएको छ । एकाङ्कीमा पात्रहरूका विविध संवादमार्फत् सहानुभूति प्रष्ट हुन आएको छ । दया, माया, प्रेम, नम्र स्वभाव, सल्लाह आदिले सहानुभूति उत्पन्न गर्न सहयोग गरेको छ । भाउजूले मीनालाई र मीनाले शीलालाई भनेका संवादमूलक अभिव्यक्तिमा सहानुभूति देख्न सकिन्छ । त्यसैगरी भाउजूले तिलकप्रति गरेको अभिव्यक्तिमा सहानुभूतिको भाव प्रकट भएको छ ।

भाउजूको मीनप्रतिको केही सामाजिक व्यवहार सहानुभूतिमा आधारित छ - "... अनि आत्महत्या गर्नुहोला जसतो नै हुनुहुन्थेन । सधैँ हँसिला अनुहार लिएर बस्नुहुन्थ्यो, कुराकानी पनि मीठै थियो । ठूलो स्वरले बोल्नु भएको नै सुनेका छैनौँ (सत्ताको खोजमा, पृ.१०३) ।" तिलकमानकी पत्नी प्रमिलाले आत्महत्या गरेकोमा भाउजूले उनीप्रति दुख भाव प्रकट गर्दा माथिको भनाइ आएको छ । भर्खर विवाह गरेकी यौवन र सौन्दर्यले भरिएकी कलकलाउँदी बैसकी प्रमिलाको स्वभाव र व्यवहारप्रति प्रशंसा गर्दै उनीप्रति सहानुभूति व्यक्त भएको छ ।

यसरी नै शीलाले भाउजूको कुराबाट डराएर आफ्नै कोठामा फर्कने कुरा गर्दा मीनाले शीलालाई सहानुभूति दिएको प्रसङ्गको एक अंश यस्तो देखिन्छ - "नतर्स त्यसरी, कुरा त  बुझौँ । थाहा छ भाउजू, किन उहाँले (प्रमिलाले) आत्महत्या गर्नु भो (सत्ताको खोजमा, पृ. १०२) ?" अतः माथिको अभिव्यक्तिमा सहानुभूति प्रकट भएको देखिन्छ । प्रमिलाप्रतिको सहानुभूतिपूर्ण भनाइले श्रोता शीला र मीनामा समेत दया, माया र करूणको भाव सिर्जना हुन पुगेको छ ।

यसैगरी प्रमिलाको श्रमिान् तिलकमानको व्यवहारबाट पनि सहानुभूतिको भावबाट प्रेरित छ जुन अभिव्यक्ति भाउजूले मीनासँगको प्रश्नोत्तर क्रममा भनेको प्रसङ्गको एक अंश यसतो छ - "बुझ्नुभो नानी, उहाँ त्यसरी झुण्डिएर मरेपछि तिलकमान काजी साहेक यो घर छाडेर अन्त अर्कै आफ्नै घरमा सर्नुभो । तर तैपनि कहिलेकाहीँ बेलुकापख राति बराबर यहाँ आउने गर्नुहुन्छ र यस कोठाको ढोका खोलेर पस्नुहुन्छ र घण्टौँ डराउनुहुन्छ । मैले पनि ३-४ चोटि देखेकी छु । कहिले महिनौँ आउनु हुन्न कहिले लगातार आउनुहुन्छ । सबैजना भन्छन् उहाँको अलि बिग्रिसक्यो भनेर । अहिले पनि आउन सक्नुहुन्छ । उहाँ जुनसुकै बेलामा पनि आउन उहाँको केही ठेगाना छैन । त्यसैले पनि मैले भनेकी तपाईंहरूलाई यहाँ नबस्नोस् भनेर, कहाँ त्यसरी आउनुभो भने ? उक्त माथिको अभिव्यक्ति सामाजिक व्यवहारका क्रममा भाउजूले तिलकमानलाई सहानुभूति दया, मायाको भाव देखाउने रूपबाट प्रस्तुत भएको पाइन्छ । यसरी एकाङ्कीमा विभिन्न पात्रहरूका संवादका माध्यमबाट सहानुभूति अभिव्यक्त भएको देख्न सकिन्छ ।

### ३.५.३ प्रेरणा

'सत्ताको खोजमा' एकाङ्कीमा पात्रहरूले सामाजिक व्यवहार प्रेरणाद्वारा गरेका छन् । भाउजू, मीना, शीला, प्रमिला र तिलकमान आदि पात्रले सामाजिक व्यवहार प्रेरणाको सन्तुष्टिको लागि गरेका छन् । प्रमिलाले झुण्डिएर आत्महत्या गर्नुमा श्रमीन् तिलकमानको व्यवहार तथा प्रमिलाको आफ्नै अहम् प्रवृत्ति एवम् नारी स्वतन्त्रता र अधिकारको अन्तः विद्रोह (मानसिक क्रान्ति) बनेर आएको पाइन्छ । यसैगरी भाउजूले नन्दहरू मीना र शीलाप्रति गरेको व्यवहार आर्जित र जन्मजात गरी दुई रूपबाट सञ्चालित छ । दया, माया, सेवा, करूणा, सहयोग, सहानुभूति जस्ता भावहरू भाउजूमा जन्मजात प्रवृत्तिबाट प्रेरित छन् भने प्रमिलाको आत्महत्याको कारूणिक दृश्य र त्यसबाट उत्पन्न भावस्वरूप प्रेरणको विकास र विस्तार हुन पुगेको देखिन्छ ।

यसरी नै मीना र शीलाको सामाजिक व्यवहारको संवाद दृश्यमा प्रेरणको अवस्था देख्न सकिन्छ । तिमीलाई पनि त्यस्तो लाग्यो । मलाई साँच्ची त्यस्तो लाग्यो । त्यो बरन्डाबाट त जतिसुकैले पनि हामी के गरिरहको छौँ चेवा लिन सक्छ, हेर्न सक्छ । अझ थाहा पायौ मीना, यस काठमाडौंका लोग्ने मानिसहरू त अनौठा हुन्छन् रे, हातले इशारा गर्न पनि बेर लाउँदैनन् रे । तन्त्रमन्त्र गरेको अक्षता छरेर त्यसै फकाएर पनि लान्छन् रे । हाम्रो केही वश नै चल्दैन रे । तिमी पनि कहिलेकाहीँ कस्तो केटाकेटी कुरा गर्छयौं, त्यसरी अक्षता छरेर होइन बुझ्यौ, बरूको मायाको स्वाङ रचेर, प्यान्ट सुटमा कसिएर, सुकुलगुण्डाहरूले लैजान् नानी ! (सत्ताको खोजमा, पृ.९५) ।

माथिका यी हास्य ठट्यौली शैलकिो चेतनामूलक संवादात्मक अभिव्यक्ति शीला र मीनामा आर्जित प्रेरणाको उपज हो । तिनले सामाजिक व्यवहारलाई दर्शाउँदै काठमाडौंको सहरी संस्कृति र लोक व्यवहारलाई प्रस्तुत गरेको छ । जसले गर्दा एक अर्कामा रहेको प्रेरणाको सन्तुष्टि/तृप्ति हुन पुगेको देखिन्छ । यसरी यस एकाङ्कीमा आर्जित र जन्मसिद्ध दुवै प्रेरणाहरूको उपयोग भएको देखिन्छ । अतः व्यक्तिले समाजमा गर्ने जे जति कार्य छन् ती सबै सामाजिक व्यवहार..... गर्दछन् र ती प्रेरणाद्वारा सञ्चालित हुन्छन् । एकाङ्कीमा भाउजू, मीना र शीला बीचको त्रिकोणात्मक व्यवहार यिनै प्रेरणाबाट अभिव्यक्त हुन पुगेका छन् ।

## ३.६ 'नाम नभएको मानिस' एकाङ्कीमा सामाजिक व्यवहार

प्रस्तुत एकाङ्की सामाजिक व्यवहारमा आधारित छ । एकमात्र दृश्यमा अङकित यस एकाङ्कीमा रहेका पात्रहरूले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापका साथै पात्र-पात्रहरू बिचको अन्तर्क्रियामा सामाजिक व्यवहार पाउन सकिन्छ । समाजमा हुने विभिन्न कार्य, घटना, व्यवहार परम्परा सहयोग आदिबाट सामाजिक व्यवहार स्पष्ट देखिन्छ । यसरी हेर्दा 'नाम नभएको मानिस' एकाङ्कीमा ज्योति, नाम नभचएको मानिस, सुनिता, आगन्तुक,

सोनाम आदिको पारस्पारिक अन्तर्क्रियाबाट सामाजिक व्यवहार देखा परेको छ । डाक्टर ज्योतिले अपरिचित 'नाम नभएको मानिस'लाई प्रश्न सोध्नु, त्यस मानिसले आफ्नो खास काम उद्देश्य नभएको बताउनु, नाम सोध्दा आफ्नो खास नाम नभएको कुरा गर्नु, सुनिता र सोनाम बिच प्रेम हुनु र अन्त्यमा प्रेमा धोका, घात हुनु, सोनामले आत्महत्या गर्नुजस्ता घटनाहरूमा सामाजिक व्यवहार देखिएका छन् । एकाङ्कीमा व्यक्तिहरूले यी सामाजिक व्यवहार सुझाव, सहानुभूति र प्रेरणाका माध्यमबाट गरेका छन् । तिनको क्रमिक विश्लेषण यसप्रकार गरिएकोछ ।

## ३.६.१ सुझाव

'नाम नभएको मानिस' एकाङ्कीमा रहेका पात्रहरूको व्यवहार सुझावद्वारा सञ्चालित छ । कुनै एक व्यक्तिले दोस्रो व्यक्तिको व्यवहार, विचार र अभिवृत्तिमा आवश्यक दिशा तथा मात्रामा परिवर्तमन ल्याउनको लागि दिइन्छ । एकाङ्कीमा रहेका पात्रहरूको समय र परिस्थिति अनुसार एकले अर्कालाई सुझाव दिएका हुन्छन् । एकाङ्कीमा डा. ज्योतिले मानिस नभएको मानिस र आगन्तुकलाई सुनिताले प्रेमी सोनालाई सुझाव दिएका छन् । एकले अर्कालाई दिएका सुझावहरू प्रत्यक्ष रूपमा आएका छन् । डा. ज्योतिले मानिसलाई दिएको सुझावको एक अंश एकाङ्कीमा यसरी अभिव्यक्त भएको छ- "मैले परीक्षा गरिसकेँ तपाईंलाई यहाँ पस्ने बित्तिकै, त्यो त मेरो पेशा नै हो । म मानिसलाई यस्सो हेर्ने बित्तिकै थाहा पाउँछु के भएको छ भन्ने कुरा । बरू.... हैन तपाईँलाई आफ्नो नामसँग, भो भो यो कुरा यहीँ समाप्ति गरिदिऊँ । अरू भन्नोस् ('नाम नभएको मानिस', पृ. १०२) ।" माथिको उक्त अभिव्यक्तिमा डाक्टर ज्योतिले आफ क्लिनिकमा आउने नाम नभएको पात्रलाई विभिन्न प्रश्न, जिज्ञासा राख्ने क्रममा आएको हो । अपरिचित मानिससँगको अन्तर्क्रियाबाट आजित भएका ज्योतिले थप प्रश्न गरेर उसलाई उत्तेजित गर्न नचाहेको कुरा व्यक्त भएको छ । यसरी नै ज्योतिले आगन्तुकलाई दिएको सुझावबाट एकाङ्कीमा सामाजिक व्यवहार झल्किएको छ- "( नयाँ आगन्तुकलाई हेरेर) को, को तपाई ? किन त्यसरी यहाँ पस्नु भएको ? ढोका खोलिदिनोस्, ढोका खोल्नोस् त्यसरी यहाँ पस्नु भएको ? ढोका खोलिदिनोस्, ढोका खोल्नोस् भनेका । के हेरिरहेको ?" ('नाम नभएको मानिस', पृ. ११४) । यसरी ज्योति डाक्टर र आन्तगुक बिचको अन्तर्क्रियाका क्रममा आगन्तुकले गरेको अस्वाभाविक व्यवहार अर्थात् अरूको घरमा एक्कासि पसेको देखेपछि बिना अनुमति अर्काको घरमा पस्नु ठिक होइन भन्ने विचार वा आशय सुझावको रूपमा आएको छ ।

यसैगरी प्रेमिका सुनिताले प्रेमी सोनामलाई गरेको विद्रोहपूर्ण अभिव्यक्तिमा सुझावको आशय पाइन्छ । प्रेमको नाममा यसरी यौवन र अस्मितासँग खेलवाड गरेर हिड्ने आधुनिक युवा वर्गलाई यसले नराम्ररी झापड हानेको छ भने युवती/प्रेमिकाहरूको पनि अहमता, अनिर्णय, विश्वासहीनता जस्ता कुरालाई सङ्केत गरेको छ । यसक्रममा प्रेमिका सुनिताले

प्रेमी सोनामलाई दिएको जवाफमा सुझावको भाव व्यक्त हुन पुगेछ । आगन्तुकले सुनितालाई नदीमा हामफल्ने बहाना गर्दा गर्दै, साँच्चैकै चिप्लेर नदीमा खस्नुभो र मर्नुभो तपाई ? त्यसो भए आकसिम्मक मरण तपाईको भन्ने प्रश्नको जवाफमा सुनिताले (रिसाएर) "तिमी बाँचेको भए मलाई थाहा थियो तिमीलाई गर्ने । म दसौटी ल्याउन सक्छु भन्ने भएको धोकेवाज, बेइमान । मलार्य प्रेम गरेको सबै स्वाङ हो त्यसो भए ? म चाहिँ तिम्रो निम्त्रि सर्वश्व लुटाउन तैयार, तिमी चाहिने बेइमान । लौ प्रेतै भए पनि तिमीसँग यसको बदला नलिई छोड्दिनँ, म मारिछाड्छु । तिमीलाई फेरी, लौ मर (जे पायो उही उठाउँदै उसलाई हान्न थाल्छिन्) बेइमान नौ मर ! लौ मर ! ('नाम नभएको मानिस', पृ. १२२) ।" यसरी माथिको यी अन्तर्क्रियाबाट व्यक्तिमा सामाजिक परिवर्तन वा सुधारको निम्ति सुझाव प्रदान गरेको छ । सुझावबाट नै व्यक्तिले जानेर वा नजानेर गरेका गल्ती कमजोरीहरू हटाई उसमा सकारात्मक धारणा, चेतना, ज्ञानको विकास गर्न सकिन्छ ।

## ३.६.२ सहानुभूति

सहानुभूति एक किसिमको मानवीय संवेदनामूलक अभिव्यक्ति हो । एक पात्रले अर्को पात्रको दुःख, पीडा देखेर आफू पनि त्यसबाट भावुक वा दुःखी भई उसप्रति गरिने दया मायाको कारूणिक भाव नै सहानुभूति हो । मानव जीवन सुख र दुःखको समीश्राण हो, जहाँ कहिले सुख त तहिले दुःख भोग्नुपर्दछ । मानिस सामाजिक प्राणी हुनाले समाजमा थुप्रै सामाजिक प्रेम, वियोग, मृत्यु, दुर्घटना, क्षति, विनास, अनिष्ट, दैवी प्रकोप आदि मानव दुःखका मूल कारक हुन् । यिनै विपत्तिबाट शान्ति र छुटकारा पाउनको निम्ति समाज, परिवार, व्यक्ति, कुटुम्ब वा आफन्तले मानिसलाई दुःखमा सहानुभूति दर्साउँछन् । यो मानव जीवनमा अपरिहार्य छ किनकि मानिस सधैँभरि दुःखमा मात्र पिल्सिएर बाँच्न सक्दैन ।

यस आधारमा हेर्दा 'नाम नभएको मानिस' एकाङ्कीमा पनि पात्रहरूको सामाजिक जीवनमा भोगेका विविध घटना, कार्य व्यवहार तथा अनुभव आदिबाट उत्पन्न दुःखमा एक पात्रले अर्को पात्रलाई सहानुभूति प्रदान गरेको छ । एकाङ्कीमा डाक्टर ज्योतिले मानिस ('नाम नभएको मानिस') र आगन्तुकलाई तथा प्रेमिका सुनितालाई सहानुभूति दिएका छन् ।

आफ्नो क्लिनिकमा पसेको मानिससँग धेरै समय अन्तर्क्रिया गरिसकेपछि अनि रोग जाँचिसकेपछि उसमा वास्तवमा कुनै रोगको लक्षण नभेट्टाएकोले मानिसलाई ढुक्क बनेर बाँकी जीवन जिउन सल्लाह दिएको यस अभिव्यक्तिबाट सहानुभूतिको भाव प्रकट भएको देखिन्छ । डा. ज्योति भन्छ, "(हाँसेर) रोग ? जस्तो तपाईंको नाम छैन, त्यस्तै त्यो रोगको पनि नाम छैन । अर्थात् तपाईंलाई कुनै रोग लाग्या छैन (नाम नभएमो मान्छे पृ. १०२) ।" भन्ने हास्यामूलक अभिव्यक्तिबाट डाक्टरमा मानिसप्रतिको सहानुभूतिको भाव प्रकट भएको

छ । यसले गर्दा मानिस आफूमा रहेको रोग सम्बन्धी भय र त्रासबाट मुक्ति, शान्ति पाएको छ । अतः सहानुभूतिले मानव जीवनका दुःख कष्टमा मलम लगाउने काम गरेको छ ।

यसरी नै एकाङ्कीमा सोनाम र सुनिता बिचको प्रेम सम्बन्धको हास्य ठट्यौली पूर्ण संवादबाट सहानुभूतिको भाव व्यक्त भएको छ । युवा - युवती बिचको प्रेममय हाँसो मज्जा गर्ने, रमाइलो गर्ने र एकले अर्काको सच्चा माया र वास्तविक भावना विचार जान्ने दुःखमा धैर्य र शान्ति प्रदान गर्ने तथा सुखमा ज्यादा रमाइलो र आनन्द लिने मानवीय चाहना भएको हुँदा यी प्रेममय भाव जन्य सामाजिक व्यवहारहरू महत्वपूर्ण मानिन्छन् । एकाङ्कीमा पनि सोनाम र सुनिता बिचको प्रेमको रोचक वार्तालाप आएको छ । यसक्रममा प्रेमी सोनामले सुनिता (प्रेमिका) लाई दिएको अभिव्यक्तिबमा सुनिताप्रतिको सहानुभूतिको भाव प्रकट हुन पुगेको छ । सोनामले भनेको छ- “मैले तिम्रो खातिर आत्महत्या नै गरेको थिइनँ । यो साँचो कुरा हो । तिमीलाई के को दोष लाग्न सक्छ ? मैले घरबाट पढ्नलाई एक पैसा कानाकौडी पनि पाउने भइनँ । त्यो दावा हामी सबैकी स्वास्नीले मलाई सम्पत्ति हुनसम्मान् पनि नदिने भई । त्यसैले त्यही झोँकमा मैले नदीमा हामफालेर मर्छु भनें र तर्साउन साँच्चैकै नदीमा आएर हामफल्ने बहाना गर्दा गर्दै चिप्लिएर नदीमा खस्त पुगे छ” (नाम नभएको मानिस, पृ. १२१) । यसरी माथिको अभिव्यक्तिबाट सोनामको प्रेमिका प्रेमी सोनामको आत्महत्या प्रयासबाट डराएको अनि त्सबाट ग्रसित भई दुःखी भएकोमा सोनामको यस नम्र अभिव्यक्तिले सहानुभूतिको भाव निकै मार्मिक रूपमा प्रकट गरेको स्पष्ट देखिन्छ । अतः एकाङ्कीमा सहानुभूतिले पात्रको सामाजिक व्यवहारमा प्रत्यक्ष प्रभाव पारेको छ । यसैगरी एकाङ्कीमा विविध पात्रहरूबिच परस्पर अन्तर्क्रिया र विचार आदान प्रदानबाट सहानुभूतिको भाव व्यक्त हुन पुगेको छ ।

### ३.६.३ प्रेरणा

साजमा व्यक्तिका विविध क्रियाकलाप तथा व्यवहारहरू प्रेरणाद्वारा सञ्चालित हुन्छन् । ‘नाम नभएको मानिस’ एकाङ्कीमा व्यक्तिले गरेका सामाजिक व्यवहाहरू प्रेरणाद्वारा सञ्चालित छन् । समाजमा बस्ने व्यक्तिहरू कुनै न कुनै प्रेरणाद्वारा प्रेरित भई सामाजिक व्यवहार तथा अन्तर्क्रिया गर्दछन् । यसक्रममा उनीहरूले आर्जित र जन्मसिद्ध दुवै रूपबाट प्रेरणा ग्रहण गर्दछन् । व्यक्तिले यिनै प्रेरणाबाट सामाजिक व्यवहार प्रदर्शन गर्दछ । प्रस्तुत एकाङ्कीमा पनि विविध पात्रहरूले एक अर्कालाई प्रेरणा प्रदान गरेका छन् । बिहे गरी घरजम गर्नुपर्ने विचारमा आधारित दाजु र भाउजूको प्रेरणा सुनितालाई दिइएको पाइन्छ । सुनिताका दाजु गोपालले बहिनी सुनितालाई विवाह गर्न प्रेरणा दिएको भाव निहित अभिव्यक्तिको एक अंश सुनिताले यसरी व्यक्त गरेकी छन्- (दाजुको भाउ लाउँदै) गोपाल दाइले मलाई एकदिन तर्साउँदै मनाउँदै भन्नुभो- सुनिता ! के तिमी मेरा नाककान काट्न चाहन्छयौ, सबको सामुन्ने ? बुबा स्वर्ग हुनु भइसकेको छ , दाजुले आफूले चाहिँ धुमधामसँग विहे गऱ्यो, ...

के यसरी संसारको सामुन्ने मेरो बदनाम गर्न चाहन्छौ ? सुन, म यसैसँग बिहे गर भनी तिमीलाई कर गर्दिनँ, तर, तिमिले बिहे गर्ने पर्छ । आफैले रोजेर भए पनि बिहे गर्नै पर्छ तिमीले । (भाउजूको भाउ लाएर) अनि त्यसपछि भाउजूले पनि भन्न थाल्नुभयो- सुनिता नानी, बिहे गर्नुस् तपाइँ ! दाजु आमाको वचन पनि त राखिदिनोस् । बरू यो मनपर्छ भनेर मलाई सुटुक्क भन्नोस् न । के को लाज छि : मलाई भन्नलाई पनि, बरू को होला त्यो भाग्यमानी हँ यस्ती राम्ररी नन्दको हात समाउने ! (आमाको भाउ लाएर) अनि आमाले रूँदै, हात जाड्दै भन्नुभो- 'नानी, तँलाई मलाई स्वर्ग पठाउन मन छैन ? भन, जवान छोरीलाई कसैलाई कन्यादान नदिई त्यसै म परेँ भने के म रौ नरकमा पर्दिनँ ? के भन्नालन् मलाई लोकले, नौ भन ? बरू तिमी आफैँले मन पर्नेलाई रोज, बिहे गर्छु मात्र  भन । म कुनै आपत्ति गर्दिनँ (नाम नभएमो मानिस, पृ. १०९) । यसरी माथिका यी करूण संवाद मार्फत् प्रेरणाको भाव प्रकट भएको आफ्नो जीवनलाई व्यवहारिक आदर्श र सुखद् बनाउनुपर्छ जसले गर्दा नारीहरूलाई कसैले नराम्रो दृष्टिले हेर्न सक्दैनन् भन्ने प्रेरणा र आदर्श तवरले बिताउन हरेक मानिसलाई आफन्तजन एवम् परिवारको उचित प्रेरणा आवश्यक पर्दछ ।

यसैगरी डाक्टर ज्योतिले मानिस ('नाम नभएको मानिस') लाई दिएको प्रेरणाको एक अंश यस्तो छ- "तर एउटा कुरा, यहाँबाट निस्किनुभन्दा अगाडि तपाईं मलाई आफ्नो साँचो परिचय दिएर जानोस् । म सदाकाल यस भेटलाई सम्झि राख्नेछु । अब त हामीहरू एक दोस्रोको साथी भैसक्यौँ । ('नाम नभएको मानिस', पृ. १०३) ।" यसरी माथिका यी अंशबाट एकाङ्कीमा विभिन्न पात्रहरूको अन्तर्क्रियाले प्रेरणाको महत्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ । अतः प्रस्तुत एकाङ्कीमा सामाजिक मनोविश्लेषण गर्ने क्रममा सामाजिकता अध्ययनअन्तर्गत सामाजिक व्यवहार भित्रका सुझाव, सहानुभूति र प्रेरणालाई पात्रहरूका विविध अन्तर्क्रियाका रूपमा निकै गहन एवम् सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । एकाङ्की सामाजिक व्यवहारका दृष्टिले सार्थक र प्रभावकारी बन्न पुगेको छ ।

## ३.७ 'भोलि के हुन्छ ?' एकाङ्कीमा सामाजिक व्यवहार

भोलि के हुन्छ ? सामाजिक व्यवहारमा आधारित एकाङ्की हो । एक एक दृश्य भएका तिन अङ्कमा विभाजित यस नाटमा रहेका पात्रहरूले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापका साथै पात्र-पात्रहरू बिचको अन्तर्क्रियामा सामाजिक व्यवहार पाउन सकिन्छ । सामाजिक व्यवहार मानिसहरूको पारस्परिक अन्रक्रिया हो । एकाङ्कीमा रहेका पात्र राजेन्द्र, माधुरी, कामिनी, मोहन, सुवर्ण, आमा, जज आदिको पारस्परिक अन्तर्क्रियाबाट सामाजिक व्यवहार प्रष्ट हुन आएको छ । एकाङ्कीमा प्रेमी महेश युद्धमा गएकोमा माधुरीले चिन्ता गर्दा कामिनीले सम्झाउनु, आमालाई मार्ने निर्णय गर्दा दुलहीले दुःख व्यक्त गर्नु, आमाले आफ्ना हत्या नगर्नको लागि पति र देवरलाई सम्झउनु, आमाले आफ्ना सन्तानले बाटो विराउँदा दुःख व्यक्त गर्नुका साथै सही बाटो देखाउन खोज्नु, सुवर्णले आमाको रक्षा गर्नु, माधुरीले

आत्महत्या गर्ने निर्णयलाई आमा र कामिनीले रोक्न खोज्ने प्रयास गर्नु आदि जस्ता सामाजिक व्यवहारहरूलाई देख्न सकिन्छ । एकाङ्कीमा व्यक्तिहरूले यी सामाजिक व्यवहारहरू सुझाव, सहानुभूति र प्रेरणाले गरेका छन् । त्यसैले आगामी उपशीर्षकमा व्यक्तिहरूले गरेका सामाजिक व्यवहारलाई सुझाव, सहानुभूति र प्रेरणाका माध्यमबाट विश्लेषण गरिएको छ ।

### ३.७.१ सुझाव

भोलि के हुन्छ ? एकाङ्कीमा रहेका पात्रहरूको सामाजिक व्यवहार सुझावद्वारा सञ्चालित छ । सुझाव कुनै पनि व्यक्तिको व्यवहार, विचार या अभिवृत्तिमा आवश्यक दिशा तथा मात्रामा परिवर्तन ल्याउनको लागि दिइन्छ । एकाङ्कीमा रहेका पात्रहरूको समय र परिस्थिति अनुसार एकले अर्कालाई सुझाव दिएका हुन्छन् जसले गर्दा एकाङ्कीमा सामाजिक व्यवहार देख्न सकिन्छ । यसै सामाजिक व्यवहारमा सामूहिक/सामाजिक मनोविज्ञान निहित हुन्छ । एकाङ्कीमा माधुरी, मोहन, सुवर्ण, कामिनी, दुलही, जजले एकअर्कालाई सुझाव दिएका छन् । यसरी एकअर्कालाई दिएको सुझावहरू प्रत्यक्ष सुझावका रूपमा रहेका छन् । त्यस्तै एकाङ्कीमा राजेन्द्र अदृश्य पात्रको रूपमा रहेको छ । राजेन्द्रले एकाङ्कीको अन्तमा समाजमा रहेका व्यक्तिहरूलाई दिएको सुझाव एकाङ्कीकार स्वयमले दिएको सुझाव हो ।

माधुरीले सपनामा प्रेमी महेशलाई देखेको र आफूहरूको मिलन नभएको कुरा कामिनीलाई बताउँदै युद्धमा गएको व्यक्ति फर्कन्छ भन्ने विश्वास गर्नु आफूलाई ठग्नु र ढाँट्नु हो भन्दछे । महेश युद्ध जितेर फर्केर आएमा पनि ऊ रगतमा मुछिएर आएको हुन्छ, जुन रगत कसैको मरेको मायाको हुन्छ यदि युद्ध हारेर महेश मरे आफ्नो प्रेम मर्ने भन्दै मारेर र मरेर केही फाइदा हुदैंन भन्दै युद्ध सङ्ग्रामविना के जीवन यँहा चल्न सक्दैंन भनेर भनेकी छे । माधुरीका यस्ता कुरा सुनी कामिनीले “कस्तो कल्पना गरिबक्सेको ! भैहाल्यो सवारी हवोस उता, उता खोपीमा जाऔं । (विजय मल्ल, भोलि के हुन्छ ?, पृ.२२) भन्दै अनावश्यक कल्पना नगर्न सुझाव दिएकी छ । कामिनीले माधुरीलाई प्रत्यक्ष रूपमा सुझाव दिएकी छ जसले उसको सामाजिक व्यवहारलाई देखाउँछ । यस्तै माधुरीले युद्ध नगर्न र सङ्ग्रामविना पनि जीवन चल्न सक्दछ भन्दै अप्रत्यक्ष रूपमा समाजमा रहेका व्यक्तिहरूलाई युद्ध नगर्न सुझाव दिएकी छे । एकाङ्कीमा महेशको मृत्युको खबरले माधुरी बहुलाएकी छ जसले गर्दा ऊ आत्महत्या गर्ने निर्णय गर्दछे तब कामिनीले माधुरी मैसाब, के मर्जी भएको यो ? आत्महत्या महापाप हो । (भोलि के हुन्छ ?, पृ. ४६) भन्दै आत्महत्या नगर्न सुझाव दिन्छे ।

मोहन हिसां, क्रुरता र तानाशाही शासक हो । मोहनले सम्पूर्ण पृथ्वीमा एक्लै शासन गर्न चाहेको छ । सम्पूर्ण विश्वलाई भोग्न चाहन्छ । आमाले मेरै ज्युनीमा तिमी र तिम्रा सन्तानले मेरो जायजेथा र सम्पूर्ण सम्पत्ति भोग गर्नु भनेर लेखिदिएको कागतको आधारमा

मोहन सम्पूर्ण पृथ्वीमा राज गर्न चाहन्छ । बाजेबराजुका अन्य सन्तानले पनि यस सम्पत्तिमा आफ्नो पनि अधिकार रहेको र आफूले पनि सम्पत्तिलाई भोग्न पाउनु पर्छ भन्दा मोहनले सम्पूर्ण सम्पत्ति भोग गर्न र शासन गर्न नपाए आमालाई नै मारिदिने निर्णय गर्दछ । आमा सुतिरहेको अवस्थामा मोहन र सुवर्णले विहान नहुदैं आमालाई मारिसक्नुपर्छ भन्दा दुलहीले बरू मलाई मारिबक्स्योस आमालाई केही नगरीबक्स्योस । मातृहत्या जस्तो महापाप अरू केही छैन (भोलि के हुन्छ ?, पृ. ४१) भन्दै आमालाई नर्मान सुझाव दिएकी छ । मातृहत्या माहापाप हुने र यो भन्दा ठूलो अरू कुनै पाप नरहेको कुरा बताएकी छ । धन सम्पत्ति आफ्नो हुँदाहुँदै पनि कागत देखाएर अरूले बल र सामर्थ्यले एउटा कोठा सम्म पुऱ्याइसकेको र केही छिनमा आफू पराजय हुने भन्दै महोन विश्वलाई मसान बनाउन चाहन्छ । विश्वको मृत्यु अनि त्यसको साथसाथै आफ्नो पनि मृत्यु चाहेको मोहनलाई आमाले “यो तिम्रो त्रास मात्र हो । जीवन यँहा कहिल्यै हार्दैन जेठा, जेठा तिमीमा जीवन रहुन्जेल बाँच” (भोलि के हुन्छ ?, पृ. ५०) भन्दै जीवन रहँदा सम्म बाँच्न सुझाव दिएकी छ ।

एकाङ्कीमा अदृश्य पात्रका रूपमा रहेको राजेन्द्रले समाजलाई सुझाव दिएको छ । राजेन्द्रले दिएको सुझावलाई एकाङ्कीकार स्वयम्को पनि सुझाव हो भन्न सकिन्छ । राजेन्द्र भन्छ-

> *पर्ख, त्यो जेठा, त्यो व्यक्ति मरेको छैन । त्यो रक्तबीज हो, सहस्र-सहस्र त्यसबाट फेरि बिउँतेर उठ्छन् र यी ग्रहहरूमा हाहाकार मच्चाउन संहारको बीभत्स खेल खेल्छन्, ग्रहहरूलाई जुधाउँछन्, ग्रहहरूलाई फोड्छन् । ए मेरो युग, भविष्यका अनन्त युगहरूहो, सर्तक होऊ, सजग होऊ ! त्यसले बिउँझेर घाँटी अँठ्याउन नपाओस् । ग्रह फोड्न नपाओस् । (भोलि के हुन्छ ?, पृ. ५३)*

राजेन्द्रले मोहन आत्महत्या गरी मरे पनि त्यस्ता व्यक्तिहरू समाजमा अरू पनि रहेका र त्यस्ता व्यक्तिहरूले आफ्नो स्वार्थको लागि सम्पूर्ण पृथ्वीलाई नै ध्वस्त पार्दछन् भन्दै आफूले अरूलाई सचेत गराउन आएको कुरा बताएको छ ।

सुझावद्वारा व्यक्तिको व्यवहारलाई एउटा निश्चित दिशा प्रदान गर्न सकिन्छ । यस एकाङ्कीमा सुझावहरू प्रत्यक्ष रूपमा दिएका छन् । तर ती सुझावहरू उनीहरूको भाव, विचार, अनुभव प्रतिकूल रहेका छन् जसको कारणले गर्दा कसैले पनि सुझावलाई स्वीकारेको देखिदैंन भने सुझावकै कारण उनीहरूको व्यवहारमा परिवर्तन पनि आएको छैन । तर सुझावले ती व्यक्तिको समाजिक व्यवहारलाई देखाएको छ ।

## ३.७.२ सहानुभूति

'भोलि के हुन्छ ?' एकाङ्कीमा पात्रहरूको परस्पर अन्तर्क्रियामा एकले अर्काप्रति सहानुभूति व्यक्त गरेका छन् । पात्रहरूको एकअर्का प्रतिको सहानुभूतिले उनीहरूको सामाजिक व्यवहारलाई प्रष्ट पारेको छ । कसैलाई दुःखी देखेर त्यस्तै दुःखको अनुभव गर्नु सहानुभूति हो । एकाङ्कीमा माधुरीको दुःखमा कामिनी र आमाले दुःख व्यक्त गर्दै सहानुभूति व्यक्त गरेका छन् भने आमाको दुःखमा सुवर्ण, दुलहीले सहानुभूति व्यक्त गरेका छन् ।

एकाङ्कीमा माधुरीले आफ्नो प्रमी महेश लडाइँबाट फर्कदैन, महेशको र आफूको भेट कहिल्यै नहुने भन्दै त्यसैले गर्दा सपनामा पनि महेश र आफ्नो मिलन कहिल्यै नभएको कुरा कामिनीलाई आफ्नो दुःखको कुरा बताउँछे । माधुरीको दुःखको संवेगको प्रत्यक्ष ज्ञान कामिनीलाई हुन्छ किनभने माधुरी सँगको बसाउठ, घुलमिल र नजिकको सम्बन्ध रहेको छ । त्यसैले माधुरीको दुःखलाई आत्मसात गर्दै महेश लडाइँ जितेर फर्कने र भेटहुने सान्तवना दिन्छे । लडाइँमा महेशको मृत्यु भएको खबरले माधुरी बहुलाएकी छ । माधुरी प्रति रहेको माया र स्नेहले गर्दा आमाले "माधुरी, म तिम्री आमा यँहा आऊ, तिम्रो मनको दुःखलाई हटाइदिन्छु । मेरी माधुरी सुन तिमी दुःखी नोहोऊ" (भोलि के हुन्छ ?, पृ. ४५) भनेकी छ । मनको दुःखलाई हटाइदिने र दुःखी नहुन गरेको आग्रहले आमाको माधुरी प्रतिको सहानुभूतिको भावलाई देखाउँछ । महेशको मृत्यु पश्चात आफू बाँच्नुको कुनै अर्थ नभएको भन्दै माधुरी मर्ने निर्णय गरी कौसीबाट हामफालि आत्महत्या गर्दछे । माधुरीले कौसीबाट हामफालि मृत्यु भएको कुरा कामिनीले आमालाई भन्दा आफूले सृष्टि मात्र गर्न जानेको र छोराछोरीको मृत्युको खबर सुन्न नसक्ने भन्दै कामिनीलाई चुपलाग्न भन्नु आमाको छोराछोरी प्रतिको सहानुभूतिको भाव हो ।

दया, माया, प्रेम, नम्रस्वभाव आदिले सहानुभूति उत्पन्न गर्नमा सहयोग गर्दछ । यही स्वभावका कारण आमाले आफ्ना छोराछोरी प्रति र छोराछोरीले आमा प्रति छिटो सहानुभूतिको भाव व्यक्त गर्दछन् । एकाङ्कीमा आफूलाई अध्यारो कोठामा कैदगरी राखेको छोरा मोहान र सुवर्णले मार्न आउँदा पनि आमाले "...आज तिमीहरूलाई किन निद्रा परेन ! के ज्यादै चिन्तित छौ ? मलाई भन तिमीहरूलाई के-के चिन्ता छ ? मेरो आमा मनले होउन्जेल म तिमीहरूको कल्याण गर्छु" (भोलि के हुन्छ ?,पृ. ४०) भन्दै आफ्ना सन्तानको दुःख कष्टलाई कम गर्ने प्रयास गरेकी छ । आमाको यो व्यवहार माया र प्रेमबाट सन्तानहरूको दुःख प्रति उत्पन्न भएको सहानुभूतिको भाव हो । त्यस्तै मोहनले माधुरी बहुलाएकी, सुन्दरी मरिसकेकी र कामिनीलाई के हुन्छ भन्न सक्तिनँ भनेर भन्दा आमाले दुःख मानेको र आमाले मानेको दुःखमा सुवर्णले सहानुभूति व्यक्त गरेको छ । यसरी एकअर्काको सुख दुःखको मानसिक अवस्थालाई बुझेर व्यवहार गर्नु एकाङ्कीमा देखिएको सहानुभूति पूर्ण सामाजिक व्यवहार हो ।

एकाङ्कीको तेस्रो अङ्कमा मोहनले आमाको हत्या गर्ने प्रयास गर्दा सुवर्णले मोहनलाई कैदगरी राख्दछ र आमालाई मार्न दिदैन । सुवर्णको यो कार्य आमाप्रति सहानुभूति स्वरूप उत्पन्न भएको हो । कैदमा परेको मोहनले कसै सँग पराजय भएर बाँच्नु सट्टा आत्महत्या गर्न वेश भनी आत्महत्या गर्दछ । मोहनको मृत्युमा दुलही रूदै आमा सँग अब म कसरी बाँचु ? मेरो कोही छैनन् भन्दा आमाले “नरोऊ ! धैर्यधारण गर दुलही, म तिम्रो निकट सधै रहुँला, सधै बसुँला, नरोऊ” (भोलि के हुन्छ ?, पृ. ५३) भन्दै दुलहीलाई सान्तवना दिएकी छ । यस्ता सामाजिक व्यवहारहरू प्रत्येक समाजमा रहेका हुन्छन् र प्रत्येक समाजका व्यक्तिहरूले गर्ने गर्दछन् । भोलि के हुन्छ ? एकाङ्कीमा रहेका यस्ता साझा सामाजिक व्यवहारहरूमा सामाजिक मनोविज्ञान रहेको छ ।

### ३.७.३ प्रेरणा

व्यक्तिले गर्ने सामाजिक व्यवहार प्रेरणाद्वारा सञ्चालित हुन्छ । भोलि के हुन्छ ? एकाङ्कीमा व्यक्तिले गरेका सामाजिक व्यवहारहरू प्रेरणाद्वारा सञ्चालित छन् । प्रेरणा जन्मजात र आर्जित दुई प्रकारको हुन्छ । व्यक्तिले यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको लागि कार्य गर्दछ । एकाङ्कीमा मोहन, सुवर्ण र दुलहीले आर्जित प्रेरणाको सन्तुष्टिको लागि विभिन्न क्रियाकलाप गरेका छन् । प्रेरणाको सन्तुष्टिको लागि गरेको क्रियाकलापले उनीहरूको सामाजिक व्यवहारलाई देखाएको छ ।

‘भोलि के हुन्छ ?’ एकाङ्कीमा मोहनले समाजमा बसेर गरेका सम्पूर्ण सामाजिक व्यवहारहरू आफ्नो आर्जित प्रेरणाको सन्तुष्टिको लागि गरेको छ । धन, सुरक्षा, मान, प्रतिष्ठा, यश आदि आर्जित प्रेरणाको रूपमा रहेका र मोहन यिनै आर्जित प्रेरणा पाउनको लागि निरन्तर रूपमा कार्य गरिरहेको छ । मोहन सम्पूर्ण पृथ्वीमा राज गर्न चाहन्छ र पृथ्वीको सम्पूर्ण सम्पत्तिलाई एकलौटि भोग्न चाहन्छ । यही आर्जित प्रेरणाको सन्तुष्टिको लागि भाई सुवर्ण र जजसँग आमाको सम्पत्तिलाई कसरी आफ्नो बनाउने भन्ने सरसल्लाह गर्नु, आमासँग पुनः कागतमा अनुमोदनको लागि प्रयास गर्नु मोहनको सामाजिक व्यवहारलाई हो । मोहनमा आर्जित प्रेरणाको सन्तुष्टिको नकारात्मक उत्प्रेरकको भाव उत्पन्न भएको छ । त्यसैले ऊ आफ्नै आमालाई कैद गरी अध्याँरो कोठामा थुनेर राखेको छ । मोहन बाँच्न मात्र नचाहेको र सम्पूर्ण विश्व सहित सम्पत्तिलाई भोग गर्न चाहेको कुराले उसको आर्जित प्रेरणालाई देखाउँछ । मोहन भन्छ- “म बाँच्न मात्र चाहन्नँ आमा, तपाईको सम्पूर्ण सम्पत्तिको भोग गर्न चाहन्छु । सम्पूर्ण विश्वको । एक टुक्रा जमिनको हैन.....” (भोलि के हुन्छ ?, पृ. ३९) । यस भनाईबाट मोहनमा रहेको आर्जित प्रेरणाको भावलाई देख्न सकिन्छ । आर्जित प्रेरणाको सन्तुष्टिको लागि मोहनमा उत्पन्न भएको नकारात्मक उत्प्रेक तत्त्वले समाजद्वारा अस्वीकृत व्यवहारहरू गरेको छ । त्यसैले ऊ आफ्नै भाईबाट कैद हुनुपरेको र आत्महत्या गरी मर्नु परेको छ ।

यस्तै एकाङ्कीमा सुवर्णको सामाजिक व्यवहार प्रेरणाको सन्तुष्टिको लागि गरेको छ । आर्जित प्रेरणाको सन्तुष्टिको लागि सुरूमा नकारात्मक उत्प्रेरकको भाव उत्पन्न हुन्छ; यसैले मोहनसँग मिलि आमालाई मार्न तयार भएको छ । सुवर्णमा आएको नकारात्मक उत्प्रेरकले गर्दा आमा सुतिरहेको अवस्थामा जुनसुकै पाप पनि सजिलरी गर्न सकिन्छ । त्यसैले आमालाई मार्न नहड्बडाउने र नआत्तिने कुरा यसरी भन्छ “आमा त सुत्नुभए जस्तो छ । यस गाढा निद्रामा हामी जुनसुकै पाप पनि आँखा चिम्लेर गर्न सक्छौं । मलाई अब उत्साह आयो, म अब आमालाई मिल्काउन आत्तिन्न” (भोलि के हुन्छ ?, पृ. ३३) । सुवर्णमा आएको यो नकारात्मक उत्प्रेरकको भावमा परिवर्तन आएको छ । त्यसैले ऊ आमालाई मार्ने निर्णयबाट पछि हटेको छ । उसमा आएको सकारात्मक उत्प्रेरकको भावले मोहनले आमालाई मार्न लाग्दा मोहनलाई कैद गरी आमाको सुरक्षा गरेको छ ।

सुख, शान्तिसँग पारिवारिक जीवन व्यतित गर्ने प्रेरणाबाट दुलहीको सामाजिक व्यवहार सञ्चालित छ । आफ्नो प्रेरणा सन्तुष्टिको लागि ऊ श्रीमान् र देवरले आमालाई मार्ने भनेर गरेको निर्णयलाई रोक्ने प्रयास गरेकी छ । दुलहीले आफ्ना सन्तानहरू भएको र सुरेशले तपाईलाई कति मन पराउँछ भन्दै त्यसको भविष्य र विश्व भताभुङ्ग नपार्न आग्रह गरेकी छ । दुलहीको यस आग्रहले सामाजिक व्यवहारलाई देखाउँछ जुन आर्जित प्रेरणाको सन्तुष्टिको लागि सञ्चालित छ ।

प्रेरणाको आधारमा व्यक्तिले सबै प्रकारको व्यवहार गर्दछ । एकाङ्कीमा रहेका पात्र मोहन र सुवर्णको व्यवहार पनि प्रेरणाको सन्तुष्टिमा क्रियाशील छ । मोहनमा रहेको नकारात्मक उत्प्रेरक तत्त्वले आमाको सुरक्षा गरेको छ ।

## ३.८ निष्कर्ष

व्यक्तिले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलाप सामाजिक व्यवहार हो । ‘पत्थरको कथा’ एकाङ्कीमा प्रयुक्त पात्रहरूले समाजमा सबेर गर्ने सामाजिक क्रियाकलापका साथै पात्र पात्रहरू बीचको अन्तर्क्रियामा साामजिक व्यवहार रहेको छ । एकाङ्कीमा रहेका पात्रहरूले सामाजिक व्यवहार सुझाव, सहानुभूति र प्रेरणाद्वारा गरेका छन् । रघुवीर सिंहले अन्यायको विरूद्धमा विपिन बाबुप्रति जाइलाग्नु विपिन बाबु वा रघुवीरको मालिकले गरेको हिंस्रक प्रवृत्तिको सुधार एवम् निराकरणको लागि दिएको सुझावको रूपमा आएको छ । यसैगरी श्रीकान्तले रघुवीर सिंहलाई सम्झाउनु वा विपिनलाई नरपिशाच भन्दै उसलाई घृणाको भावले हेरिनु सुझाव हुन् । साथै ज्वालाले आफ्ना कलिला बालबालिकालाई रघुवीरले गरेको हिंसाको क्रान्तिपूर्ण अभिव्यक्ति रघुवीरका निम्ति सुझाव बनेर आएको पाइन्छ । यसरी नै सत्ताको खोज एकाङ्कीमा पनि सामाजिक व्यवहारको टड्कारो अवस्था देखिएका छ - भाउजूले शीला र मीनालाई प्रमिलाको आत्महत्याको कारूणिक दृश्य वर्णनबाट उक्त

कोठामा नबस्न दिएको सल्लाह सामाजिक सभ्हाव हो । समाजमा यस्ता थुप्रै नराम्रा घटनाहरूबाट मानिस प्रेरित भई चेतनाको विकास, सचतेना, ज्ञान, शिक्षा वा उपदेश ग्रहण गर्ने गर्दछन् । यस एकाङ्कीमा पनि भाउजूको अभिव्यक्तिले मीना र शीलालाई विविध रूपमा शिक्षा प्रदान गरेका छन् ।

साथै मीना र शीला बीचको संवाद प्रस्तुति पनि एक अर्कामा सुझाव बनेर आएका छन् । यसरी नै यस एकाङ्कीमा सहानुभूतिको अवस्था पनि टड्कारो देखिएको छ । दु:ख, कष्ट, आपतविपत वा समस्यामा व्यक्तिलाई धैर्य र आत्मसंयम बनाउन यसता व्यवहारहरू उपयुक्त मानिन्छन् । भाउजूले मीना र शीलालाई प्रमिला र तिलकमानको घटना दृश्य वर्णन गर्दा उनीहरू डर, त्रास र असंयम बनेपछि उनीहरूलाई आत्मसंयम बन्न, निडर हुन, आत्मविश्वास्त बनाउन नम्र, सरल र शिष्ट रूपमा सम्झाउँदै उनीहरूप्रति दया, माया, करूणा, सेवा र सहयोगको भाव प्रकट गर्न तथा प्रमिलाप्रति करूणा र तिलकमानको व्इवहारप्रति दया जाग्नु यिनै सहानुभूतिको उपज रहेको देखिन्छ ।

यसैगरी एकाङ्कीमा प्रेरणाले सामाजिक व्यवहारमा उल्लेख्य भूमिका खेलेको देखिन्छ । भाउजूले प्रमिलाको घटना (आत्महत्या) देख्नु र त्यसबाट आफू प्रेरित भई मीना र शीलालाई सचेत बन्न वा आत्महत्या भएको कोठामा नबस्न दिएको सल्लाहले उक्त घटनाबाट भावी जीवनमा पर्ने मानसिक असरको मुक्ति वा त्यसबाट शान्ति एवम् भयरहित बन्न प्रेरित गरेको छ । साथै त्यस्ता स्थानको जानकारी हुनु व्यवहारिक सामाजिक, शैषिक, मानसिक, बौदिक दृष्टिले समेत उपयोगी हुने देखिन्छ । त्यस्तै 'पत्थरको कथा' एकाङ्कीमा ज्वालाका निर्दोष छोराछोरीहरू मारिनुमा शत्रुघ्न र ज्वालाको दया, माया र करूणाजन्य भाव पलाउनु सहानुभूतिको टड्कारो रूप बनेर आएको छ । साथै रघुवीरले मालिक विपिनको निर्देशनमा धन सम्पत्तिको प्रलोभन परी ज्वाला, उनका नाबालक छोराछोरी, स्वास्नीमान्छे, कृषणारानी, श्रीकान्त आदिको कारयतापूर्ण हत्या गर्नु प्रेरणाकै उपज मान्न सकिन्छ । उक्त प्रेरणा रघुवीरमा जन्मसिद्ध रूपमा रहेको सुपुप्त वृत्ति र त्यसलाई जागृत तुल्याउने आर्जित प्रेरणाले भूमिका खेलेको छ । यसरी नै एकाङ्कीमा प्रयुक्त सबै पात्रहरू कुनै न कुनै रूपबाट प्रेरित भएको देखिन्छ । अत: एकाङ्कीमा मनोविज्ञानमा रूपमा समाज मनोविज्ञानलाई सुझाव, सहानुभूति र प्रेरणालाई पात्रहरूका संवाद, प्रस्तुति, जिज्ञासा, प्रश्न र प्रत्युत्तरका रूपमा सामाजिक व्यवहार स्पष्ट रूपमा देखिएको छ ।

## परिच्छेद : चार

## सामाजीकरण र सामाजिक मनोवृत्तिका आधारमा विजय मल्लका तेस्रो चरणका एकाङ्की

### ४.१ विषयपरिचय

सामाजीकरण भन्नाले व्यक्ति समाजमा जन्मेपछि समाजका विविध संस्कार, चालचलन, व्यवहार, सम्बन्ध आदिबाट आफूलाई समाज अनुकूल बनाउनु भन्ने बुझिन्छ । यस क्रममा समाजका बाह्य तथा आन्तरिक लगायत वंशाणुगत प्रवृत्ति तथा तिनका संवेगात्मक गुणहरूले समेत सामाजीकरणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सामाजीकीकरण प्रक्रियामा समाज जस्तो छ व्यक्तिको विकास पनि त्यही अनुरूप हुन्छ । उक्त प्रक्रियाले व्यक्तिलाई समाजको सदस्य बनाउनुको साथै समाजमा समायोजित गर्दछ । विजय मल्लको तेस्रो चरणका एकाङ्की **भोलि के हुन्छ ? र पत्थरको कथा, नाम नभएको मानिस र सत्ताको खोजमा** एकाङ्कीमा पात्रहरू सामाजीकरण प्रक्रियाद्वारा समाजमा समायोजित हुनुका साथै त्यही समाजका सदस्य पनि भएका छन् । सामाजीकरणका प्रक्रियामा व्यक्ति सामाजिक समूहको सदस्य हुँदा उसलाई सामाजिक नियमले प्रभावित पार्नुका साथै व्यक्तिमा अहम् र पूर्वग्रहको विकास गराएको हुन्छ । मल्लका तेस्रो चरणमा रहेका एकाङ्कीहरूको सामाजीकरण प्रक्रियालाई पनि सामाजिक नियमले प्रभावित पार्नुका साथै अहम् र पूर्वाग्रहको विकास गराएको छ जसको विश्लेषण यसप्रकार गरिएको छ :

### ४.२ 'पत्थरको कथा' एकाङ्कीमा सामाजीकरण

'पत्थरको कथा' विजय मललको सामाजिक मनोविज्ञानको प्रतिविम्बित प्रयोगधर्मी एवम् स्वैरकाल्पनिक एकाङ्की हो । नेपाली सहरी समाज एवम् काठमाडौंको दरबारिया राज्य समाजको घटनालाई ऐतिहासिक प्रतिविम्बको रूपमा अभिव्यञ्जित यस एकाङ्कीमा प्रयुक्त सबै पात्रहरू काल्पनिक एवम् तिनका संवाद प्रस्तुति स्वैरू काल्पनकि छन् - मानिस मरेपछि वा मारिएपछि उसका लास कुहिएर ढुङ्गा माटोमा विलिन भई पत्थतर बनेको र ती पत्थर मानव स्वरूपमा पुनः जन्मका रूपमा उपस्थित भई अतृप्त जीजीविषा र विविध अभिलाषहरू उद्घाटित हुन पुगको छन् । अतः ढुङ्गालाई मानवीय प्रतीकको रूपमा उपस्थित गराई मानव मनोव्यवहार-समाजव्यवहारद्वारा निःसृत सामाजीकरणको प्रतीकात्मक रूपबाट यस एकाङ्कीको शीर्षक 'पत्थरको कथा' चयन गरिएको छ ।

यस एकाङ्कीका पात्रहरू समाजमा सामाजीकरण भएका छन् । सामाजीकरणद्वारा कुनै पनि व्यक्ति सामाजिक समूहको सदस्य बन्दछ । एकाङ्कीमा विपिन बाबु (मालिक हत्यका योजनाकार - निर्देशक), रघुवीर सिंह दरबारिया हत्याका हत्यारा, ज्वाला र उनका

केटाकेटीहरू, स्वास्नी मान्छे, कृष्णारानी, शत्रुघ्न, श्रीकान्त, पहिलो व्यक्ति र दोस्रो व्यक्ति लगायतका पात्रहरू एकाङ्कीका सामाजिक सदस्य भएका छन् । सामाजीकरण प्रक्रियामा समाज जस्तो छ व्यक्तिको विकास पनि त्यहीअनुसार हुन्छ । डर, धम्की र धनको प्रलोभनमा परी रघुवीरसिंहले दरबारका सबै सदस्यहरूको हत्या गर्नु, विपिन बाबुले हत्याका विविध योजना बनाउनु र त्यसतर्फ रघुवीरलाई उद्यत गर्नु, विपिनले तीन-तीनवटी श्रमिाती विवाह गर्नु, स्वास्नीमान्छे आफ्नै श्रमिान् विपिनको हिंसात्मक व्यवहारबाट डराएर घर छोडी भाग्नु, ज्वाला (दोस्री श्रीमती) लगायत उनका नाबलक छोराछोरकिो हत्या गरिनु, शत्रुघ्नले ज्वालाई सहानुभूति दिनु, रघुवीरले विपिन (मालिक) प्रति आक्रमण गर्नु र श्रीकान्तले सम्झाउनु, ज्वाला र रघुवीरसिंह बीच संवाद, भलाकुसारी,, प्रेम, दया, करूणा र सहानुभूतिको भाव देखा पर्नु जस्ता कार्यहरूले एकाङ्कीमा पात्रहरूले सामाजीकरण प्रक्रियालाई देखाएको छ ।

यस एकाङ्कीमा पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियमले प्रभावित पारेको छ भने अहम् र पूर्वाग्रहको विकास पनि गराएको छ । पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियम, अहम्को विकास र पूर्वाग्रहको विकासका आधारमा यसप्रकार क्रमशः विश्लेषण गरिएको छ :

### ४.२.१ सामाजिक नियम

'पत्थरको कथा' एकाङ्कीमा रहेको सामाजिक नियमले पात्रहरूको सामाजीकरण प्रक्रियामा प्रभाव पारेको छ । एकाङ्कीकीको नाटकीय समाजमा रहेको नीतिनियमले पात्रहरूलाई के गर्न हुने र के गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको छ । एकाङ्कीमा रहेका पात्रहरू रघुवीर सिंह र विपिन बाबु, आदिले सामाजिक मूल्य मान्यता, नीति नियमलाई मानेको देखिँदैन भने ज्वाला, स्वास्नीमान्छे, कृष्णारानी, श्रीकान्त, शत्रुघ्न आदि पात्रले सामाजिक नीति नियमलाई मानेको देखिन्छ ।

रघुवीरसिंहको सामाजीकरण प्रक्रियामा सामाजिक नियमको प्रभावलाई देख्न सकिन्छ । रघुवीरसिंह समाजमा रहेको सामाजिक नियमलाई पूर्ण रूपमा आत्मसात् गर्दैन । ऊ सामाजिक नियम विपरीत कार्य गर्ने पात्र हो । विपिन बाबु (मालिक) को निर्देशन र आफ्नो सुरक्षाको खातिर ज्वाला, उनका छोराछोरी लगायत अन्य सबैको हत्या गरेको बयान उसले पुनर्जीवित पात्र ज्वालासँगको कुराकानीमा गरेको छ । सामान्यतयाः समाजमा हुने यस्ता आपरीधक घटनाको प्रभाव रघुवीर सिंहमा परेको देखिन्छ भने घटनाको प्रेरक तत्व मालिक विपिन बा स्वयम् हो । साथै रघुवीरसिंहको अन्तः प्रेरणा पनि उद्वीप्त भएर आएको पाइन्छ ।

यसरी नै श्रीकान्त सामाजिक नियमलाई पालना गर्ने पात्र हुन् । समाजमा शान्ति, अहिंसा, दया, माया, सेवा, सहयोग, करूणा र क्षमा चाहने व्यक्तिको प्रतिनिधित्व उनले

गरेका छन् । कसैले गरेको गल्तीको बदला उसलाई दण्डित नगरिकन क्षमा दिने भलादमी समाजसेवीको भूमिका निर्वाह श्रकिान्तले गरेको देखिन्छ । आफैँलाई हत्या गर्ने योजनाकार एवम् निर्देशक विपिन बाबुलाई हत्यारा रघुवीरसिंहले आक्रमण गर्दा श्रकिान्तले उसलाई सम्भ्फाएका छन् , "के कुरा गऱ्या' रघुवीर ! हामी त मरि नै सक्यौँ नि, के मार्छौ उसलाई फेरि भो नबाभ्फ । बरू यस्ता घृणित पशुसँग सम्बन्धै नराखौँ, बोल्दै नबोलौँ । हिँड (पत्थरको कथा, पृ.१६) ।"

यस आधारमा हेर्दा श्रीकान्त सामाजिक नियमको पूर्णतः पालना गर्ने समाजसेवी तथा मानवप्रेमी व्यक्ति हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

यसैगरी ज्वाला बालबालिका वा दुई सन्तानकी आमा हुन् । सामाजिक नियमअनुरूप नारहिरू यौवन अवस्थामा पुगेपछि विहे गरी बालबच्चा हुकाई बढाइ गर्ने वात्सल्यप्रेमी आमाको प्रतिनिधित्व ज्वालाले गरेकी छन् । विपिनको श्रीमती भए पनि आफ्नै श्रीमानको आदेशबाट उनी र उनका छोराछोरी मारिएका छन् । जसबाट उनी क्रोधित बन्न पुगेकी छन् भने दुःखी, चिन्तित र निराशा बनेकी छन् । यस आधारमा हेर्दा ज्वाला सहनशील, आन्तरिक विद्रोही, दया र सहानुभूतिकी पात्र हुन् । छोराछोरीको मृत्युमा गुनासो पोख्ने ज्वाला क्रान्ति र विद्रोहको प्रतिनिधि पात्र हुन् । यसरी एकाङ्कीमा विभिन्न पात्रहरूले सामाजिक नियमलाई पूर्ण वा आंशिक पालना गरेको देखिन्छ । यसरी सामाजीकरण प्रक्रियामा विविध पात्रहरूले गरेको कार्य व्यवहारमा सामाजिक नियमको प्रभाव परेको छ ।

### ४.२.२ अहम्को विकास

'पत्थरको कथा' एकाङ्कीमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियाले उनीहरूमा अहम्को विकास गराएको छ । एकाङ्कीका पात्रहरूमा देखिएको अहम् जन्मजात नभएर सामाजीकरणबाट विकास भएको हो । एकाङ्कीमा रहेका पात्रहरू विपिन बाबु, रघुवीरसिंहको अहम् विकासमा उनीहरू बसेको समाज, पालनापोषण भएको परिवार, सामाजिक नियम जस्ता पक्षको मुख्य भूमिका रहेको छ । त्यसैगरी ज्वाला र शत्रुघ्नको असन्तुष्टि, स्वास्नीमान्छेको विद्रोह तथा श्रीकान्तको क्षमाशील स्वभाव वा सहनशील वृत्तिमा अहम्को विकासले भूमिका खेलेको छ । विपिनको पालनपोषण जुन परिवार र समाजमा भएको छ त्यसले उसमा म वा आफू भन्ने भावनाको विकास गराएको छ । विपिनको म भन्ने भावना नै अहम् हो । जसको कारण उसमा नराम्रा प्रवृत्तिको विकास हुन पुगेको छ । त्यसैको पूर्णता वा तृप्तिको निम्ति उसले रघुवीरसिंहलाई मानवीय हिंसा गर्न समेत आदेश दिएको छ । यसरी नै रघुवीरले सबैको हत्या गर्नुको पछाडि ऊभित्रको अहम् प्रवृत्तिले सहयोग गरेको छ । रिस, क्रोध, घमण्ड, ईर्ष्या, भय, बल, सन्त्रास, लोभ लालच जस्ता वृत्तिहरूले उसमा अहम्को विकास गरेको छ । त्यसैगरी स्वास्नीमान्छेको श्रमिान विपिनप्रतिको विद्रोह, आवेग,

डर, त्रासले अहम् सिर्जना गरेको छ । उनी आफ्नै श्रमिान्‌बाट डराएर भागेकी छन् । यस्तै श्रकिान्तले समाजमा शान्ति, अहिंसा, मेलमिलाप, मैत्री, क्षमा र करूणाको भाव देखाएबाट उनमा सत्, आदर्श र स्वाभिमानी प्रवृत्तिको अहम् भावको विकासको उपज मान्न सकिन्छ । अतः एकाङ्कीमा नकारात्मक र सकारात्मक दुवै खाले अहम्‌को विकासावस्था देख्न सकिन्छ ।

## ४.२.३ पूर्वाग्रहको विकास

'पत्थरको कथा' एकाङ्कीमा रहेका पात्रहरूमा सामाजीकरणले पूर्वाग्रहको भूमिका खेलेको छ । एकाङ्कीमा रहेका पात्रहरूको पूर्वाग्रह जन्मजात नभएर समाज, परिवार वा समूहबाट विकास भएको छ । पूर्वाग्रह एउटा अपरिपक्व छिटो लिइएको निर्णय हो जसमा प्रवृत्ति पनि हुन्छ । एकाङ्कीमा रहेका पात्रहरू विपिन, रघुवीरसिंह, स्वास्नीमान्छे, श्रीकान्त आदि पात्रहरू कुनै न कुनै रूप पूर्वाग्रहबाट विकसित छन् । विपिनले रघुवीरलाई एकै परिवार वा समाजका सबै सदस्यलाई मार्न बनाएको योजना, निर्णय र रघुवीरलाई दिएको निर्देशनमा सामाजिक पूर्वाग्रह, सत्तामोह, एकाधिकार, दमनात्मक एवम् शासकीय प्रवृत्ति जस्ता पूर्वाग्रहले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

यसरी नै रघुवीरले सबै निर्दोष मानिएको हत्या गर्नुमा मालिक विपिनको आदेश, निर्देशन र इमान्दारिताको पालना जस्ता कुराहरूले पूर्वाग्रहको विकास गरेका छन् । खासगरी मालिकसँगै डराउनु, आफैँ असुरक्षित रहनु, धन सम्पत्तिको प्रलोभन हुनु, सामाजिक परिवर्तन र सत्ता टिकाइ आफू पनि बाँचिरहनु, आफ्नो कर्तव्य, जिम्मेवारी, अधिकारको उपयोग गर्नु जस्ता कुराहरूले एकाङ्कीमा पूर्वाग्रहको विकास गरेका छन् ।

यसैगरी श्रीकान्त सत्, इमान्दार, क्षमाशील, सहनशील, धैर्य र नम्र बन्नुमा सामाजिक पूर्वाग्रहको विकासको प्रभाव मान्न सकिन्छ । समाजमा नराम्रा व्यक्तिहरू र भ्रष्ट मासिनहरू मात्र हुँदैनन् । असल, सहयोगी, व्यवहारिक, धैर्य एवम् भलादमी मानिसहरू पनि हुन्छन् । तिनकै प्रतिनिधि पात्रका रूपमा श्रीकान्त एकाङ्कीमा उपस्थित छन् । नराम्रा काम गर्नेलाई दण्डित गर्नुभन्दा उसप्तिको सम्बन्धलाई नै त्यागी दिनुपर्छ जसले गर्दा ऊ अरूबाट एक्लो, असहाय र तिरष्कृत भई आत्मालोचनाबाट सकारात्म्क बाटोमा फर्कन्छ भन्ने मानवीय भावको परम्परागत विचारबाट उनी सञ्चालित छन् । यो उनको सामाजिक व्यवहार, सामाजिक नियम, अहम्‌को भावना, आर्जित प्रेरणा तथा स्वविवेक र चेतना आदि पूर्वाग्रहको विकासबाट सिर्जना भएको पाइन्छ । यसरी समाजमा परम्परागत विकास हुँदै आएका सामाजिक, नैतिक सांस्कृतिक मूल्य मान्यताको सत् वा आदर्श व्यवहारको पूर्वाग्रहको विकास एकातिर भएको छ भने अर्कोतर्फ आधुनिक सहरी सभ्यता, सामाजिक परिवर्तन, ज्ञान, शिक्षा र संस्कृतिको हस्तान्तरण, सुख सुविधा र भोगविलास एवम् प्रतिष्ठा आदिका कारण नकारात्मक व्यवहारहरूको पनि विस्तार हुँदै गएको छ । अतः समाजमा

सकारात्मक र नकारात्मक दुवै खाले सामाजिक व्यवहारले समाजका व्यक्तिहरूमा पूर्वाग्रहको विकास गरेको हुन्छ । यस एकाङ्कीमा विपिन र रघुवीरसिंहमा नकारात्मक प्रवृत्ति व्यवहार विकसित हुनु र श्रकिान्तमा सत् वा सकारात्मक व्यवहार देखिनुमा यसै पूर्वाग्रहले उल्लेख्य भूमिका खेलेको देखिन्छ ।

यसैगरी अन्याय, अत्याचार एवम् मानवीय हिंसामा प्रवृत्त गराई तर संहारको आदेश दिने विपिन (मालिक) ले अन्ततः आफैँलाई आक्रमण गरेपछि प्रतिशोधस्वरूप रघुवीरले मालिकसँग उल्टै प्रतिकार गर्दाको सन्दर्भ एकाङ्कीमा यसरी अभिव्यक्त भएको छ - "तपाईंले मार्न लगाएको बदला, मैले यत्तिकालाई मारेँ, निर्दोष अबला सबलाई । थजाहा पाउनुभयो यसको बदला ! लौ आऊ म तिमीसँग लड्छु, जुध्छु । सके मार्छु (पत्थरको कथा, पृ.१६) ।" उक्त भनाइ वा व्यवहार आफ्ना मालिकले आफूलाई मार्न गरेको असपफल प्रयासको बदलाको पूर्वाग्रहको भावबाट विकसित छ । यसरी सामाजीकरणमा पूर्वाग्रहले महत्वपूर्ण कार्य गरेको स्पष्ट हुन्छ ।

## ४.३ 'सत्ताको खोजमा' एकाङ्कीमा सामाजीकरण

सत्ताको खोजमा एकाङ्कीमा पात्रहरू सामाजीकरण भएका छन् । सामाजीकरणद्वारा कुनै पनि व्यक्ति सामाजिक समूहको सदस्य बन्दछ । एकाङ्कीमा तिलकमान, प्रमिला, भाउजू, शीला र मीना आदि एकाङ्कीको समाजका सदस्य भएका छन् । सामाजीकरण प्रक्रियामा समाज जस्तो छ व्यक्तिको विकास पनि त्यही अनुरूप हुन्छ । भाउजूको सल्लाहमा अर्थात् आग्रहमा मीना र शीलाले कोठा सार्नु, मीन र शीला एकै कोठामा मिलेर बस्नु, तिलकमानले प्रमिलालाई विवाह गरी घरमा भित्र्याउनु, सुखसयलपूर्ण दाम्पत्य जीवन बित्दै जानु, प्रमिला श्रमिानको सम्बन्धबाट खुसी नहुनु, प्रमिला स्वतन्त्रता र अधिकारबाट वञ्चित भएकोले आत्महत्या गर्न विवश हुनु, तिलकमान बेचैन र अव्यवहारिक बन्नु, मादक पदार्थ सेवन गरी पात्रलझैं विविध क्रियाकलाप गर्नु आदि कार्यले एकाङ्कीमा पात्ररूको सामाजीकरण प्रक्रियालाई देखाउँछ । यस एकाङ्कीमा पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियमले प्रभावित पारेको छ भने अहम् र पूर्वाग्रहको विकास पनि गराएको छ । पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियम, अहम्को विकास र पूर्वाग्रहको विकासका आधारमा यसप्रकार विश्लेषण गरिएको छ ।

### ४.३.१ 'सत्ताको खोजमा' एकाङ्कीमा रहेको सामाजिक नियम

नियमले पात्रहरूको सामाजीकरण प्रक्रियामा प्रभाव पारेको छ । एकाङ्कीको समाजमा रहेको नीति नियमले पात्रहरूलाई के गर्न हुने र के गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको छ । एकाङ्कीमा रहेका पात्रहरू मीना, शीला, भाउजू, आइमाई, भरिया आदिले

सामाजिक नीति नियमलाई मानेको देखिन्छ भने प्रमिला र तिलकमानले सामाजिक नियमलाई अस्वीकार गरेको पाइन्छ ।

भाउजूको सामाजीकरण प्रक्रियामा सामाजिक नियमको प्रभावलाई देख्न सकिन्छ । समाजका नारी एवम् बुहारीहरूले गर्नुपर्ने व्यवहार, आदर, सत्कर्म, सद्भाव, दया, माया, सेवा, सहयोग, करूणा आदि भाउजूमा देखिनु सामाजिक नियम र संस्कारको भूमिकामा निर्भर देखिन्छ । भाउजूले मीना र शीलाप्रति सद्भाव दर्शाउनु, आफ्नै घरमा बस्न बोलाउनु, समाजमा देखिएका घटनाहरूको यथार्थ जानकारी गराउनु, आफूभन्दा साना, अपरिपक्व र अव्यवहारिक मीना र शीलालाई नैतिक औपदेशिक तथा व्यवहारिक ज्ञान, सल्लाह दिनु जस्ता कार्यहरूमा सामाजिक नियमले भूमिका खेलेको छ । यसरी नै सहरी संस्कृति र आधुनिक संसकारको प्भावबाट मुक्त भई मीना र शीलाको आफ्नो शैक्षिक कार्यलाई निरन्तरता दिनु सामाजिक नियमको प्रभाव रहेको देखिन्छ । समाजको शिष्ट, सभ्य र आदर्श नैतिक संस्कारलाई शीला र मीनाले अवलम्बन गरेका छन् । यस क्रममा सामाजिक, नीति नियम, मूल्य र मान्यतालाई आत्मसात् गरेको देखिन्छ । टयुसन मास्टर कृष्णप्रसाद र आइमाई बीचको प्रेम सम्बन्ध असफल भएको चर्चा सुनेपछि त्यस बारेमा मीना र शीलाले गरेको संवाद अभिव्यक्तिमा सामाजिक नियमको प्रभावलाई देख्न सकिन्छ - "कृष्णप्रसादज्यूलाई यो कुरा भन्छयौ ? नभन है अहिले भनिदिया छ । के भन्नुहोला उहाँले यो सुनेर ? अनि रिसाएर हामीलाई पढाउन छाड्नुभो भने उहाँले ! भो, नभन है भनि दिया' छु (सत्ताको खोजमा, पृ.९९) ।" यस अभिव्यक्तिमा सामाजिक आदर्श र नियमअनुसार कसेको गोपनीयता खोलन नहुने तथा ठूला र प्रतिष्ठित व्यक्तिका बारेमा टिप्पणी गर्न नहुने मान्यतालाई उक्त भनाइले आत्मसात् गरेको छ ।

यसैगरी प्रमिलाको आत्महतयापछि पागल जस्तै बनेको उसको श्रीमान तिलकमानले सामाजिक नियमलाई पालना गरेको देखिँदैन भने विवाह पश्चात् पनि उसमा नियम सङ्गत प्रवृत्ति आएको पाइँदैन । उसले समाजका धनीमानी, तडकभडक र कुलतमा फसेका व्यक्तिको प्रतिनिधित्व गरेको छ । जसका कारण उसले आफ्नी श्रीमतीलाई समेत असल व्यवहार गर्न सकेको छैन । यसले गर्दा प्रमिला स्वतन्त्रता र अधिकारबाट कुण्ठित बन्न पुगी सामाजिक नियमप्रति विद्रोही बनेकी छन् । यसरी हेर्दा यी दुवै पात्र अर्थात् दम्पत्ति सामाजिक नियम नमान्ने पात्र रहेका देखिन्छन् । श्रमिती प्रमिलाको आत्महत्यापछि मानसिक विचलन हुन पुगेको तिलकमानको यस क्रियाकलाप व्यवहारबाट ऊ सामाजिक नियम नमान्ने पात्र रहेको यथार्थ र स्पष्ट भएको छ - "म अपराधी हुँ । अपराधी, मैले के अपराध गरेँ, तिमी भन । मेरा पुर्खाहरूले जे गरे, समाजले जे गऱ्यो, कुटुम्बहरूले जसरी जीवन गुजारे, मैले त्यही गरेँ । मैले अरू के गरेँ, तिमी नै भन (सत्ताको खोजमा, पृ.१०५-१०६) ।"

यसरी सामाजिक नियमलाई उल्लङ्कन गर्दा प्रमिलाको अकाल मृत्यु हुन पुगेको छ भने तिलकमान अर्धपागल अवस्थामा पुगेको छ । जसले गर्दा ती दुई बीचको सुनौलो दाम्पत्य जीवन बर्बाद हुन पुगेको छ । अतः सामाजिक नियमले व्यक्ति, परिवार र समाजलाई सत्मार्गमा हिँडाउन महत्वपूर्ण भूमिका प्रदान गरेको हुन्छ ।

## ४.३.२ अहम्को विकास

'सत्ताको खोजमा' एकाङ्कीमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियामा अहम्को विकास भएको देखिन्छ । एकाङ्कीमा व्यक्तिले जुनसुकै कुरा आफ्नो बारेमा सम्झन्छन् अथवा भन्छन् ती सबै उनीहरूको अहम् अभिवृत्तिसाग जोडिएर आएको छ । अहम् जन्मजात नभएर व्यक्तिको सामाजीकरणबाट विकास हुन्छ । एकाङ्कीमा प्रमिला, तिलकमान, मीना, शीला, भरिया आदिमा सामाजीकरण प्रक्रियाबाट अहम्को विकास भएको छ ।

खमा नेपाली सहरी संस्कृतिको सामाजिक अवस्थाको चित्रण गरिएको छ । दुईचार घर हुने तिलकमान सानैदेखि कुलतमा फसेको स्वतन्त्र पात्र हो । ऊ प्रमिलासागको विवाहपछि पनि आफू खुसी चाहन्छ भने श्रमिती प्रमिलालाई आफ्नो वशमा राख्न चाहन्छ । उता प्रमाीला भने नारी अधिकार र स्वतनाताको पक्षमा अन्तः सङ्घर्ष गर्दछे । यसरी दुई दम्पत्तिमा समझदारी नहुनु र आ-आफ्नै निर्णयमा अघि बढ्ने क्रममा उनीहरूमा अहम्को विकासले प्रभाव पारेको छ । यसरी आफ्नो इच्छा पूर्ण हुन नसक्दा वा अधिकार प्राप्ति हुन नसक्दा प्रमिलाले आत्महत्या गर्न पुगेकी छ भने त्यसकै प्रतिफल स्वरूप तिलकमान अर्थपागल बनेर प्रमिलाले आत्महत्या गरेको कोठामा कराउनु पुगेको छ । तिलकमानको धन दौलतको घमण्ड, आवेग, रिस, ईर्ष्या, क्रोध, पुरुषत्व, सामाजिक आडम्बर आदिले उसमा अहम्को विकास गरेको छ । आफूले गरेका गल्ती र अपराधको पश्चातापको अभिव्यक्रि प्रमिलाको मृत्युपछि यसरी प्रकट हुन पुगेको छ - "म अपराधी हुँ । अपराधी, मैले के अपराध गरेँ, तिमी भन । मेरा पुर्खाहरूले जे गरे, समाजले जे गऱ्यो, कुटुम्बहरूले जसरी जीवन गुजारे, मैले त्यही गरा । मैले अरू के गरेँ, तिमी नै भन ।

मैले तिमीलाई बिहे गरेँ, माया गरेँ । मैले आफ्नो सम्पत्ति तिम्रो हातमा सुम्पेँ । तिमीले चाहेको कुरा गर्न सक्थ्यौ, केही गऱ्यौ पनि । मैले त्यस बखत बुझ्न सकिनँ, तिमीलाई अरू के चाहिन्थ्यो ? सम्पत्ति बाहेक तिमीर्ला के चाहिन्थ्यो (सत्ताको खोजमा, पृ.१०६) ?" यी माथिका भनाइबाट तिलकमानको अतृप्त चाहनाहरू प्रकट भएको पाइन्छ। अर्धचेतन अवसथमा प्रकटित उक्त उद्गार तिलकमान र प्रमिलाको जीवनमा घटित व्यवहार हुन् । तिनकै प्रतिविम्ब स्वरूप यस अभिव्यक्ति आएको छ । यसरी अर्धचेतन अवस्थामा पनि अहम्को विकास र तयसको प्रभाव ज्वलन्त देखिएको छ ।

त्यसैगरी मीना र शीलाको कोठाको सामान ल्याई दिने भरिया दाईमा पनि अहम्को विकास देख्न सकिन्छ । भारी (सामान) कोठामा पुऱ्यासकेपछि आफूले चाहेको ज्याला माग्ने सन्दर्भका भरियाको अहम्ले भूमिका खलेको छ । ऊ भन्छ - "हेर्नुस् नानी हो ! बन्दोबस्त जसले गरेको भए पनि मलाई त ट्याक्कै दोटा रूपियाँ चाहिन्छ । अरू कुरासुरा म जान्दिनँ ( सत्ताको खोजमा, पृष्ठ ९६) ।" यसरी एकाङ्कीमा अहम्को विकासले पात्रहरूको स्वभाव र व्यवहारमा उल्लेख्य भूमिका निर्वाह गरेको छ ।

यसरी नै भाउजूको व्यवहारमा पनि अहम्को विकासले प्रभाव पारेको छ । तर उनको व्यवहार सकारात्मक एवम् चेतनामूलक रहेको पाइन्छ । मीना र शीलालाई प्रमिलाले आत्महत्या गरेको कोठामा नबस्न दिएको सल्लाह तथा एकोहोरो जिद्दीबाट यस कुराको पुष्टि हुन्छ । आफूहरूलाई बस्न मन परेको कोठामा बारम्बार भाउजूले नबस्न आग्रह गरेपछिको अभिव्यक्तिबाट भाउजूमा अहम्को विकासले प्रभाव पारेको छ - तैपनि नबस्नोस्, यहाँ मैले भनेको कुरा मान्नोस्, नबस्नोस् । तपाईंहरू यहाँ बस्न सक्नु हुन्न । एकदम बस्न सक्नुहुन्न । यो कोठा ज्यादै डरलाग्दो छ । (सत्ताको खोजमा, पृ.१०१) । माथिको भनाइ प्रमिलाले आत्महत्या गरेको कोठामा भूत बनेर तर्साउने गरेको अनुभव गरेकी भाउजूले त्यसबाट बच्नलाई विद्यार्थी नानीहरू ममीना र शीलालाई आएको  हो । उनीहरूको हित र भलाइको भाव स्वरूप आएको यस उद्गारमा भाउजूको सत्, करूणा, सेवा र सहयोगको उपजको रूपमा अहम्को विकास हुन गई त्यसको प्रकटीकरण भएको देखिन्छ । यसप्रकार एकाङ्कीमा सामाजीकरण प्रक्रियाबाट पात्रहरूमा अहम्को विकास भएको छ ।

### ४.३.३ पूर्वाग्रहको विकास

'सत्ताको खोजमा' एकाङ्कीमा रहेका पात्रहरूको सामाजीकरणको प्रक्रियामा पूर्वाग्रहको विकास भएको छ । सामाजीकरण प्रक्रियाले व्यक्तिलाई थाहा नै नदिई पूर्वाग्रही बनाउँछ । एकाङ्कीमा रहेका पात्रहरू पनि समाजमा समायोजन हुँदा एक अर्काप्रति पूर्वाग्रहको विकास भएको छ । प्रमिलाको श्रीमान्प्रति, तिलकमानमा पत्नी प्रमिलाप्रति, मीनामा आफ्नी साथी शीलाप्रति, भाउजूमा मीना र शीलाप्रति तथा भरियामा मीना र शीलाप्रति, शीलाको भरियाप्रति, मीनाकाको शीलाप्रति तथा शीलाको मीनाप्रति पूर्वाग्रहको भाव देखिएको छ ।

प्रमिलाको पूर्वाग्रहको विकासमा उसको सामाजीकरण र अहम् प्रवृत्तिको मुख्य भूमिका रहेको छ । प्रमिला सामाजीकरणबाट आफू बसेको समाजको सदस्य बनेको छ । प्रमिलाको समाज पद र शक्तिद्वारा सबै आफ्नो बनाउन सकिन्छ भन्ने मानसिकता रहेको छ । त्यही मानसिकताको विकास प्रमिलामा पनि भएको छ । नारी सत्ता, अधिकार र स्वतन्त्रताद्वारा सबै कार्य पूरा हुन्छ भन्ने सोचाइ प्रमिलाको अहम् हो । यही कारणले गर्दा प्रमिला पूर्वाग्रही बन्न पुगेकी छ । पुरुषप्रधान समाजमा नारी स्वतन्त्रता र सत्ताको अधिकार

खोजी दाम्पत्य जीवनमा विखण्डित ल्याउनुमा प्रमिलाको यसै पूर्वाग्रहको विकासले काम गरेको छ । खुलेर बोल्न नसक्ने तर आफ्ना अहम्लाई भित्रभित्रै गुम्साएर राखी त्यसको पूर्णता वा तृप्ति हुन नसक्दा अन्ततः आत्महत्या गर्न पुगेकी छ जुन प्रमिलाको आफ्नै अहम्वादीपन तथा श्रमिान तिलकमानप्रतिको बदलाको पूर्वाग्रही भावबाट प्रेरित छ ।

यसैगरी प्रमिलाको श्रमिान् तिलकमान पूर्वाग्रहको विकास भएको देखिन्छ । तिलकमानले आफ्नी श्रीमती प्रमिलाप्रति गरेको सम्बन्ध र व्यवहारमा स्पष्ट रूपमा पूर्वाग्रहको भाव देखा परेको छ । उसले धनीमानी सहरियाको रवाफ देखाउनु, धन दौलतको घमण्ड गर्नु, जाँड रक्सी जस्ता मादक पदार्थ सेवन गर्नु, श्रीमतीको बाह्य रूप सौन्दर्य र भोगविलासलाई महत्व दिनु, नारीलाई केवल इच्छा पूरा गर्ने साधन ठान्नु, आफ्ना पुर्खा, कुटुम्ब र समाजमा चलि आएका परम्पराका नाममा श्रीमतीलाई आफ्नो अधिनमा र शोषणमा राख्नु आदि व्यवहारहरू पूर्वाग्रहकै उपजको रूपमा विकसित भएका छन् । प्रमिलाले आत्महत्या गरेपछि तिलकमानमा आएको व्यवहारिक परिवर्तनको प्रेमभावपूर्ण पूर्व स्मृतिको पुरावृत्ति अंश यस्तो रहेको छ - “तिमीले किन त्यसो भन्यौ, मैले बुझिनँ । मैले तिमीलाई आफ्नो माया र चुम्बनले ढाक्न खोजेको थिएँ, यस चुम्बनलाई समेत तिमीले के ठान्यौ के अपराध गनाएको सम्झयै ? के मेरो प्रेम समेत अन्यायले मुछिएको थियो, के पुर्खाका अपराधहरू मेरै अपराध थिए, जसमा आइमार्यलाई भोग्या सम्झन्थे । उफ ! मैले त्यही गरेँ, जो पुर्खाले गरे (सत्ताको खोजमा, पृ.१०७) ।” यस माथिको भनाइबाट के स्पष्ट हुन्छ भने हरेक मानिसको अन्तस्करणमा सुषुप्त अवस्थामा रहेका प्रवृत्तिहरू अहम्को रूपमा विकसित हुन्छन् । मानिसले यिनै भावद्वारा प्रेरित भई कार्य गर्दछ । तिलकमानले आफूले श्रीमती प्रमिलाप्रति गरेको भावपूर्ण व्यवहारको प्रतिविम्ब उसको मृत्युपछिका घटना अथवा तिलकमानको व्यवहारबाट देखिन गएको छ । यसरी समाजमा कुनै पनि मानिस आफूले देखेको र भोगेको कुराहरूबाट प्रभावित भई अहम्को विकास गर्दछ र त्यस अनुरूप उसका व्यवहारहरू प्रदर्शित हुन पुग्दछ । सत्ताको खोज एकाङ्कीमा भाउजू, मीना र शीला जस्ता पात्रहरूमा पनि पूर्वाग्रहको छाप पाइन्छ ।

## ४.४ ‘नाम नभएको मानिस’ एकाङ्कीमा सामाजीकरण

‘नाम नभएको मानिस’ विजयम मल्लको तेस्रो चरणको एकाङ्की संग्रह ‘नेपाली एकाङ्की  भाग-३’ मा संकलित एकाङ्की हो । यस एकाङ्की साइक्रियाट्रिस्ट क्लिनिकमा प्रवेश गरेको एकजना मान्छेलाई विषयवस्तु बनाएर रचिएको छ । आफ्नो नाम बताउन नचाहने उक्त व्यक्तिले आफ्नो नाम बाएमा कुनै देवता, धर्म वा सम्प्रदायसँग सम्बद्ध गराउँछ जसका कारण अरबौं मानिसका साम् आफ्नो पृथक अस्तित्व राखेर बाँच्नु पर्ने भयले उसलाई सताएको छ । एकाङ्कीमा  प्रयुक्त पात्रहरू, घटना, कार्यव्यापार सबै असम्भव, अस्वभाविक र अयर्था देखिन्छन् । हरेकका आफ्नै समस्याबाट ग्रसित छन् । अरूको चासो र समस्या

सुल्झाउने भावना कसैमा पाइँदैन । यसरी वर्तमान मानव आफ्नो सक्कली पहिचान दिँदा आफ्नो स्वाभिमान, इज्जत, प्रतिष्ठा, इमान्दारिता गुम्ने डरले सही नाम (पहिचान) बताउन चाहँदैन, जसबाट आफ्नो वास्तविकता खुल्न जान्छ । यिनै भाव र त्रासको केन्द्रीयतामा 'नाम नभएको मानिस' शीर्षक प्रतीकात्मक अर्थ सापेक्षकका दृष्टिले औचित्यपूर्ण देखिन्छ ।

मानिसको जीवनमा सामाजिकरणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मानिस जन्मेपछि सामाजिक संस्कार, चालचलन, रीतिरिवाज एवम् व्यवहार अनुरूप आफूलाई समाजमा अनुकूल हुनु सामाजिकरण हो । सामाजिक सिकाइले एउटा बच्चा भोलिका सभ्य र आदर्श व्यक्तिमा मानिस बन्न पुग्दछ । तसर्थ मानिसको निम्ति समाज र त्यसभित्रका व्यवहारहरू हरेक व्यक्तिको जीवनमा उपयोगी हुनुका साथै अनिवार्य मानिन्छन् ।

'नाम नभएको मानिस' एकाङ्कीमा पनि सामाजिकरणको समुचित उपयोग भएको देखिन्छ । एकाङ्कीमा प्रयुक्त विविध पात्रहरूको सम्बन्ध समाजसँग रहेको छ भने समाजका विविध सामाजिक तथा सांस्कृतिक व्यवहारद्वारा उनीहरूले सिकाइ गर्दै आफूलाई समाजसँग अनुकूल गराएका छन् । व्यक्तिले समाजबाटै आफूलाई स्थापित गराउँछ । यसका निम्ति समाज व्यक्ति वा मानिसको सिकाइ, सम्बन्ध र सामाजिकरण तिनै कुराको निम्ति एउटा ज्ञानशाला नै मान्न सकिन्छ । मूलतः समाज जस्तो छ, व्यक्तिले त्यस्तै प्रकारको सिकाइ गर्ने हुनाले व्यक्तिको सामाजिकरण समाज राम्रो र आदर्श व्यवहार एवम् संस्कारबाट सञ्चालित हुनुपर्दछ । अतः कुनै व्यक्ति समाजमा सभ्य र आदर्श बन्न वा नराम्रो वा असभ्य बन्नुमा सामाजिक नियम, अहम्को विकास तथा पूर्वाग्रहको विकासले उल्लेख्य भूमिका खेलेको हुन्छ । 'नाम नभएको मानिस' एकाङ्कीका पात्रहरू डा. ज्योति, मानिस (नामहीन व्यक्ति/अपरिचित मानिस), आगन्तुक सुनिता, सोनाम तथा अन्य विविधमा सामाजिकरणको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । यी उल्लिखित बुँदाका आधारमा एकाङ्कीका केही प्रमुख पात्रहरूको सामाजिकरणको अध्ययन विश्लेषण यस प्रकार गर्न सकिन्छ -

### ४.४.१ सामाजिक नियम

व्यक्ति व्यक्तिबिच हुने सामाजिक अन्तर्क्रिया र सामाजिक व्यवहारमा सामाजिकर नियमले ठूलो भूमिका खेलेको हुन्छ । सामाजिक नियमभित्र सामाजिक मूल्य, मान्यता, रीतिरिवाज, चालचलन, परम्परा, सामाजिक संस्कार एवम् जातीय प्रथा आदि पर्दछन् । सामाजिक नियमले समाजका सदस्यको व्यवहारलाई अनुशासित गराउँछ । समाजमा मान्य र अमान्य कार्य व्यवहारमा छुट वा प्रतिबन्ध के गर्ने भन्ने कुराहरू सामाजिक नियमले नै स्पष्ट पार्दछ । अतः यिनै कुराहरू, नीति नियम, नैतिक आचरण तथा सामाजिक मूल्य मान्यता अनुरूप समाजमा व्यक्तिले कार्य गर्दछ । प्रस्तुत एकाङ्कीमा पनि पात्रहरूले गर्ने सामाजिकरणका विविध कार्य व्यवहाहरू सामाजिक नियमबाट नै सञ्चालित छन् । यिनै

नियमद्वारा समाजमा व्यक्तिले नराम्रो विचार जन्मेर पनि गलत व्यवहार गर्न/गराउन सचेत बन्दछ । फलतः उसका दुर्गुण र दुव्यवहारहरू परिवर्तन भई सकारात्मक बन्न पुग्दछ ।

'नाम नभएको मानिस' एकाङ्कीमा पनि डा. ज्योति, मानिस र अपरिचित व्यक्ति, आगन्तुक, सुनिता, सोनाम आदिलाई सामाजिक नियमले बाँधेको देखिन्छ । उनीहरू यसै नियममा रही सामाजिकरण गर्न पुगेका छन् जसका कारण सबैजना एउटै समूहमा भेला भई अन्तर्क्रिया गरी आपसी परस्पर व्यवहार आदान-प्रदान गरेका छन् । 'नाम नभएको मानिस' (अपरिचित व्यक्ति/मानिस) ले डाक्टर ज्योतिको क्लिनिकमा पसेर आफ्नो परिचय नदिनुमा यसै सामाजिकरणका सामाजिक नियमले प्रभाव पारेको देखिन्छ । एकाङ्कीकारले अपरिचित मानिसलाई एकाङ्की प्रभाव पारेको देखिन्छ । एकाङ्कीकारले अपरिचित मानिसलाई एकाङ्कीमा उभ्याउँदै उसको बारेमा गरेका अभिव्यक्तिबाट उक्त कुरा स्पष्ट हुन्छ- "ऊ आफूलाई कुनै नामद्वारा परिचित गराउन चाहँदैन । नामले कुनै देवता, धर्म वा सम्प्रदायसँग सम्बद्ध गराउँछ र अरबौं मानिसका सामु आफ्नो पृथक् अस्तित्व राखेर बाँच्नुपर्ने हुन्छ भन्ने उसलाई भय छ" ('नाम नभएको मानिस', पृ. ९८) ।

उक्त भनाइबाट अपरिचित मानिसले आफ्नो परिचय दिँदा धर्म, सम्प्रदाय वा जातिलाई निर्देश गर्ने र आफ्नो वास्तविक परिचय नहुने कुराले सताएको छ भने गलत परिचय दिँदा ऊ आफू समाजमा झुटो ठहरिने डर छ । अतः ऊ सामाजिक नियम र आचरण तथा मूल्य मान्यतालाई वरण गर्न पुग्दा आफ्नो नाम नै बताउँदैन । यसरी सामाजिक नियमले बाँधेको हुनाले उसले झुट बोलेर आफूलाई आदर्श र प्रतिष्ठित गराउन चाहँदैन । यसप्रकार यस एकाङ्कीमा प्रयुक्त पात्र मानिस सामाजिक नियम अनुशरण गर्ने पात्र भएको स्पष्ट हुन्छ । यिनै भावमा वा त्यही अपरिचित व्यक्ति र उसैको वेनामबाट एकाङ्कीको शीर्षक समेत प्रतीकारत्मक रूपबाट सार्थक, भावपूर्ण एवम् चेतन प्रवाहमय बन्न पुगेको छ ।

यसैगरी एकाङ्कीको अर्को पात्र आगन्तुकमा पनि सामाजिक नियमले कार्य गरेको देखिन्छ । आगन्तुकले भन्छ- "कसरी बयान गरूँ शब्दै छैन, हाम्रो भाषामा शब्दै भेटाउन्नँ । त्यसै भनूँ भने नबुझिने अस्पष्ट अर्थहीन आधुनिक कविता जस्ता हुन्छ मेरो कुरा । म प्रयोग गरेर देखाइदिन सक्छु म । आध्यात्मिक शक्तिको मानिस आफ्नो र अर्काको स्वरूप बदल्न सक्तछ । लौ भन्नोस् म बोका भइदिऊँ अहिले यहाँ ('नाम नभएको मानिस', पृ. ११७) ।"

माथि उल्लिखित आगन्तुकको अभिव्यक्तिमा सामाजिक नियमले कार्य गरेको देखिन्छ । समाजमा सामाजिक व्यवहारका साथै धर्म संस्कृति पनि महत्वपूर्ण बनेर आएको हुन्छ । व्यक्तिको आचरण निर्माण र आदर्श समाज स्थापनाको निम्ति धार्मिक-सांस्कृतिक पक्षको उल्लेख्य भूमिका रहन्छ । यसरी हेर्दा आगन्तुकले डाक्टर ज्योतिसँग गरेको सामाजिक

अन्तर्क्रिया 'म आध्यात्मिक शक्तिको मानिस आफ्नो र अर्काको स्वरूप बदल्न सक्तछु बाट आगन्तुक सामाजिक नियम र आचरणले बाँधिएको पात्र हो भन्ने बुझिन्छ । अध्यात्म शक्तिभित्र सामाजिक नियमहरू निहित हुन्छन् । यसैगरी सोनाम र सुनिताबिच प्रेम हुनु, अन्तरजातीय विभेदका कारण विवाह हुन नसक्नु, सोनामले घरमा आत्महत्या गर्ने बाहना गर्नु, वास्तवमा आत्महत्या गर्नु नसक्नु, सोनामले आत्महत्या गर्ने कृत्रिम प्रयासमा सुनिताले डर र भय मान्नु जस्ता घटनाहरू सामाजिक नियम अन्तर्गत पर्दछन् । सुनिताले प्रेमी सोनामलाई गरेको प्रश्नमा सामाजिक नियमको प्रत्यक्ष प्रभाव देख्न सकिन्छ'- "किन ! तिमीले मलाई प्रेम गरेर बिहे गर्न नपाएकोमा आत्महत्या गरेपछि मैले नै मारेको जस्तो बिहे गर्न नपाएकोमा आत्महत्या गरेपछि मैले नै मारेको जस्तो भएन तिमीलाई ? त्यसको दोष मलाई आएन अब ? लौ, हो कि हैन सुलोचना ('नाम नभएको मानिस', पृ. १२१) । यसरी सामाजिक नियमले बाँधेको हुनाले सोनामले प्रेमिकासँग खटपट परेपनि आत्महत्या गर्न सकेको छैन भने सुनिताले पनि तामाङको छोरोसँग प्रेम भएपनि बिहे गर्न सकेको छैन ।

यसरी यस एकाङ्कीमा पात्रहरूका सामाजिक रूपमा सामाजिक नियमले प्रत्यक्ष अप्रत्यक्ष असर पारेको छ भन्न सकिन्छ ।

### ४.४.२ अहम्को विकास

व्यक्तिको मनमा आफू र आफ्नो भन्ने स्वआचरण तथा स्वाभिमानको स्थिति/भाव अहम्को विकास हो । कुनै व्यक्ति, वस्तु, समूह, संस्था तथा मूल्यसँग हुने विभिन्न अनुभवबाट व्यक्तिमा अहम्को विकास हुन्छ ।

प्रत्येक व्यक्तिले आफूलाई आफ्नो परिवार, धर्म, देश, जाति, आदिको सदस्य मान्दछ र यो मेरो परिवार हो, यो मेरो देृश हो, म नेपाली हुँ, मेरो धर्म यो हो आदि यी सबै अभिव्यक्तिले उसको अहम् मनोवृत्ति प्रकट गर्दछ । त्यसैले अहम् व्यक्तिमा जन्मजात रूपमा नभएर समाजद्वारा हुने गर्दछ । प्रस्तुत नाम नभएको एकाङ्कीमा पनि पमात्रहरूमा अहम्को भावना विकास भएको देखिन्छ । मानिस, आगन्तुक, डा. ज्योति, सुनिता तथा सोनाम आदिमा अहमको विकास भएको छ । उनीहरूले एक-अर्कामा गरेका सम्वाद, अन्तर्क्रिया, प्रश्नोत्तर, जिज्ञासा, विवाद आदिबाट अहम्को भावना विकास भएको देख्न सकिन्छ । हरेक व्यक्तिमा म र आफ्नो भन्ने भाव हृदयमा विकास हुनु नै अहम्को विकास हो । यसरी हेर्दा डा. ज्योति र मानिस (संज्ञाहीन/ नाम नभएको व्यक्ति) बिचको संवादमा ज्योतिले मानिससँग परिचय मागेपछि मानिसले आफूप्रतिको अहम्को भाव झल्कने अभिव्यक्ति तल अंशमा यसरी प्रकट भएको छ- "आँखा चिम्लेर त म आफूलाई बिर्सन सक्तिनँ झन्, आफूलाई बढी सम्झन पुग्छ, बढी देख्न थाल्छु । भन्नोस् त आँखा चिम्लेर कहीँ आफूलाई बिर्सन सकिन्छ ? असम्भव, असम्भव (नाम नभएको मनिस, पृ. १००) ।" उक्त माथिको

भनाइमा मानिसले आफू हुनु र आफू भएकोमा गर्वपूवर्ण भाव व्यक्त गरेको छ । आफूले आफ्नो खास नाम बताउन नचाहे पनि आफ्नो देश, जाति र आफूप्रतिको स्वनिष्ठा स्वाभिमानलाई झल्काएको छ । यस क्रममा एकाङ्कीका पात्रमा अह्मको विकास भएको देखिन्छ ।

यसैगरी एकाङ्कीकारले नामहीन मानिसको बारेमा गरेका टिप्पणीमा अह्मको भाव स्पष्ट देखा परेको छ- "एउटा 'नाम नभएको मानिस' क्लिनिकमा पस्छ । ऊ आफूलाई कुनै नामद्वारा परिचित गराउन चाहँदैन । नामले कुनै देवता, धर्म र सम्प्रदायसँग सम्बद्ध गराउँछ र अरबौं मानिसका सामु आफ्नो पृथक अस्तित्व राखेर बाच्नु पर्ने हुन्छ भन्ने उसलाई भय छ ('नाम नभएको मानिस', पृ. ९८) ।" यी माथिका भनाइमा नामहीन मानिसको व्यवहार एवम् भावको अभिव्यक्तिबाट अहम्को विकास देख्न सकिन्छ । उसले आफ्नो नाम बताउन नचाहनु, अरूभन्दा पृथक बन्न चाहनु, आफ्नो स्वाभिमानलाई गोप्य रूपमा लुकाएर राख्ने मनसाय प्रकट गर्नु आदि अहम्को विकास हुन् । उसले यी व्यवहारहरू सामाजिकरणबाटै आर्जन गरेको हो । सामाजिक व्यवहार अन्तर्क्रिया, अनुभव आदिबाट एकाङ्कीको पात्र नामहीन मानिसमा आफू र आफूप्रतिको आत्मसम्मानको भावस्वरूप उसमा अहम्को विकास अवस्य देखा परेको स्पष्ट हुन्छ ।

यसरी नै डाक्टर र आगन्तुक बिचको अन्तर्क्रियाको क्रममा ज्योतिले आगन्तुकलाई चिनेको कुरा गरेपछि त्यसको जवाफमा आगन्तुकको यस भनाइमा अहम्को भाव विकास र प्रष्फुटन भएको पाइन्छ अब चिन्नुभो मलाई ? त्यसपछि मैले यस परामनोविज्ञान यो paragsychology क्षेत्रमा धेरै प्रगति गरिसकेँ । धेरै खोजी, अनुसन्धान गरिसकेँ डाक्टरसाहेब ! उच्च इच्छाशक्तिले के गर्न सकिन्न, यस संसारमा ? धेरै बाधा बन्धनहरूलाई नाघ्न सकिन्छ डाक्टर साहेब, मैले नाघिसकेँ ('नाम नभएको मानिस', पृ. ११६) । भन्ने उद्गारमा आगन्तुक विज्ञानको क्षेत्रमा एक महत्वपूर्ण योगदान गर्ने व्यक्ति भएको र उसले आफ्नो अपूर्व साधना र इच्छा शक्तिबाट उक्त विज्ञानको नयाँ उपलब्धी हासिल गरेको कुरा अभिव्यक्त भएको छ । यसरी कुनै उल्लेख्य मानवीय कार्य गर्ने व्यक्तिहरू मध्ये आफू वा म पनि एक हुँ, मैले अरूले जस्तै केही महान् कार्य गरेँ भन्ने अहम् भावको विकास भएको देखिन्छ । अतः 'नाम नभएको मानिस' एकाङ्कीमा प्रयुक्त विविध पात्ररूको सामाजिक व्यवहार, मनोभाव, अन्तर्क्रिया आदिमा हम्को विकास स्पष्ट देखा परेको छ ।

### ४.४.३ पूर्वाग्रहको विकास

पूर्वाग्रह सामाजिकरणको एउटा प्रक्रिया हो । समाजमा चल्दै आएका प्रथा, रीतिरिवाज, धर्म-संस्कृति, मूल्य मान्यता व्यवहार आदि पूर्वाग्रहबाट नै सञ्चालित र विकसित भएका हुन्छन् । समाज सभ्य वा असभ्य जुन रूपबाट विकसित छ, समाजका

सदस्य वा पात्रहरूमा पनि सोही अनुरूप धारणाको विकास हुन पुग्दछ । पूर्वाग्रहले व्यक्तिलाई आफूले सुनेको देखेको, भोगेको वा अनुभव गरेको कुराप्रति प्रत्यक्ष साक्षात्कार गराउँदै त्यस कार्य, विचार, संस्कार व्यवहारप्रति आत्मसात गराउँछ र कार्यप्रति विश्वस्त रूपमा समर्पित बनाउँछ । यिनै सामाजिक व्यवहारबाट उत्पन्न पूर्वाग्रहले व्यक्तिलाई आफू र आफ्नो सदस्य तथा समाजप्रतिको आस्था र विश्वास दिलाउँछ भन्ने पराइप्रतिको दुर्भाव, वैमनष्य, तिरस्कार वा घृणा र शत्रुताको भाव सिर्जना हुन पुग्दछ । यसरी आफ्नोप्रति माया, स्नेह, मित्रता र अर्कोप्रतिको नकारात्मक भाव प्रकट भएको देखिन्छ ।

प्रस्तुत 'नाम नभएको मानिस' एकाङ्कीमा प्रयुक्त विविध पात्रहरूमा पनि पूर्वाग्रहको विकास अवस्था देख्न सकिन्छ । डाक्टर, मानिस, आगन्तुक, सुनिता, सोनाम, सुनिताको भाउजू, दाजु र आमा आदि सबै पात्रमा सामाजिक व्यवहार, एवम् सामाजिकरणको प्रभाव स्वरूप पूर्वाग्रहको विकास भएको देखिन्छ । अपरिचित मानिस पूर्वाग्रहको विकासका कारण आफ्नो नाम भन्न नचाहनु, आगन्तुकले आफ्नो वास्तविकता नखोल्नु, डाक्टरले आफ्नो पेशागत मूल्य मान्यता र आचरण अनुरूप विरामीको सेवा गर्नु, सुनिताले सोनामसँग प्रेम गरेपनि अन्तत् विवाह गर्न नचाहनु, सुनिताको दाजु भाउजू र आमाले सामाजिक जातीय विभेदको परम्परागत विचार अनुरूप सुनितालाई तल्लो जातिको सोनामसँग विवाह गर्न रोक लगाउनु, सोनामले पनि सामाजिक मान्यता र जातीय संस्कार अनुरूप लामो समयदेखि प्रेम सम्बन्ध गरेको प्रेमी सुनितालाई विवाह नगर्नु, प्रेम विवाह गर्न सामाजिक मूल्य र आदर्श विपरीत भएको ठान्नु, सुनितालाई परिवारबाट विवाह गर्न दवाव दिनु जस्ता क्रियाकलाप तथा सामाजिक व्यवहारहरू पूर्वाग्रहबाट नै विकसित भएका छन् । यसरी एकाङ्कीका हरेक पात्रहरूमा पूर्वाग्रहको प्रत्यक्ष प्रभाव ज्वलन्त रूपमा देखा परेको छ ।

डाक्टर ज्योतिले आफ्नो देशप्रतिको कर्तव्य निभाउने क्रममा मानिस (नामहीन व्यक्ति) को बोली र व्यवहारबाट नै उसको रोग जाँच गरेको अभिव्यक्ति प्रस्तुतिमा पूर्वाग्रहको विकासको अवस्था देख्न सकिन्छ- "मैले परीक्षा गरिसकेँ तपाईंलाई यहाँ बस्ने बित्तिकै, त्यो त मेरो पेशा नै हो । म मानिसलाई यस्सो एकफेरा हेर्ने बित्तिकै थाहा पाउँछु के भएको छ भन्ने कुरा । बरू .... हैन तपाईंलाई आफ्नो नामसँग, भो यो कुरा यहीँ समाप्ति गरिदिऊँ । अरू भन्नुहोस्" ('नाम नभएको मानिस', पृ. १०२) । यसरी माथिको अंशमा डाक्टरले बिरामीलाई जाँच गर्ने र उसको शारीरिक र मानसिक रोग पहिचान गर्ने कर्तव्य बोध र जिम्मेवारीको पूर्वाग्रहको भाव विकास भएको छ । अतः पूर्वाग्रहले सामाजिकरणमा ठूलो प्रभाव पारेको देखिन्छ । सुनितालाई दाजुले हप्काउँदै गाली गरेको सन्दर्भमा सामाजिक पूर्वाग्रहको भाव देखिएको छ- "सुनिता ! के तिमी मेरा नाककान काट्न चाहन्छ्यौ, सबको सामुन्ने ? बुबा स्वर्ग हुनु भइसकेको छ , दाजुले आफूले चाहिँ घुमघामसँग बिहे गऱ्यो, राम्ररी स्वास्नी ल्यायो । तर जवान् बहिनीको चाहिँ बिहेको केही प्रबन्ध नगरी आफू

मोजमज्जा गरिरहेछ । के यसरी संसारले सामुन्ने मेरो बदनाम गर्न चाहन्छ्यौ ?" त्यसैगरी भाउजूले गरेको अभिव्यक्तिमा पूर्वाग्रहको भाव व्यक्त भएको छ- "सुनिता नानी, बिहे गर्नुस् तपाई ! दाजु आमाको बचन पनि त राखिदिनोस् । बरू यो मनपर्छ भनेर मलाई सुटुक्क भन्नोस् न । के को लाज छि: मलाई भन्नलार्य पनि, अरूको होला त्यो भाग्यमानी हँ यस्ती राम्ररी नन्दको हात समाउने ! यसरी नै आमाले रूँदै, हात जोड्दै भन्नुभएको वा सम्भाएको यस भनाइमा पूर्वाग्रहको भाव देखिन्छ : नानी, तँलाई मलाई स्वर्ग पठाउन मन छैन ? भन, जवान छोरीलाई कसैलाई कन्यादान नदिई त्यसै म मरैं भनें के म रौवख नरकमा पर्दिन ? के भन्लान् मलाई लोकले, लौ भन" ('नाम नभएको मानिस', पृ. १०८-१०९) । जस्ता यी माथिका उद्गारबाट नेपाली समाजमा रहेका नारी/छोरीहरूले विवाह गर्नुपर्ने सामाजिक संस्कार एवम् मान्यता रही आएको अनि परम्परालाई तोड्दा समाजले नराम्रो ठान्ने र आफ्नो कुल धर्मको समेत इज्जतमा आँच आउने कुरा एकाङ्कीमा उपस्थित सुनिताको दाजु, भाउजू र आमाको भनाइबाट स्पष्ट हुन्छ । यसरी उल्लिखित पात्रहरूको संवाद, अन्तर्क्रिया, अभिव्यक्तिबाट सामाजिक संस्कार एवम् मान्यताप्रतिका पूर्वाग्रहको विकासको स्पष्ट रूप देखिएको छ । अत: सामाजिकरणमा सामाजिक नियम, अहम्को विकास तथा पूर्वाग्रहको विकासले एकाङ्कीमा उल्लेख्य भूमिका निर्वाह गरेको स्पष्ट हुन्छ ।

## ४.५ 'भोलि के हुन्छ ?' एकाङ्कीमा सामाजीकरण

भोलि के हुन्छ ? एकाङ्कीमा रहेका पात्रहरूको मूल्य मान्यता आदर्श परम्परा नैतिकता अहम्को विकास पूर्वाग्रह आदिले उनीहरूको सामाजीकरण प्रक्रियालाई देखाउँछ । सामाजीकरण प्रक्रियामा समाज जास्तो छ व्यक्तिको विकास पनि त्यसै अनुसार हुन्छ । यस एकाङ्कीका पात्रहरू पनि एकाङ्कीय समाज अनुसार समाजमा सामाजीकरण भएका छन् । माधुरीले जन्मे पछि बाँच्न पाउनु पर्ने अधिकार खोज्नु, युद्ध सम्बन्धी कुरा गर्न भवनमा निषेध गरिनु, मोहनले सम्पूर्ण विश्वमा राज गर्न खोज्नु, शक्तिद्वारा सबै कुरा प्राप्त गर्न सकिन्छ भन्नु आमालाई कैद गरी मार्ने निर्णय गर्नु, दुलहीले मातृहत्यालाई महापाप सम्भन्नु, न्याधिसले कुनै पनि निर्णय गर्न नसक्नु आदि जस्ता कार्यले एकाङ्कीमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियालाई देखाउँछ । यस एकाङ्कीमा पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियमले प्रभावित पारेको छ भने अहम् र पूर्वाग्रहको विकास पनि गराएको छ । पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियम अहम्को विकास र पूर्वाग्रहको विकासका आधारमा तलको उपशीर्षक विश्लेषण गरिन्छ ।

### ४.५.१ सामाजिक नियम

भोलि के हुन्छ ? एकाङ्कीमा एकाङ्कीय समाजको सामाजिक नियम रहेको छ । एकाङ्कीमा पात्रहरूको संवाद र व्यवहारले सहरीया समाज अन्तर्गतको दरवारीया परिवेशलाई देखाउँछ । एकाङ्कीमा । रहेका पात्रहरू कामिनी, माधुरी, दुलही, सुवर्ण, मोहन, जज, आमा, आदिको संवादबाट दरवारीया सामाजिक नियमलााई देख्न सकिन्छ । माधुरी, कामिनी, दुलही, सुवर्ण, जज, आमा, समाजका असल चरित्रका व्यक्ति हुन् जसले समाजको नियमलाई स्वीकारेको देखिन्छ । मोहन खराब चरित्रको व्यक्ति हो, त्यसैले उसले सामाजिक नियमलाई स्वीकारेको छैन ।

नाटकको सुरूवात माधुरी र कामिनीको संवादबाट भएको छ । यी दुईको संवादमा माधुरीले कामिनीलाई त, तिमी भन्दै कुरा गरेको र कामिनीले माधुरीलाई हुजुर, बिर्सिबक्स्योस भन्दै उच्चआदरार्थी शब्दको प्रयोग गरी कुरा गरेकी छ । यसले दरवारीया समाजको उच्च वर्ग र निम्न वर्गले बोल्ने भाषिक नियमलाई देखाएको छ । यस्तै माधुरीले आफ्नो प्रेमी महेश युद्ध जितेर फर्केमा पनि रगतमा मुछिएर आएको हुने र कसैको मायालाई मारेको हुन्छ । युद्ध हारे आफ्नो प्रेम मरेको हुन्छ भन्दै मारेर वा मरेर केही फाइदा नहुने भन्दा कामिनीले “यस्तो कुरा हजुरलाई समेत उच्चारण गर्न यस भवनमा निषेध छ । कमजोरीमा पनि नबोलिबक्स्योस् सपनामा पनि नबरबराई बक्स्योस । यहाँ यही निषेध छ” ( भोलि के हुन्छ ?, पृ. २३) भन्दछे । कामिनीको यस भनाईबाट दरवार अथवा भवनमा जहाँ मनलाग्यो त्यही सबै कुरा गर्न निषेध गरिएको दरवारीया समाजको नियमलाई देखाउँछ । यस नियमले माधुरीलाई स्वतन्त्र भएर बोल्न र आफ्ना कुराहरू राख्न रोकेको छ ।

सामाजिक नियमले समाजका सदस्यको व्यहारलाई अनुशासित गराउँछ । समाजमा रहेका नीति नियमले गर्न हुने र गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको हुन्छ । सुवर्ण, दुलही, जज, आमाको व्यवहारलाई सामाजिक नियमले अनुशासित गराएको छ भने मोहानले समाजको नियम विपरीत कार्य गरेको छ । मोहनले समाजको नियम विपरीत आफ्नै आमालाई कैद गरी अध्याँरो कोठामा थुनेर राखेको छ । सम्पूर्ण विश्वमा एक्लै राज गर्न चाहेको र आमाको सम्पत्ति एक्लै भोग गर्न चाहेको मोहन सम्पूर्ण पृथ्वी र सम्पत्तिमा भोग गर्न नपाए पृथ्वीलाई नै ध्वस्त पारी मसान बनाउने भन्दै आमाको हत्या गर्ने निर्णय गर्दछ । मोहनको उक्त निर्णय सामाजिक नियम विपरीत भएकोले उसलाई दुलहीले “.... मातृहत्याजस्तो महापाप अरू केही छैन” (भोलि के हुन्छ ?, पृ. ४१) भन्दै सामाजिक नियम विपरीत कार्य नगर्न सचेत गराएकी छ । यस्तै सामाजिक नियमले सुवर्णलाई अनुशासित गराई मोहनलाई आमाको हत्या गर्न दिएको छैन र मोहनलाई नै कैद गरी राखेको छ । यसरी सामाजीकरण प्रक्रियामा सामाजिक नियमले अलग-अलग रूपबाट व्यक्तिको जीवनलाई प्रभावित पारेको छ ।

### ४.५.२ अहम्को विकास

भोलि के हुन्छ ? एकाङ्कीमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियामा अहम्को विकास भएको छ । अहम् जन्मजात नभएर सामाजिक अन्तरक्रिया फलस्वरूप सामाजीकरणबाट उत्पन्न हुन्छ । एकाङ्कीमा व्यक्तिले जुनसुकै कुरा आफ्नो बारेमा सम्झन्छन्, भन्छन् ती सबै उनीहरूको अहम् अभिवृत्ति सँग जोडिएर रहेको छ । एकाङ्कीमा माधुरी, सुवर्ण, मोहन, आमा, दुलहीमा पनि सामाजीकरण प्रक्रियाले अहम्को विकास भएको छ ।

माधुरीमा अहम्को विकास सामाजीकरण प्रक्रियाबाट भएको छ । जुन समाज र घर परिवारको सदस्यमा माधुरीको विकास भएको छ त्यसैमा उसको अहम्को पनि विकास भएको छ । माधुरी युद्ध मन पराउँदिन । युद्धमा मरेर र मारेर केही फाइदा नहुने भन्दै आफू शान्ति सँग जीवन बिताउन चाहेको कुरा व्यक्त गर्दछे । युद्ध बिना पनि जीवन चल्न सक्ने भन्दै महेश युद्धमा गएको, दाजु मोहनले गरेको युद्धलाई मन पराउँदिन । माधुरीले आफूलाई किन राम्रो सँग बाँच्न दिदैनन् भन्दै बुबाले आफूलाई जन्म दिसकेपछि आफू स्वतन्त्र भएर बाँच्न पाउनु पर्छ भन्नु सामाजीकरणबाट माधुरीमा विकास भएको अहम् हो ।

सामाजीकरण प्रक्रियामा मोहनमा अहम्को विकास भएको छ । विश्वलाई सबैले भोग्न चाहेको, एकलेआर्कालाई मारी राज्य आफ्नो हातमा लिई शक्तिशाली बन्न चाहेको, परिवेशमा मोहनको विकास भएकोले उक्त भावना मोहनमा पनि आएको छ । बाजेवराजुको पालामा नै आमाले आफ्नो सम्पूर्ण सम्पत्तिको भोग गर्नु भनी कागत लेखिदिएकोले मोहन जन्मदेखि नै शक्तिशाली भएको छ र सम्पूर्ण सम्पत्ति भोग चलन गर्दै आएको छ । जन्मदै शक्तिशाली भएकोले मोहनमा शक्तिको अहम्भाव विकास भएको छ । शक्तिको अहम्मा मोहनले साँचो झुटो र झुटो साँचो हुन्छ भन्दै सम्पूर्ण पृथ्वीमा शासन गर्न आमाबाट कागतमा पुनः अनुमोदन हुनुपर्छ भनी जजले भन्दा "अनुमोदनको निम्ति हामी आमाको पछि किन लागौँ" (भोलि के हुन्छ ?, पृ. २७) भनेर कागतको कुनै मतलब नराखि शक्तिकै आडमा सम्पूर्ण पृथ्वीमा राज गर्न चाहन्छ । आनन्द र सन्तोष भन्ने कुरा पनि आफ्नै बाहुबलबाट कमाइने कुरा हो । आफू पराक्रमी भएकोले सन्तुष्ट र कहिल्यै पराजित नभएको भन्दै आफू कहिल्यै हार्न नचाँहने, विश्वसम्पत्ति आफूले मात्र भोग गर्ने कुरा गर्नु सामाजीकरण प्रक्रियाबाट मोहनमा विकास भएको अहम् हो ।

### ४.५.३ पूर्वाग्रहको विकास

भोलि के हुन्छ ? एकाङ्कीमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियामा पूर्वाग्रहको विकास भएको छ । समाज वा समूहमा व्यक्ति समायोजन हुँदा पूर्वाग्रहको विकास हुन्छ । एकाङ्कीमा रहेका पात्रहरूको पूर्वाग्रह जन्मजात नभएर समाज वा समूहबाट उत्पन्न भएको

हो । पूर्वाग्रह एउटा अपरिपक्व छिटो लिइएको निर्णय हो जसमा प्रतिकूल अभिवृत्ति पनि हुन्छ । एकाङ्कीमा सुवर्ण, मोहन, माधुरीमा पूर्वाग्रहको रूपलाई देख्न सकिन्छ ।

सामाजीकरण प्रक्रियाले मोहनलाई विनाशकारी, जिद्धि र हठी स्वभावको बनाएको छ । मोहन यस पृथ्वीलाई आफूले मात्र भोग्न पाउनुपर्छ । यसमा आफ्नो मात्र अधिकार रहेको भन्दै आफ्नो बाजेबराजुको पालामा आमाले लेखिदिनु भएको कागत आफू सँग मात्र रहेको भन्दै सम्पूर्ण पृथ्वीमा राज गर्न खोजिरहेको छ । मोहनले देखाएको जस्तै कागत अरूले पनि देखाएको र यस पृथ्वीलाई सबैले भोग्न पाउनु पर्ने भनी दावि गरिरहँदा मोहनमा आमा प्रति पूर्वाग्रहको विकास हुन्छ । पूर्वाग्रहमा अपरिपक्व र छिटो लिइएको निर्णय हुन्छ । मोहनले पनि पूर्वाग्रह स्वरूप आमालाई कैद गरी अँध्यारो कोठामा थुनेर राख्ने निर्णय गर्नुका साथै यदि कसैले आमाले लेखिदिएको कागत आफूसँग पनि छ भनी दावि गरी पृथ्वीमा राज गर्न चाहे आमालाई स्वर्गगङ्गामा मिल्काउने निर्णय गर्छ । मोहन भन्छ "..... आमालाई स्वर्गगङ्गामा मिल्काइदिनेछु यस रात नै । अनि मसानमा रजाँइ गरून उनीहरू तिमी के भन्छौ यसमा ? अनि कसरी साबित गर्लान कसको कागत साँचो वा कसको भूmटो । आमालाई आजको रातिनै मिल्काइदिने मारिदिने मेरो अन्तिम फैसाला यही हो" (भोलि के हुन्छ ?, पृ. २८) । मोहनको यो निर्णय अपरिपक्व छिटो लिइएको निर्णय हुनका साथै प्रतिकूल अभिवृत्तिमा आधारित छ । यसले उसको पूर्वाग्रहको रूपलाई देखाउँछ ।

सुवर्ण सुरूमा दाजुसँग सँगै पृथ्वीको सम्पूर्ण सम्पत्तिको भोग गर्ने र सम्पूर्ण पृथ्वीमा राज गर्ने निर्णय गर्दछ । आमाले स्पष्ट र दोहोरो अर्थ नलाग्ने गरी मेरै ज्युनीमा तिमी र तिम्रा सन्तानले मेरो जायजेथा र सम्पूर्ण सम्पत्ति भोग गर्नु भनेर कागत लेखिदिएको र त्यसमा कुनै शङ्का गर्ने ठाँउ नरहेको यदि कसैले शङ्का गर्छ भने कागत देखाएर बलपूर्वक पृथ्वीलाई भोग्ने कुरा सुवर्णले गर्दछ । अरू कसैले आमाको जायजेथा र सम्पत्तिमा अधिकार खोज्दा सुवर्णमा पनि आमा प्रति पूर्वाग्रहको विकास भएको छ । फलस्वरूप दाजुले आमालाई मार्ने भनेर गरेको निर्णयलाई सुवर्णले स्वीकार गरी यस्तो भन्छ-"आमा त सुत्नु भएजस्तो छ । यस गाढा निद्रामा हामी जुनसुकै पाप पनि आँखा चिम्लेर गर्न सक्छौं । मलाई अबउ त्साह आयो, म अब आमालाई मिल्काउन आत्तिन्नँ" (भोलि के हुन्छ ?, पृ. ३३) । सुवर्णले आमालाई मार्न तयार हुनु पूर्वाग्रह स्वरूप गरिएको कार्य हो । सुवर्णको यस पूर्वाग्रह स्वरूप लिइएको निर्णयमा परिवर्तन आएको छ । पूर्वाग्रहमा आएको परिवर्तनले दाजुलाई आमाको हत्या गर्न नदिई सुरक्षा गरेको छ भने दाजुलाई कैद गरी बन्दी बनाएको छ ।

जुन समाज र घरपरिवारमा माधुरीको विकास भएको छ त्यसले उसमा पूर्वाग्रहको विकास गराएको छ । माधुरी शान्तिपूर्ण जीवनयापन गर्न चाहन्छे । महेश युद्धमा गएको मन पराउदिन भने धरतीमा भइरहेको युद्धलाई घृणा गर्छे । युद्धमा महेश्वरको मृत्युको खबरले पागल बनेकी माधुरीले आमा र बाबुले उचित जिम्बेवारी ननिभाउँदा आफ्नो प्रेमको मृत्यु

भएको ठान्छे । माधुरीले "साँच्चीकैको आमा भए मेरो मायालाई हुर्कने मौका दिनु पर्थेन ? साँच्चीकैको बुबा भए मेरो महेशलाई बचाउनु पर्थेन ? (भोलि के हुन्छ ?, पृ. ४५) भन्दछे । यसरी आमाबाबुलाई दोष लाउनु माधुरीको आमाबाबु प्रतिको पूर्वाग्रह हो भने यही पूर्वाग्रह स्वरूप आतमहत्या गर्ने निर्णय गर्नु अपरिपक्व र छिटो लिइएको निर्णय हो ।

## ४.६ निष्कर्ष

समाजमा जन्मे, हुर्केका कुनै पनि मानिसले समाजका भोतिक पक्षहरूलाई आत्मसात् गर्दै त्यस अनुरूप आफूलाई अनुकुल वा समायोजना गर्नु सामाजीकरण हो । सामाजीकरणले व्यक्तिलाई समाजमा बाँचन योग्य मानिस बनाउनुका साथै सामाजिक मूल्इ, मान्यता, आदर्श, परम्परा नैतिकता जस्ता आचरणहरू सिकाउँछ । विजय मल्लको तेस्रो चरणमा एकाङ्कीअन्तर्गत 'पत्थरको कथा' एकाङ्की, भोलि के हुन्छ ? तथा सत्ताको खोजमा शीर्षकका पात्रहरू सामाजीकरण प्रक्रियाद्वारा समाजमा समायोजित हुनुका साथै त्यस समाजका सदस्य बनेका छन् । सामाजिक सदस्यका रूपमा उनीहरूले समाजका सामाजिक मूल्य, मान्यता, आदर्श, परम्परा नैतिकता जसता आचरणहरू पनि सिकेका छन् । यसरी सामाजीकरण प्रक्रियामा नाटकमा रहेका पात्रहरू सामाजिक समूहको सदस्य हुादा उनीहरूलाई सामाजिक नियमले प्रभावित पारेको छ भने अहम् र पूर्वाग्रहको विकास पनि गराएको छ । सामाजिक नियमले एकाङ्कीमा रहेका पात्रहरूको व्यवहारलाई अनुशासित गराउनुका साथै समाजमा गर्न हुने र गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको छ । त्यस्तै सामाजीकरणले एकाङ्कीमा रहेका पात्रहरूमा अहम्को साथै पूर्वाग्रहको पर्ना विकास गरेको छ । पात्रहरूले जुनसुकै कुरा आफ्नो बारेमा सम्झिएर त्यसलाई अरू सामु प्रस्तुत गर्नु अहम् हो । अहम् जन्मजात नभएर सामाजिक अन्तर्क्रियाको परिणाम हो । माथि विश्लेषित एकाङ्कीमा पनि पात्रहरूमा अहम् जन्मजात नभएर उनीहरू बसेको समाज र जुन घर परिवारमा विकास भएको छ, त्यसले अहम्को विकास गराएको छ । पूर्वाग्रह एकाङ्कीमा रहेका पात्रहरूको असफलता, अहम् वृत्तिका साथै उनीहरूको विकास भएको समाज वा समूहका सदस्यबाट भएको छ । पूर्वाग्रह आर्जित प्रक्रिया भएकाले यो परवर्तनशील हुन्छ । त्यसैले भोलि के हुन्छ ? एकाङ्कीमा रहेको पात्र सुवर्णको पूर्वाग्रहका परिवर्तन आएको छ । यसरी नै 'पत्थरको कथा' एकाङ्कीमा रघुवीरसिंहको व्यवहारमा अन्ततः परिवर्तन आएको देखिन्छ । आफूले निर्दोष व्यक्तिहरूको हत्या गरेर अन्तयमा विपिन (मालिक) ले आफैँलाई मार्न आक्रमण गरेपछि त्यसको प्रतिकारमा उत्रिएको छ । जुन उसमा आएको मानसिक तथा व्यवहारिक परिवर्तन हो । त्यस्तै 'सत्ताको खोजमा' एकाङ्कीका पात्र तिलकमानमा सामाजिक व्यवहार, पुर्ख्यौली परम्परा, सामाजिक संस्कार, रीतिरिवाज तथा मूल्य मान्यताबाट पूर्वाग्रहको विकास भई श्रीमती प्रमिलालाई दमन, हस्तक्षेप, नियन्त्रण र नारी अधिकारबाट वञ्चित गराएको छ । जसको प्रतिफलका रूपमा प्रमिलाको आत्महत्या तथा तिलकमानको पागलपन र पश्चातापको

अवस्था सिर्जना हुनु पुगेको छ । यसरी उल्लिखित विशलेष्य एकाङ्कीमा सामाजीकरणका सामाजिक नियम, अहम्को विकास तथा पूर्वाग्रहले एकाङ्कीका पात्रहरू समाजका सदस्य बनाउनुका साथै सामाजीकरण गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## ४.७ 'पत्थरको कथा' एकाङ्कीमा सामाजिक मनोवृत्ति

पत्थरको कथा एकाङ्कीमा पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणमा सामाजिक मनोवृत्तिको विकास भएको छ । एकाङ्कीमा पात्रहरूको सामाजिक मनोवृत्ति उनीहरूको कार्य तथा संवादबाट देखिन्छ । विपिनले परिवार र समाजका सबेलाई मार्न निर्देशन दिनु, रघुवीरले सबैको हत्या गर्नु, विपिनकी श्रीमती स्वास्नीमान्छे डराएर घर छोडेर भाग्नु, ज्वालाको हत्या गरिनु र आफ्नो छोराछोरीको समेत हत्या भएकोमा रघुवीरसाग आक्रोशित हुनु, शत्रघ्नले ज्वालाका नाबालक छोराछोरी मारिएकोमा दुःख र सहानुभूति प्रकट गर्नु, श्रकिान्तले रघुवीरलाई विपिनलाई आक्रमण नगर्न सल्लाह दिनु, विपिनलाई घृणा र तिरसकार गर्नु तथा मरेर पुनजीर्वित भएका सबै पात्रहरू बचि दुःखद् संवाद हुनु आदि जस्ता कार्यमा पात्रहरूको सामाजिक मनोवृत्ति देखिएको छ । एकाङ्कीमा रहेका पात्रहरूमा देखिएको सामाजिक मनोवृत्तिलाई मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मनोवृत्ति मूल्याङ्कनका आधारमा यसप्रकार क्रमशः विश्लेषण गरिएको छ :

### ४.७.१ मनोवृत्तिको निर्माण एवम् विकास

पत्थरको कथा एकाङ्कीका पात्रहरूमा मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । एकाङ्कीमा पात्रहरूको मनोवृत्ति कार्य तथा संवादबाट देखिन्छ । विपिन, रघुवीरसिंह, स्वास्नीमान्छे, श्रीकान्त आदिको मनोवृत्तिको निर्माण एवम् विकासमा प्रेरणा, उनीहरूले प्राप्त गरेको सूचना सामाजिक समूहद्वारा भएको छ । विपिनमा मानवीय हिंसा विनाशकारी रूपमा हुने मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । आफ्ना श्रमितीहरू, समाजका व्यक्ति तथा परिवारका सदस्यहरूलाई मारेर एकलौटी अधिकार लिन उसले सहयोगी रघुवीरलाई मानवीय हिंसा गर्न निर्देशन दिएको छ । जसका कारण रघुवीरमा हिंसात्मक मनोवृत्तिको निर्माण एवम् विकास भई उसले सबैको हत्या गरेको छ । साथै अन्ततः विपिनले रघुवीरलाई नै मार्ने योजना अनुरूप आक्रमण गर्दा रघुवीर प्रतिकारमा उत्रिएको छ । यस क्रममा रघुवीरमा पश्चाताप र प्रतिशोधजन्य मनोवृत्तिको निर्माण एवम् विकास हुनु पुगको छ ।

प्रेरणा र सामाजिक समूहले विपिनमा मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । विपिनमा रहेको आर्जित प्रेरणाको र सामाजिक प्भावका कराण उसमा नकारात्मक मनोवृत्तिको निर्माण भएको छ । जसका कारण उसमा मानवीय हिंसात्मक मनोवृत्तिको विकास एवम् निर्माण भएको देखिन्छ । यही नकारात्मक मनोवृत्तिका निर्माणले गर्दा परिवार र समाजका अन्य मानिसलाई मार्ने निर्णय र योजना गर्दा रघुवीरसिंहले समर्थन गर्दछ ।

यसैले उसले सबैको हत्याको प्रयास गरेको छ, जसमा ऊ सफल समेत भएको छ । विपिनको सामाजिक परिवेश एकले अर्कालाई मारी सत्ता आफ्नो हातमा लिन चाहेको, यसमा रघुवीरको पनि स्वाथृको भावनाको विकास भएको छ । धनको प्रलोभनमा परी रघुवीरसिंहले अपराध गरेको अभिव्यक्ति एकाङ्कीमा यसरी अभिव्यक्त भएको छ - "त्यो आयो भने म पनि बदला लिन्छु । मलाई थाहा छ उसैले हो उसैले तपाईंलाई मार्न लगायो, रूपियाँ दिन्छु भनेर । उसको मन परेकी अर्कै आाइमाई थिई । सुन्नुहुन्छ - त्यो आइमार्य आउपछि तपाईंलाई हत्या नगरी सुखै भएन, तपाईं मरिनुभयो, तपाईंका दुवै छोराछोराहरू पनि मारिए, तिनीहरू यतै कतै होलान् (त्थरको कथा, पृ.४) ।" यसरी विपिनले देखाएको धन सम्बन्धी प्रलोभनमा पारी त्यसको सुख चयन गर्ने मनोवृत्तिको निर्माण एवम् विकास रघुवीरको सामाजिक परिवेशले गराएको छ ।

रघुवीरको मनोवृत्तिको निर्माण एवम् विकासमा सूचना, प्रेरणा र सामाजिक परिवेशको भूमिका रहेको छ । व्यक्तिले जस्तो प्कारको सुचना प्रापत गर्दछ, त्यसै अनुरूप उसको मनोवृत्तिको संरचना निर्माण हुन पुग्दछ । पत्थरको रूपमा पनुजीर्वित ज्वालासँग रघुवीरले संवाद गर्दा, "मलाई थाहा छ - उसैले हो उसैले तपाईंलाई मार्न लगायो, रूपियाँ दिन्छु भनेर (पत्थरको कथा, पृष्ठ ४) ।" भन्ने सूचना दिन्छ । तयसपछि रघुवीरसिंह सर्वनाशकारी योजना बुन्दछ जसको प्रेरक स्रोत मालिक विपिन हुन्छ । ऊ शक्ति र पराक्रम प्रदर्शित गर्ने मनोवृत्तिको पात्र हो जसको प्रतिस्थापना स्वरूप रघुवीर सिंहमा नकारात्मक र हिंसातमक मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । विपिनको जुन प्कारको सुचना र प्रेरणा दिएको छ, त्यस्तै प्रकारको मनोवृत्तिको निर्माण रघुवीर सिंहमा भएको छ ।

विपिनले सम्पूर्ण सामाजिक सत्ताको राज गर्न चाहनु र रघुवीरसिंहलाई त्यस प्रयोजनमा लगाउनु उसको आर्जित प्रेरणा हो । रघुवीरलाई पैसा र शक्तिद्वारा सबै चिज प्राप्त गर्न सकिन्छ भन्ने सामाजिक परिवेशले विपिनको मनोवृत्ति विकास भएको छ । त्यसैगरी रघुवीरसिंहलाई पैसाको प्रलोभनमा पारी सबैको विनाश गरी समाजमा राज गर्न चाहने मनोवृत्तिको निर्माण गर्दछ । यो मनोवृत्ति निर्माणमा विपिनको प्रेरणा र सामाजिक परिवेशको महत्वपूर्ण भूमिका रहेको छ ।

### ४.७.२ मनोवृत्तिको परिवर्तन

'पत्थरको कथा' एकाङ्कीमा रहेको पात्र रघुवीर सिंहमा अन्ततः मनोवृत्तिको परिवर्तन भएको छ । मनोवृत्तिको विषयवस्तु परिवर्तन गर्न कुनै पनि मनोवृत्ति विशेषलाई निर्मूल पार्न मनोवृत्तिलाई आफ्नो अनुकूल वा प्रतिकूल बनाउनको लागि मनोवृत्ति परिवर्तनको आवश्यक पर्दछ । एकाङ्कीमा पात्रहरूले मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि

समय र परिस्थितिअनुसार एक अर्काको मनोवृत्तिमा परिवतृन ल्याउने प्रयास गरेका छन् भने मनोवृत्तिलाई परिवर्तन पनि गरेका छन् ।

रघुवीरसिंहको मनोवृत्तिमा परिवर्तन आएको छ । एकाङ्कीको सुरू र मध्य भागमा परिवर्तन आएको छैन भने अन्त्य परिवर्तन देख्न सकिन्छ । प्रारम्भमा विपिनको शक्ति र सम्पत्तिको आडमा सबैको विनाश गर्ने कायमा रघुवीरसिंह लागेको छ । साथै शक्तिकै र धन सम्पत्तिको आडमा विपिनले रघुवीरसिंहलाई आफ्नै परिवार र समाजका सदस्यको हत्या गर्न लगाएको छ भने रघुवीरसिंह हत्या गर्न तम्सिएको छ  अथवा उसले सबैको हत्या गरेको छ । पछि आएर रघुवीर सिंहको मनोवृत्तिमा परिवर्तन आएको छ जसले गर्दा ऊ आफ्नै मालिक वा हत्या गर्न निर्देशन दिने विपिनप्रति आइलागेको छ । रघुवीरसिंहमा आएको परिवर्तनले सम्पूर्ण सामाजिक सदस्यमा न्याय, स्वतन्त्रता र मानवीय अस्तित्व रषाको क्रान्तिचेत आएको छ । “भो छाड्नोस् श्रकिान्तबाबू, यिनीसाग आज बदला लिइ छाड्छु । तपाईंले मार्न लगाएको बदला, मैले यत्तिकालाई मारेँ, निर्दोष अबला सबलाई । थाहा पाउनु भयो यसको बदला ! लौ आऊ म तिमीसँग भिड्छु, जुध्छु । सकै मार्छु (पत्थरको कथा, पृ.१६) ।” भन्ने अभिव्यक्तिबाट प्रारम्भमा आपराधिक गतिविधिमा लागे पनि अन्तमा पापाको प्रायश्चित गरी विचार र व्यवहारमा परिवर्तन आएको छ । यसरी एकाङ्कीमा रघुवीरले विपिनप्रति उल्टै बदलाको भावना लिनु अन्याय र अत्याचारको विरूद्धको क्रान्ति चेतनामा आएको परिवतृन हो । यो रघुवीरलको मनोवृत्तिमा आएको सकारात्मक वा जागरणमूलक मनोवृत्तिको परिवर्तन वा सुधार हो ।

यसरी एकाङ्कीमा रहको पात्रको मनोवृत्तिमा परिवर्तन भई न्याय, सत्, प्रायश्चित क्षमा, सहानुभूति, दया, करूण आदिको भाव जागृत भएको छ ।

### ४.७.३ मनोवृत्तिको मूल्याङ्कन

‘पत्थरको कथा’ एकाङ्कीमा पात्रहरूका विविध मनोवृत्तिको मूल्याङ्कन मनोविश्लेषणात्मक कोणबाट गरिएको छ । व्यक्ति व्यक्ति बीचको परस्पर अन्तर्क्रियाको माध्यमबाट मनोवृत्ति ज्ञान हासिल हुन्छ । एकाङ्कीमा रहेका पात्रहरू श्रकिान्त, शत्रुघ्न, ज्वाला, स्वास्नीमान्छे, रघुवीरसिंह, कृष्णारानी आदिमा आपसी कारूणिक एवम् सहानुभूतिपूर्ण संवाद, स्वभाव चित्रण, व्यवहार प्रस्तुति, घटना/कार्य अनुभूति, संवेदना तथा तिनका विविध प्रभावद्वारा सामाजिक मनोवृत्तिको मूल्याङ्कन गरिन्छ ।

समाजमा एकलौटी शासन गर्न चाहने विपिनको सहयोगी रघुवीरसिंहले शक्ति र धनदौलतको प्रलोभनमा परेर परिवार समाजका सोझासिधा नारी पुरुष तथा बालहत्या गर्न पुगेको छ । जसले गर्दा नेपाली समाज सत्ताका निम्ति जस्तोसुकै नराम्रो काम गर्न पर्ना पछि पर्दैन भन्ने ध्वन्यार्य व्यक्त भएको छ । यसले गर्दा नेपालीहरू डर, भय, त्रास, अशान्ति,

मानसिक द्वन्द्व, पद प्रतिष्ठा र धन सम्पत्तिप्रति आकृष्ट रहेको निचोडमा पुग्न सकिन्छ। साथै नेपाली समाजमा चलेको सत्ता सङ्घर्ष, अशान्ति, अन्याय, अत्याचारको सजीव चित्र उतारिएको छ । यसरी नै रघुवीरसिंहले प्रारम्भमा विपिन (मालिक) को निर्देशनमा सोझा र निर्दोष परिवारका सदस्यहरूको हत्या गरेको तर अन्तमा विपिनले आफैँलाई मार्न आक्रमण गरेपछी त्यसको प्रतिकारमा उत्रिएको छ । "तपाईंले मार्न लगाएको बदला, मैले यत्तिकालाई मारेँ निर्दोष, अबला सबलाई । थाहा पाउनु भयो यसको बदला लौ आऊ म तिमीसाग भिड्छु, जुध्छु । सके मार्छु (पत्थरको कथा, पृ.१६) ।" यस आधारमा हेर्दा समय परिस्थितिअनुसार मानिसमा निहित आर्जित व्यवहारहरू परिवर्तन हुन सक्दछ । अनि व्यक्तिले आफूले दुःख, सङ्घर्ष भोगेपछि उसको विचार, स्वभाव र व्यवहारमा परिवर्तन आई असल वा सुधारको मार्ग अवलम्बन गर्न पुग्दछ भन्न सकिन्छ ।

यसरी व्यक्तिले सामाजिक अन्याय, दमन, शोषण, हिंसा जसता विविध कष्टका समस्याहरू उसका सामाजिक संसकार र नैतिक-सांस्कृतिक मूल्य मान्यताका आधारमा विद्रोह गर्न वा त्यसलाई तोड्न सक्दैन । तिनै अमानवीय सामाजिक व्यवहारहरूलाई सामाजिक चेतना र सुधारका रूपमा मृत्युपश्चात् शोषित पात्रहरूका अतृप्त मृतात्माले संवाद गरी सामाजिक अन्याय र अत्याचारको विरूद्ध एकजुट भई लड्नु पर्ने विचार सम्प्रेषण गरिएको छ । यसैगरी ज्वाला र शत्रुघ्नले ज्वालाका निर्दोष बालबालिकाप्रति गरेको अमानवीय हिंसाप्रति रोष तथा क्षोभ प्रकट गर्नु, श्रीकान्त जस्ता सामाजिक न्यायप्रेमी, मानवप्रेमी, समानताका पक्षधर, भद्र, व्यवहारिक सहनशील पात्रले समाजमा भएका अगलत व्यवहारलाई हिंसा र प्रतिशोधबाट नभइ सामाजिक बहिष्कार तथा त्यसबाट उत्पन्न आत्मा आलोचनापूर्ण मानसिक परिवर्तनबाट सुधार गर्न सकिन्छ भन्ने विचार व्यक्त भएको छ । "के कुरा ग'या रघुवीर ! हामी त मरि नै सक्यौं नि, के मार्छौ उसलाई फेरि । भो नबाझ । बरू यस्ता घृणित पशुसँग सम्बन्धै नराखौँ, बोल्दै नबोलौँ ।, हिँड ।" (सत्ताको खोजमा, पृष्ठ १६) भन्ने श्रकिान्तको रघुवीरलाई दिएको सल्लाह, सुझावबाट समाजमा भएका गलत व्यक्ति र दुर्व्यवहारलाई उसकै वैयक्तिक आत्मगलीन र आत्मचिन्तनबाट हटाउन सकिने मनोवैज्ञानिक सुझाव अभिव्यक्त भएको पाइन्छ ।

यसप्रकार सामाजिक व्यक्तिमा असल र खराब दुवै प्रवृत्ति हुन्छन् । ती जन्मजात र आर्जित प्रेरणाबाट सञ्चालित हुन्छन् । मानिसमा जुन प्रभाव बढी पर्दछ, ऊ त्यसैबाट सञ्चालित हुन्छ, जसको फलस्वरूप व्यक्तिले सत् वा असत् व्यवहार प्रदर्शन गर्द छ। मानिस स्वभावैले विविध घटना कार्य, सामाजिक व्यवहार, सूचना, प्रेरणा आदिबाट प्रभावित मनोवृत्तिबाट सञ्चालित हुन्छ । समाजमा भएका असल व्यक्तिले दुर्जनलाई पनि सत् मार्गमा लगाउन सक्छ । तसर्थ प्रस्तुत एकाङ्कीमा नेपाली समाजको सजीव चित्र प्रस्तुत गर्दै अन्याय, शोषण, दमन, विद्रोह, अशान्तिका विरूद्धमा सबै शोषित मानिसले न्याय, स्वतन्त्रता,

अधिकार र मानव अस्तित्व रक्षाको निम्ति लड्नु पर्ने सन्देश सम्प्रेषणबाट पत्थरको कथा एकाङ्कीको पात्रहरूको सामाजिक मनोवृत्ति उद्घाटन हुन पुगेको निचोड वा मूल्याङ्कन हो भन्न सकिन्छ ।

## ४.८ 'सत्ताको खोजमा'मा एकङ्कीमा सामाजिक मनोवृत्ति

'सत्ताको खोजमा' एकाङ्की नेपाली सामाजिक विषयवस्तुमा आधारित छ । यसमा स्वतन्त्रता र अधिकारका निम्ति नारी सङ्घर्ष, त्याग र बलिदानको मार्मिक दृश्य प्रस्तुत भएको छ । यस एकाङ्कीमा नायिका प्रमिलाले नारी सत्ताको निम्ति अन्तः सङ्घर्ष गर्नु तथा अधिकार नपाएपछि अन्तयमा आत्महत्या गर्नुले नेपाली नारीहरूले नारी स्वतन्त्रता र स्वायत्तताको निम्ति आफ्नै पतिसँग वा परिवारसँग मृत्युमय सङ्घर्ष गर्नु परेको तीतो यथार्थलाई प्रतीकात्मक रूपमा समाज मनोविज्ञानका दृष्टिकोणबाट चित्रण गरिएको छ । मूलतः प्रमिलाले तिलकमानसँग विवाह गरेर पराइ घर आएपछि पतिले पाएको जे जति अधिकार, स्वतन्त्रता र सुख चैन छ, त्यो आफूले नपाउनु र त्यसकै निम्ति सङ्घर्ष गर्नुपर्दा उत्पन्न विविध समस्यालाई यस एकाङ्कीमा टड्कारो रूपमा उठाइएको छ । यस क्रममा एकाङ्कीका पात्रहरूमा विभिन्न रूपबाट सामाजिक मनोविज्ञान उद्घाटन भएको छ । तिलकमान, प्रमिला, भरिया, भाउजू, मीना, शीला लगायत अन्य पात्रहरूमा मनोविज्ञानको सूक्ष्म एवम् गहन छाप देख्न सकिन्छ । प्रमिलाले मनभित्र नारी सङ्घर्ष गर्नु तर त्यसलाई बाहिर प्रकट नगर्नु, निराश र देन्य हुनु, मानसिक क्षुब्धता हुनु, बेचैन हुनु, तिलकमानप्रति रिस, क्रोध, आवेगको मनोभावना उत्पनन हुन तथा त्यसैका कारण आत्महत्या गर्नु जस्ता निर्णय सामाजिक मनोविज्ञानका रूपमा आएको छ । यसैगरी एकाङ्कीका विविध पात्रहरूमा रहेका मनोविज्ञानलाई सामाजिक मनोवृत्तिलाई मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मनोवृत्ति मूल्याङ्कनका आधारमा विश्लेषण गरिएको छ ।

### ४.८.१ मनोवृत्तिको निर्माण एवम् विकास

'सत्ताको खोजमा' पात्रहरूका मनोवृत्ति निर्माण एवम् विकासमा आधारित एकाङ्की हो । यस एकाङ्कीमा विविध पात्रहरूको संवाद तथा एकालापबाट सामाजिक मनोवृत्तिको अवस्था उत्पन्न भएको छत । यस क्रममा सामाजिक व्यवहार, तिनबाट आर्जित प्रेरणा, सुचना, ज्ञान, अनुभव तथा धारणा निर्माण आदिले पात्रको मनोवृत्तिको निर्माण एवम् विकास हुन पुगेको छ । प्रमिला तथा सहायक पात्रहरू भाउजू, मीन, शीला तथा भरियामा मनोवृत्तिको ज्वलन्त नमुना देख्न सकिन्छ - "तिलकमान पुरुष हैकवादी सामाजिक सामन्ती र साथी सङ्गतको कुलतमा पस्नु, स्वतन्त्र हुनु तथा अधिकार सम्पन्न हुनले उसमा स्वतन्त्रता, भोगविलासीपन, घमण्ड, आवेग, क्रोध, हिंसा जसता मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । अर्कोतर्फ त्यसको ठीक विपरीत श्रीमती प्रमिला अधिकार र

स्वतन्त्रताबाट वञ्चित हुनु, तिलकमानबाट अभिलाषित कुराहरू नपाउनु, भित्रभित्रै कुण्ठित हुनु, नैराश्य र हीनताबोध हुनु, मानसिक अशान्ति पैदा, बेखुसी र निरशमय दिनचर्या बित्नु, आफ्ना पतिसामु खुलस्त बन्न नसक्नु, पतिबाट विविध रूपमा शोषित हुनु, आफ्ना भावना र अधिकारबाट वञ्चित हुन पुग्नु जसता कार्यहरूबाट पुरुषप्रधान सत्तामाथि चुनौती दिन अन्ततः आफ्नै जीवन समाप्त (आत्महत्या) गर्नु जस्ता कार्यहरू प्रमिलाको सामाजिक मनोवृत्तिको रूपमा सिर्जना हुन पुगेको देखिन्छ । यसो हुनुमा पुरुष दमित कुण्ठाको उत्पत्ति आफ्नै श्रीमान तिलकमानबाट शारीरिक, मानसिक, सामाजिक रूपमा शोषित हुनु, आपफूभित्रकै अन्तर्मुखी स्वभावले काम गर्नु, नारी गाुण्हरूबाट सञ्चालित हुनु, सामाजिक नियम र संस्कारबाट आर्जित व्यवहारहरू तथा पुरुष सत्ता र शासनबाट प्रताडित हुनुले रोष, क्रोध, देन्य, आवेग, घमण्ड, नारी अहम् तथा स्वचालित मनोभावको विकासबाट प्रमिलामा मनोवृर्त्तिा वकास एवम् निर्माण भएको छ । उनको मनोवृत्ति खासगरी नारी सङ्घर्ष, नारी मुक्ति, अधिकार सत्ता र स्वतन्त्र जीवनेच्छा-भोगेच्छा, नारी स्वाभिमान, प्रतिष्ठा र अस्तित्वबाट सञ्चालित छ । आफूले सत्ता प्राप्‍ तगर्न नसक्दा अन्ततः आत्महत्या गरी पुरुष चेतनाधर्मा सन्देश उनको बारेमा भाउजूले गरेको सहानुभूतिपूर्ण अभिव्यक्तिबाट पुष्टि हुन पुगेको पाइन्छ - “के थाहा पाउनु नानी, काजीसाहेब पनि बेसै हुनुहुन्थ्यो । हाम्रो आँखाबाट बाहिरबाट हेर्दा त कुनै कमी थिएन । उहाँका ४-४ वटा घरहरू अझै छन् । यथेष्ट सम्पत्ति भएको मानिस । दुलही साहेबलाई गहना, लुगाफाटा सबै पुगेको थियो । नोकरचाकर सबै थिए । सासु ससुराहरू पनि कोही थिएनन्, दाजुभाइहरू पनि कोही थिएनन् । जोइपोइमा झगडा पऱ्यो भनुँ भने पनि कहिल्यै झगडा भएको सुनेनौं । अनि ... (पत्थरको कथा, पृ.१०३) । यसरी हेर्दा प्रमिलामा नारी सामाजिक मनोविज्ञान तथा पुरुष समाजको दमन र शोषणबाट अन्तः चेतनामा स्वनिर्मित मनोवृत्तिको विकास एवम्. निर्मण हुन पुगेको देखिन्छ । यसैगरी शीला र मीनाले भाउजूको बयानबाट प्राप्त गरेका सुझावबाट नारी चेतना, भय, मीनाले भाउजूको बयानबाट प्रापत गरेका सुझावबाट नारी चेतना, भय, सन्त्रास, सामाजिक ज्ञान एवम् व्यवहारिक शिक्षाबाट प्रेरित सुझाव आदिबाट मनोवृत्तिको विकास एवम् निर्माण कार्य अघि बढेको छ ।

यसरी नै तिलकमानले प्रमिलाको आत्महत्यापछि गरेको असमान्तय व्यवहारबाट उसको मनोवृत्तिको सशक्र उद्घाटन भएको देख्न सकिन्छ । प्रमिलाको मृत्युपूर्व दाम्पत्य जीवनमा आफूले गरेका कार्य व्यवहार प्रमिलाका निम्ति स्वीकार्य वा अस्वीकार्य भएको, आफूले उनको मनोभाव बुझ्न नसकेको कुरामा प्रमिलाको मृत्यु पश्चात् तिलकमानले गरेका यी अभिव्यक्तिबाट पुष्टि हुन्छ ।” मैले तिमीलाई बिहे गरें, माया गरें । मैले आफ्नो समपत्ति तिम्रो हातमा सुम्पें । तिमीले चाहेको कुरा गर्न सक्थ्यौ । केही गऱ्यौ पनि । मैले त्यसबखत बुझ्न सकिनँ, तिमीलाई अरू के चाहिन्थ्यो ? सम्पत्तिबाहेक तिमीलाई के चाहिन्थ्यो (सत्ताको

खोजमा, पृ.१०६) ।" जस्ता अभिव्यक्तिले समाजमा हुने विविध घटनाले पात्रमा सकारात्मक वा नकारात्मक मनोवृत्ति सिर्जना हुन पुग्ने यथार्थ प्रस्तुत भएको छ । प्रमिलासँगको दाम्पत्य जीवनमा तिलकमान सुखी, सम्पन्न र सामान्य अवस्थामा देखिनु तथा प्रमिलाको मृत्युपछि असामान्य वा मानसिक विक्षुब्ध बन्नु यसैको प्रभाव रहेको पाइन्छ ।

माथि उल्लिखित विविध व्यवहार तथा घटना, परिवेश, कार्य, सामाजिक व्यवहार, प्रेरणा, सूचना, सुझाव आदिका आधारमा एकाङ्कीका पात्रहरूमा सत् वा असत् (अनुकूल वा प्रतिकूलं मनोवृत्तिको निर्माण एवम् विकास हुन पुगेको छ ।

## ४.८.२ मनोवृत्तिको परिवर्तन

सत्ताको खोजमा एकाङ्कीमा रहेका पात्रहरूमा विविध मनोवृत्तिको परिवर्तन देख्न सकिन्छ । सामाजिक व्यवहार, घटना-कार्य र त्यसबाट उत्पन्न प्रभावले व्यक्तिको मानसिक वृत्ति र स्वभावमा हुने भिन्नता (सकारात्मक वा नकारात्म) नै मनोवृत्ति परिवर्तन हो । यस एकाङ्कीका पात्रहरूमा पनि मनोवृत्तिको सार्थक उपयोग भएको छ । एकाङ्कीका पात्रहरूले मनोवृत्तिलाई आफ्नो अनुकूल वा प्रतिकूल बनाउनको लागि समय परिस्थितिअनुसार एकले अर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् । प्रमिला, तिलकमान, भाउजू, मीना, शान्ति र भरिया आदिको मनोवृत्तिमा सामाजिक घटना र व्यवहार सापेक्ष मनोवृत्तिमा परिवर्तन आएको छ ।

तिलकमान र प्रमिलाको विवाह हुनु, केही समय दाम्पत्य जीवन सुखमय बित्नु, तिलकमान अधिनायकवादी प्रवृत्तिबाट चल्नु, स्वतन्त्र एवम् भोगविलासपूर्ण जीवन बित्दै जानु, प्रमिला भने मानसिक रूपमा कुण्ठित बन्दै जानु, खुलेर आफ्नो चाहना, समस्या प्कट गर्न नसक्नु, भित्र भित्रै जल्दै जानु, आफ्नो अधिकार (सत्ता - नारी स्वायत्तता) वा निम्ति मानसिक वा आन्तरिक रूपमा विद्रोह गर्नु तथा इच्छा पूरा नभएपछि श्रमीनसँग बदलाको भाव स्वरूप आत्महत्या गर्नुसम्मका गम्भीर एवम् दुःखदायी निर्णयसम्म पुग्नु तथा त्यसको असरबाट श्रमिान तिलकमान मानसिक रूपमा विक्षुब्ध बन्नु र प्रमिलासँगको दाम्पत्य जीवनको प्रेमास्मृतिको कारूणिक अभिव्यक्ति प्रकट गर्नु, मादक पदार्थको सेवनबाट जीवनलाई थठ बरवादी बनाउनु तथा पागल बनी पत्नी प्रमिलाकै बारेमा रोष प्रकट गर्नु लगायत अन्य पात्रमा समेत त्यसको नकारात्मक प्रभाव सिर्जना हुन पुग्नुजस्ता मनोवृत्तिको परिवर्तनकारी स्वरूप देखा परेको छ ।

'सत्ताको खोज' एकाङ्कीमा पत्नी प्रमिलाको आत्महत्या पछि पति तिलक मानमा मनोवृत्तिको परिवर्तनको ज्वलन्त अवस्था देख्न सकिन्छ । तिलकमानमा प्रमिलाको मृत्युले पारेको प्रभावस्वरूप उत्पन्न मानसिक भिन्नतालाई यसरी प्रस्तुत गरिएको छ- "तर तिमीझैँ म मर्दिनँ प्रमिला, सुन । म यसरी नै बाँच्छु, यसरी नै कष्ट भोगेर, कराएर, चिच्याएर,

पुर्खाको अपराध बोकेर म यसरी नै हिँड्छु । जब म मृत्युको नजिकै पुगैँला र अधेजलमा लम्पसार परूँला, तिमी आउनू र भन्नू सुटुक्क, कुन स्वतन्त्र सत्ताको खोजमा तिमीले आफ्नो मर्ने अधिकार उपयोग गरेकी थियौँ ? आउ मलाई जवाफ देऊ (सत्ताको खोजमा पृ. १०७) ।" यसरी एकाङ्कीमा पात्रको मनोवृत्तिमा स्पष्ट परिवर्तन आएको देखिन्छ । अतः सामाजिक घटना-व्यवहारले पात्रको स्वभाव, व्यवहार, क्रियाकलाप तथा मनोवृत्तिमा परिवर्तन भएको छ । सामाजिक व्यवहारले व्यक्ति वा पात्रको मनोभावमा भिन्नता ल्याउँदछ ।

## ४.८.३ मनोवृत्ति मूल्याङ्कन

'सत्ताको खोजमा' एकाङ्कीमा पात्रहरूको मनोवृत्तिको मूल्याङ्कन पात्रको सामाजिक व्यवहार र सामाजीकरण प्रक्रियाबाट गर्न सकिन्छ । एकाङ्कीमा पात्रहरूको परम्पसर अन्तरर्क्रिया र व्यवहारले मनोवृत्तिको ज्ञान हासिल हुन्छ र त्यसको आधारमा मनोवृत्तिको मूल्याङ्कन गरिन्छ । एकाङ्कीमा रहेका पात्रहरू - प्रमिला, तिलकमान, भाउजू, मीना, शीला तथा भरिया आदिको व्यवहार बोलीचाली, कुनै घटना वा व्यक्तिप्रति उसले गरेको व्यवहारद्वारा मनोवृत्तिको मूल्याङ्कनमा पुगिएको छ ।

तिलकमान सहरी सभ्यतामा हुर्केको धनी सम्पन्न व्यक्ति हो । उसले प्रमिलासँग विवाह गरेको छ । प्रारम्भमा उसको दाम्पत्य जीवन सामान्यतः सुखपूर्ण रूपमा बित्दछ । सुन्दर, आकर्षण, शिष्ट, मृदुभाषी तथा अल्पभाषी प्रमिलाको साथ पाएर ऊ चाहेजस्तो आनन्द र भोगविलास पूर्ण जीवन गुजार्दै जान्छ । ऊ समाजमा प्रतिष्ठित, धनाढ्य, हम्म र स्वभिमानी प्रवृत्तिको व्यक्ति हो । उसलाई जीवनमा सबै कुराको पर्याप्त छ- नाम, दाम, यश, वैभव, सुख कुनैको कमी उसमा देखिँदैन । ऊ स्वतन्त्रप्रेम तथा भोगविलासी पात्र हो । ऊ नारी वा पत्नीलाई आफ्नो वंशमा राख्ने, सामन्तवादी सोचाइबाट ग्रसित पात्र हो । ऊ नारीलाई सौन्दर्य र भोग्यवस्तुको रूपमा ठान्दछ । उता पत्नी प्रमिला भने बाहिर मूक रहे तापनि भित्र - भित्र मानसिक विद्रोह गर्दछे । नारी स्वतन्त्रता र अधिकारको निम्ति सङ्घर्ष गर्दछे र। भित्र भित्र जलेर हीनताग्रन्थीले ग्रसित हुनु र अन्ततः आत्महत्या गर्नु पुग्नु जस्ता घटना सिर्जना हुन पुगेको छ । तिलकमानकै दमन नारी दमन शोषणका कारण पत्नी प्रमिलाले आत्महत्या गरे पश्चात् तिलकमानमा आएको मानसिक परिवर्तन, आत्मग्लानि, पश्चाताप र कहिल्यै मनले शान्ति पाउन नसकेको कुरा प्रतीकात्मक रूपमा अभिव्यक्त भएको छ- "तिमीले भनेकी थियौ सम्झ- यदि मलाई वास्तविक स्वास्नी मानिस जस्तो बाँच्ने अधिकार दिँदैनन् भने, मलाई अपमान मात्र लिएर यो पृथ्वीमा टिक्नु छ भने जीवनको सबभन्दा ठूलो अधिकार मृत्यु - मर्ने अधिकार जो मेरो आफ्नो हो, जसलाई कोही खोस्न सक्दैनन्, उपयोग गरेर म मरिदिन सक्छु, म त्यसरी आफ्नो स्वतन्त्रता र हकदावी गर्न सक्छु (सत्ताको खोजमा, पृ. १०७) । यसरी समाजमा शक्ति र धन सम्पत्तिको आडमा विकराल अवस्था सिर्जना हुन पुगेको छ ।"

प्रस्तुत एकाङ्की नेपाली नारी समाजको ज्वलन्त प्रतिबिम्ब हो । पुरूषवादी सामन्त प्रकृतिबाट चल्दै आएको नेपाली परूष प्रधान समाजबाट ग्रसित नारीहरू मुक्तिको निम्ति खुलेर बोल्ने नसक्ने वा आफ्नो अधिकार (सत्ता) माग्न नसक्ने भएकोले बाहिर हाँसेर भित्रभित्र रोएर बस्नुपर्ने मनोकुण्ठाहरू विकसित हुँदै जाँदा मानसिक सोचाइमा परिवर्तन ल्याई मृत्युको मुखमा पुऱ्याउन विवश छन् भन्ने निचोड सत्ताको खोजमा एकाङ्कीको वैचारिक मूल्याङ्कन हो । अतः नारी र पुरुष समान हुन् । एक रथका दूई पाङ्ग्राको समुचित संयोजनबाट जसरी एउटा रथ सही गन्तव्यमा पुग्दछ, त्यसैगरी नारीलाई पनि पुरुष सरह अधिकार, स्वतन्त्रता र मौलिक हको सुनियोजित वा न्यायोचित व्यवहार पुरुषाट हुनु जरूरी छ । पुरुषवादी सत्ताले नारी अस्मिताको रक्षा हुन सक्दैन, जसले गर्दा दाम्पत्य जीवनमा सङ्कट उत्पन्न हुन पुग्दछ भन्ने यथार्थ सत्ताको खोजमा एकाङ्कीको पात्रको सामाजिक मनोवृत्ति उद्घाटबाट पाइने सन्देश हो ।

## ४.९ 'नाम नभएको मानिस' एकाङ्कीमा सामाजिक मनोवृत्ति

व्यक्ति वा मानिस सामाजिक प्राणी भएको हुनाले उसमा सबै गुण समाजबाट नै विकास हुन्छ । यस क्रममा कसले जन्मजात र अर्जित दुई किसिमबाट मनोवृत्ति विकास गर्दछ । मानिस जन्मदै आमाबाबुको वंशाणुबाट प्राप्त गुण जन्मजात हो भने समाजमा जन्मेपछि उसले देखेका सुनेका अनुभव गरेका विविध घटना, कार्य, व्यवहार वा अन्तरर्क्रियाबाट सिकाइ गर्दै सिर्जना गरेको निर्माण गरेको प्रवृत्ति/धारणा सामाजिक मनोवृत्ति हो । अतः व्यक्तिले साथी, समूह, परिवार, समाज आदिमा गर्ने सामाजिक व्यवहार, क्रियाकलाप अन्तर्क्रिया आदिबाट सामाजिक मनोवृत्तिको उद्घाटन हुन्छ ।

यस आधारमा हेर्दा 'नाम नभएको मानिस' एकाङ्कीमा प्रयुक्त विविध पात्रहरूमा सामाजिक मनोवृत्ति देखा परेको छ । पात्रको सामाजिक मनोवृत्ति निर्माणमा सहयोग पुऱ्याउने विविध पक्षहरू हुन्छन् । ती मध्ये केही महत्वपूर्ण पक्षहरू मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन तथा मनोवृत्तिको मूल्याङ्कनका आधारमा सामाजिक मनोवृत्तिको विश्लेषण यसप्रकार क्रमशः गर्न सकिन्छ-

### ४.९.१ मनोवृत्तिको निर्माण एवम् विकास

मानिसको शारीरिक र मानसिक एवम् बौद्धिक विकाससँग मनोवृत्तिको पनि विकास भएको हुन्छ । मनोवृत्तिको निर्माण एवम् विकासमा प्रेरणा, आवश्यकता, सूचना, समूह सम्बन्ध, सामाजिक व्यवहार, अन्तर्क्रिया, परस्पर सम्बन्ध र व्यवहार आदिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

व्यक्तिको आवश्यकतासँग मनोवृत्तिको गहिरो सम्बन्ध रहेको हुन्छ । मानिसको मनोवृत्तिको निर्माण उसको आवश्यकताको सन्तुष्टिको प्रक्रियासाथ हुन्छ । जुन वस्तुएवम्

व्यक्तिबाट प्रेरणा वा आवश्यकताको सन्तुष्टि हुन्छ । त्यसप्रति व्यक्तिको सकारात्मक निर्माण हुन्छ । जुन वस्तु एवम् व्यक्तिबाट आवश्यकताको सन्तुष्टि हुँदैन वा उद्देश्यमा बाधा उत्पन्न हुन्छ, त्यसपछि नकारात्मक मनोवृत्तिको निर्माण हुन्छ ।

'नाम नभएको मानिस' एकाङ्कीमा विविध पात्रहरूमा पनि मनोवृत्तिको निर्माण एवम् विकास आवश्यकताको सन्तुष्टिका निम्ति भएको छ । डाक्टर ज्योतिले आफ्नो पेशागत सन्तुष्टिको निम्ति कार्य गर्ने क्रममा मनोवृत्तिको विकास भएको छ । यसैगरी मानिस ( नामहीन व्यक्ति), आगन्तुक, सोनाम, सुनिता, दाजु- भाउजू तथा आमा आदिले आफ्नो सन्तुष्टि लिने क्रमसँगै मनोवृत्तिको विकास एवम् निर्माण भएको छ । एकाङ्कीमा नाम नभएको मासिन वा अपरिचित पात्रले समाजमा भोगेका विविध भोगाइ र त्यसबाट परेको नकारात्मक प्रभावबाट उत्पन्न मनोवृत्तिको निर्माण भएको छ । जसका कारण ऊ आफ्नो परिचय दिन समेत डराउँछ । समाजका सबै मानिसहरू कुनै न कुनै समस्याबाट ग्रसित छन् । समाज विसङ्गतमय छ जसकाकारण समाजका सदस्य अर्थात् एकाङ्की पात्रहरू पनि विसङ्गत जीवन जिउन बाध्य छन् । अनि तिनका सोचाइ र मनोभाव पनि सोही अनुरूप विकास हुन पुगेको छ । बिना उद्देश्य एकाबिहानै ज्योति डाक्टरको क्लिनिकमा पुगेको आफ्नो खास उद्देश्य र नाम बताउन नचाहने नामहीन मानिसले गरेको यस अभिव्यक्तिमा सामाजिक विसङ्गति, भयभीत वर्तमान मानव जीवन, निरूद्वेश्य र बेचैन जिन्दगी जिउन विवश आधुनिक नेपाली समाजको प्रतिबिम्ब झल्किएको छ- (केही बेर आँखा चिम्लिन्छ र अकस्मात चिच्याउँछ) लौ, मलाई किच्न लागे, किच्न लागे भित्ताहरूले । किचे किचे मलाई, म किचिएँ, किचिएँ किचिएँ (भुइँमा पछारिन्छ) ('नाम नभएको मानिस', पृ. १०४) । यसरी माथिको अभिव्यक्तिबाट नेपाली समाजले भोग्दै आएका दु:ख, कष्ट, भय, सङ्कट, युद्ध, हिंसा, अशान्ति आदिबाट सिर्जित नकारात्मक मनोवृत्ति विकास एवम् निर्माण भएको स्पष्ट हुन्छ ।

यसरी नै डाक्टरको क्रियाकलाप तथा आगन्तुकको व्यवहार पनि असामान्य देखिन्छ । जसले नेपाली नेपाली समाजको प्रतिबिम्बलाई जीवन्त रूपमा उतारेको पाइन्छ । डाक्टरको क्लिनिक रोगीहरूको वास्तविक रोगको उपचार नगरेर ख्याल ठट्टा र हाँसीमजाका गर्ने तर्क वितर्क र वादविवाह गर्ने बैठक हल बनेको देखिन्छ । वर्तमान विसङ्गतमय मानव जीवन जिउन विवश सबै पेशा, स्तर र उमेर समूहका व्यक्तिहरू मानसिक समस्याबाट ग्रसित भई आफ्नो खास कर्तव्य, जिम्मेवारी र निर्णय प्रति समेत दृढ छैनन् । यिनै परिस्थितिबाट डाक्टरको मनस्थिति वा मनोवृत्तिको विकास एवम् निर्माण हुन पुगेको देखिन्छ । डाक्टर भन्छन्, "(पहिलो मानिसलाई बसाउँदै) चोट त लागेन ? निधार अलिअलि सुन्निएला जस्तो मात्र छ । हातले थिचिराख्नोस् टटिल्को नउठोस् । (आगन्तुकतिर हेरेर) मैले ठम्याउन सकिनँ तपाईलाई यही भनेर, देखेको हुन सक्छ, तपाईंलाई, भन्नोस त तपाईंको नाम, परिचय दिनोस् त मलाई (पृ. ११४) ।" यसरी ज्ञान-विज्ञान र पेशाले समेत पोख्त व्यक्तिलाई समेत

सामाजिक व्यवहार तथा सामाजिक मनोवृत्तिले प्रभाव पारेको पाइन्छ । यसैगरी सोनामले सुनितालाई प्रेम गर्नु र अन्त्यमा निर्वाह नगर्नु जस्ता सामाजिक व्यवहारमा पनि वर्तमान नेपाली समाजमा बढ्दै गएको अवैध सम्बन्ध, प्रेम र त्यसप्रतिको सच्चा प्रेमभाव निर्माण हुन पुगेको देखिन्छ । यसरी सबै पात्रहरूको विकृत मनोवृत्तिलाई यहाँ व्यङ्ग्यात्मक रूपमा उद्घाटन गरिएको छ ।

### ४.९.२ मनोवृत्ति परिवर्तन

एकाङ्कीका पात्रहरू अर्थात् समाजका सदस्यहरू समाजबाट निर्माण गरेका मनोवृत्तिको रूपान्तरण प्रक्रिया नै मनोवृत्तिको परिवर्तन हो । यी मनोवृत्तिहरू खास समय, परिस्थिति, घटना, जीवन भोगाइ आदि पछि देखा पर्दछन् । खासगरी सकारात्मक प्रवृत्ति नकारात्मक रूपमा देखिनु तथा नकारात्मक प्रवृत्तिमा सुधार भई सकारात्मक भाव सिर्जना हुनु मनोवृत्ति परिवर्तनको मुख्य लक्षण हो । समाजका सदस्यहरूमा यी प्रवृत्तिहरूमा अदलबदल भइरहन्छन् । यस कार्यमा विविध पक्षहरू आन्तरिक (स्वेच्छिक अन्तः प्रेरणा) तथा बाह्य (सामाजिक प्रभाव दवाव) ले उल्लेख्य भूमिका निर्वाह गरेका हुन्छन् ।

'नाम नभएको मानिस' एकाङ्कीमा पनि पात्रहरूको व्यवहारमा मनोवृत्तिको परिवर्तन देख्न सकिन्छ । डाक्टर ज्योति, आगन्तुक, नामहीन मानिस, सोनाम, सुनिता, आदिमा मनोवृत्तिको परिवर्तित रूप देखा परेको छ । प्रारम्भमा आजीवन निर्वाह नगरी बस्ने निर्णय गरेकी सुनिताले तामाङ जातिको सोनाम सँग प्रेम सम्बन्ध गाँस्नु र उनलाई हृदयमा सदाको निम्ति सजाउनु, दाजु भाउजू आमाले प्रारम्भमा केही नभन्नु तर एकाङ्कीको अन्त्यमा विवाह गर्ने सल्लाह दिनु, सुनिता विवाहदेखि डराएर डाक्टर ज्योतिकहाँ आउनु र पहिले विवाह गर्न सल्लाह नदिई अन्त्यमा प्रेम गर्नु नरामो होइन भन्नु जस्ता अभिव्यक्तिमा मनोवृत्तिको परिवर्तित रूप देख्न सकिन्छ । सुनिता र डाक्टरको संवादात्मक अभिव्यक्तिबाट पात्रहरू आएको मनोवृत्तिको परिवर्तनलाई यसरी हेर्न सकिन्छ- "सोनाम ग्याल्मो, सोनाम ग्याल्मो । ओहो ! उसको पनि समस्या नै थियो । मलाई सुलोचनाले पहिले नै कलेजमा भनेकी थिई, त्यस्तो ग्याल्मो पराई भोटे जातिलाई किन मन पराउँछ्यौ भनेर, तर मन मैले दिइसकेको थिएँ उसलाई । कसरी फिर्ता लिन सक्थेँ ? ऊ मेरो निमित्त प्राण सम्मान् दिन तयार थियो । म उसको प्रेममा विह्वल थिएँ । म उसको काखमा लुटपुटिन चाहन्थेँ । कारखमा लुटपुटिन चाहन्थेँ । भन्ने सुनिताको जवाफमा डाक्टरले भनेका छन्- "ठिकै त गऱ्यौँ तिमीले प्रेम गर्नु कुनै अपराध हैन, तिमी जुन जातिसँग गर । प्रेम प्रेम हो ('नाम नभएको मानिस', पृ. १०९) ।" यसरी सामाजिक व्यवहार, समय परिस्थिति, आवश्यकता अनुरूप समाजका सहदस्यहरूका मनोवृत्ति परिवर्तन भएको छ ।

### ४.९.३ मनोवृत्तिको मूल्याङ्कन

समाजका सदस्यहरूले प्राप्त गरेका ज्ञान, अनुभव, सूचना, आवश्यकता, अन्तर्क्रिया, सामाजिक व्यवहारहरू नै मनोवृत्तिका आधार हुन् । तिनैको विकास, विस्तार, प्रेरणा र प्रभाव स्वरूप व्यक्तिमा मनोवृत्तिको विकास एवम् निर्माण भएको हुन्छ । सत् वा असत् दुवै मनोवृत्ति व्यक्तिमा अन्तर्निहित हुन्छ । कुनै व्यक्तिको यथार्थ जानकारी, उसमा रहेको क्षमता, योग्यताको मापन तथा त्यसको आधारमा उसको भविष्को निर्धारण गर्ने कार्य व्यक्तिको मनोवृत्तिको मूल्याङ्कनबाट अध्ययन गरिन्छ । यसक्रममा व्यक्तिको व्यवहार, क्रियाकलाप, स्वभाव, धारणा, मनोभाव आदिको समेत विश्लेषण अध्ययन गरिन्छ । हरेक पेशा, क्षेत्र, उमेर, अवस्था, समूह, क्षमता र स्तर भएका व्यक्ति सदस्यको मनोवृत्तिको मूल्याङ्कन वा लेखाजोखाबाट अरूलाई सही दिशा तथा मार्ग निर्देशन गर्न सकिन्छ । साथै व्यक्तिमा रहेका कमजोरी तथा नराम्रा पक्षलाई सुधार गर्न मनोवृत्तिको मूल्याङ्कन र सान्दर्भिक समेत हुने देखिन्छ ।

प्रस्तुत 'नाम नभएको मानिस' एकाङ्कीमा रहेका विभिन्न पात्रहरूमा मनोवृत्तिको मूल्याङ्कन गरिएको छ । डाक्टर, ज्योति, मानिस, आगन्तुक, सुनिता, सोनाम, सुनिताको दाजु-भाउजू, आमा आदिको मनोवृत्तिको लेखाजोखा मनोवैज्ञानिक रूपबाट गरिएको पाइन्छ । यसक्रममा विविध पात्रहरूले एक अर्कामा गरेको व्यवहार, संवाद, अन्तर्क्रिया आदिबाट सामाजिक मनोवृत्तिको स्पष्ट मूल्याङ्कन हुन पुगेको छ । मानिसले डाक्टर ज्योतिलाई दिएको जवाफमा मनोवृत्तिको मूल्याङ्कन यसरी गरिएको छ - "नाम ? के नाम आवश्यक छ मलाई सम्झनको लागि ? के मेरो यो आकार पर्याप्त छैन ? (पृ. १००) ।" उक्त भनाइका आधारमा मानिस असामान्य व्यवहार भएको संवेग र आवगे ज्यादा भएको खरो र रूखो स्वभावको पात्र भएको स्पष्ट हुन्छ । ऊ वर्तमान विसङ्गत नेपाली समाजबाट ग्रसित खास निर्णय र स्पष्ट विचार नभएको तरल मानसिकता भएको पात्र हो ।

यसैगरी डाक्टर ज्योतिले मानिसलाई सम्झाएको यस अभिव्यक्तिबाट डाक्टरको मनोवृत्तिको उद्घाटन यसरी भएको छ- "भो, भो मैले सित्तैमा तपाईंलाई उत्तेजित तुल्याएँ । अँ, माफ गर्नुस; लौ, आरामसँग बस्नोस् न, यो कौचमा बस्नोस् । मैले तपाईलाई क्षुब्ध गरिदिएँ व्यर्थमा, बस्नोस्" (पृ. १०१) माथिका यी पङ्क्तिमार्फत् ज्योति डाक्टर मानिस भन्दा भिन्न स्वभाव, आचरण, बौद्धिकता, संयमता भएको परिस्थितिजन्य ज्ञान र चेतना भएको पात्र भएको निष्कर्ष्मा पुगिन्छ । ऊ समय र पात्रको मनोभाव बुझेर काम गर्न सक्ने पात्र हो, जसले गर्दा आवेशमा आएको मानिसलाई शान्त पार्न उसले नम्र, शिष्ट र मधुर बोलीले सम्झाएको छ । यसरी यस एकाङ्कीमा विविध पात्रहरूको स्वभाव, कार्यव्यवहार, संवाद तथा अन्तर्क्रियाबाट पात्रहरूको मनोवृत्तिको मूल्याङ्कन मनोवैज्ञानिक दृष्टिले गरिएको छ । अतः 'नाम नभएको मानिस' र एकाङ्कीमा पात्रहरूको सामाजिक व्यवहार, सामाजिकरण तथा

सामाजिक मनोवृत्तिलाई निकै गहन, सूक्ष्म र मनोविश्लेषणात्मक रूपले गरिएको छ । यसले गर्दा एकाङ्की सार्थक, ओचित्यपूर्ण एवम् प्रभावकारी समेत बन्न पुगेको छ ।

## ४.१० 'भोलि के हुन्छ ?' एकाङ्कीमा सामाजिक मनोवृत्ति

भोलि के हुन्छ ? एकाङ्कीमा पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणमा सामाजिक मनोवृत्तिको विकास भएको छ । एकाङ्कीमा पात्रहरूको सामाजिक मनोवृत्ति उनीहरूको कार्य तथा संवादबाट देखिन्छ । माधुरीले पृथ्वीमा भइरहेको युद्धलाई विनासका रूपमा लिनु, मोहनले आफ्ना सहरहरूमा भइरहेको युद्धको खबरले आमालाई मार्ने निर्णय गर्नु, दुलहीले आमाको हत्याले सर्वनास निम्त्याउने र मातृहत्यालाई महापापको रूपमा लिनु आफ्ना सन्तानले बाटो बिराउँदा आमाले चिन्ता गर्नु आदि जस्ता कार्यमा पात्रहरूको सामाजिक मनोवृत्तिलाई देखिन्छ । एकाङ्कीमा रहेका पात्रहरू माधुरी, मोहन, सुवर्ण, दुलही, आमा, आदिमा देखिएको सामाजिक मनोवृत्तिलाई मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मनोवृत्ति मूल्याङ्कनका आधारमा विश्लेषण गरिन्छ ।

### ४.८.१ मनोवृत्तिको निमार्ण एवम् विकास

भोलि के हुन्छ ? एकाङ्कीका पात्रहरूमा मनोवृत्तिको निमार्ण एवम् विकास भएको छ । एकाङ्कीमा पात्रहरूको मनोवृत्ति कार्य तथा संवादबाट देखिन्छ । माधुरी, सुवर्ण, मोहन, दुलही, आमा आदिको मनोवृत्तिको निर्माण एवम् विकासमा प्रेरणा, उनीहरूले प्राप्त गरेको सूचना सामाजिक समूहद्वारा भएको छ ।

माधुरीमा युद्ध विनाशकारी रूपमा हुने मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । आफू बसेको समाजका व्यक्ति र घरपरिवारका सदस्यहरू आमाको सम्पत्तिलाई आफ्नो बनाउने र सम्पूर्ण पृथ्वीमा राज गर्न युद्ध गरिरहेका छन् । युद्ध भनेको ठूलो होम या अग्निकुण्ड हो, युद्धले मानिसलाई मार्छ मात्र, आज विश्वमा भइरहेको यो सङ्ग्राम धरतीमा कोरेको रेखाको निम्ति मात्र नभएर रेखा मेटेर यस पृथ्वीलाई आगोको डल्लो तुल्याउनु हो जसले विनाशमात्र गर्दछ । युद्धमा जसले जिते पनि हारे पनि मुर्दा मात्र बटुल्ने र युद्धको अन्तमा मुर्दा पनि बटुल्ने कोही हुँदैनन् भन्दै युद्धले मान्छेलाई मार्ने र विनाश मात्र गर्ने गर्दछ भन्ने मनोवृत्तिको निर्माण एवम् विकास आफू बसेको समाजमा भइरहेको युद्धले गराएको छ ।

प्रेरणा र सामाजिक समूहले सुवर्णमा मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । सुवर्णमा रहेको आर्जित प्रेरणाको सन्तुष्टिमा आमा र पृथ्वीमा रहेका अन्य व्यक्तिले अवरोध पुऱ्याएकोले उसमा नकारात्मक मनोवृत्तिको निमार्ण भएको छ । यही नकारात्मक मनोवृत्तिको निमार्णले गर्दा मोहनले आमालाई मार्ने भनेर गरेको निर्णयमा सुवर्णले पनि समर्थन गर्दछ । यसैले ऊ दाजु सँगसँगै कैदखानामा गई आमालाई मार्ने प्रयास गरेको छ ।

सुवर्णको सामाजिक परिवेश एकले अर्कालाई मारी सत्ता आफ्नो हातमा लिन चाहेको, आमाको सम्पत्तिमा सबैले दावि गरिरहेको बेला सुवर्णमा पनि उक्त भावनाको विकास भएको छ । आमाले आफ्नो सम्पूर्ण सम्पत्ति भोग गर्नु भनेर कागत लेखिदिएकोले त्यसमा कसैले दावि गर्न पाउँदैनन् । यदि कसैले त्यस कागतमा शङ्का गरे शक्तिले विश्वलाई भोग्ने भन्दै सुवर्णले “यसरी किटान गरिएर लेखिएको कुरामा शङ्का हामी किन उठाऔँ ! हामी बलपूर्वक सावित गरौँ कि यही कागतद्वारा हामी विश्वलाई नै भोग्छौँ” (विजय मल्ल, भोलि के हुन्छ ?, पृ. २६) भन्दछ । यसरी आमाले लेखिदिएको कागतलाई बलपूर्वक सही साबित गरी सम्पूर्ण सम्पत्ति र विश्वलाई भोग्ने मनोवृत्तिको निर्माण एवम् विकास सुवर्णको सामाजिक परिवेशले गराएको छ ।

मोहनको मनोवृत्तिको निर्माण एवम् विकासमा सूचना प्रेरणा र सामाजिक परिवेशको भूमिका छ । व्यक्तिले जस्तो प्रकारको सूचना प्राप्त गर्दछ त्यसै अनुरूप उसको मनोवृत्तिको स्वरूप निर्माण हुन्छ । मोहनले न्यायाधीश सँग कुरा गरिरहँदा पाले आई “विदेशबाट आएका राजदूतहरू तल आएका रहेछन्, त्यही खबर आएको छ” (भोलि के हुन्छ ?, पृ. २४) भन्ने सूचना दिन्छ । मोहन राजदूतहरू शान्तिको पाठ सिकाउने निहुँमा समय लम्ब्याई शत्रुपक्षलाई बलवान र सर्वनाशकारी क्षेप्यास्त्र निर्माण गराउने योजनामा लागेको भन्ने मनोवृत्तिको निर्माण गर्दछ । त्यस्तै पालेले लडाईको खबर आएको र सिमानाभित्र धेरै सहरमा अणुबम विस्फोट भएको, प्रधानसेनापति आदेशको निम्ति हाजिर छन् भन्ने सूचना दिदाँ उनीहरू आमालाई आफ्नो सावित गर्दै विश्वलाई भग्न चाँहिरहेको, उनीहरू शक्तिमा विश्वास गरी शक्ति र पराक्रम प्रदर्शित गर्दैछन् भन्ने मनोवृत्तिको निर्माण एवम् विकास मोहनमा भएको छ । पालेले जुन प्रकारको सूचना दिएको छ त्यस्तै प्रकारको मनोवृत्तिको निर्माण मोहनमा भएको छ ।

मोहनले सम्पूर्ण विश्वलाई राज गर्न चाहनु र आमाको सम्पूर्ण सम्पत्तिको भोग गर्न चाहनु उसको आर्जित प्रेरणा हो । सबैले आमालाई आफ्नो बनाउनुका साथै शक्तिद्वारा सबै चिज प्राप्त गर्न सकिन्छ भन्ने सामाजिक परिवेशले मोहन पनि शक्तिद्वारा आमालाई कैद गरी सम्पूर्ण सम्पत्ति आफ्नो बनाई विश्वमा राज गर्न चाहने मनोवृत्तिको निर्माण गर्दछ । यो मनोवृत्ति निर्माणमा मोहनको प्रेरणा र सामाजिक परिवेशको मुख्य भूमिका रहेको छ ।

दुलहीमा मनोवृत्तिको निर्माण एवम् विकास मोहनले आमालाई मार्ने भनेर गरेको निर्णयबाट भएको छ । सन्तानहरूनै अमाको सर्वनास गर्न तम्तयार भएको देखेर चिन्तित हुने र आफ्ना सन्तानको भविष्य दुलहीले अन्धकार देखेकी छे । लोग्ने र देवरले गर्न आँटेको कामले भविष्यमा सर्वनाश निम्त्याउने र त्यसले सबैको अस्तित्व समाप्त हुने मनोवृत्तिको निर्माण दुलहीमा भएको छ । दुलही भन्छे- “आमा जानु भो भने को रहन्छ यँहा ? को बाँच्छ यँहा ? यस्तो महापाप सर्वनाश नगरिबक्स्योस” (भोलि के हुन्छ ?, पृ. ४१) । यसरी दुलहीमा

लोग्ने र देवरले गरेको निर्णयबाट भविष्यमा सर्वनाश हुने मनोवृत्तिको निर्माण एवम् विकास भएको छ ।

### ४.१०.२ मनोवृत्तिको परिवर्तन

भोलि के हुन्छ ? एकाङ्कीमा रहेको पात्र सुवर्णमा मनोवृत्तिको परिर्वतन भएको छ । मनोवृत्तिको विषयवस्तु परिवर्तन गर्न कुनै मनोवृत्ति विशेषलाई निमूर्ल पार्न मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि मनोवृत्ति परिवर्तनको आवश्यक पर्दछ । एकाङ्कीमा पात्रहरूले मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि समय र परिस्थिति अनुसार एकअर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् भने मनोवृत्तिलाई परिवर्तन पनि गरेका छन् ।

सुवर्णको मनोवृत्तिमा परिवर्तन आएको छ । एकाङ्कीको पहिलो अङ्क र दोस्रो अङ्कमा सुवर्णको मनोवृत्तिमा परिवर्तन आएको छैन भने तेस्रो अङ्कमा व्यवहार र मनोवृत्तिमा परिवर्तन देख्न सकिन्छ । सुरूमा दाजु सँगसँगै शक्तिको आडमा पृथ्वीमा राज गर्ने र सम्पूर्ण सम्पत्तिमा आफ्नो अधिकार जमाउने कार्यमा सुवर्ण लागेको छ । साथै शक्तिकै आडमा दाजुले आमालाई मार्ने भनेर गरेको निर्णयमा साथ दिदै सुवर्ण आमालाई मार्न सुरिएको छ । पछि आएर सुवर्णको मनोवृत्तिमा परिवर्तन आएको छ जसले गर्दा ऊ आमाको नगरी सुरक्षा गर्छ । सुवर्णमा आएको परिवर्तनले सम्पूर्ण पृथ्वीलाई ध्वस्त हुनबाट जोगाएको छ । पृथ्वीका सम्पूर्ण जीवको रक्षा गरेको छ । मनोवृत्तिमा आएको परिवर्तनले आमाको हत्या गर्न थालेको दाजु मोहनलाई कैद गरी बन्दी बनाएको छ । सुवर्णले "जेठा दाइलाई कैद गर ! हजुर आमालाई मार्न पाउनु हुन्न । हजुर आमालाई छुन सम्म पनि पाउनुहुन्न" (भोलि के हुन्छ ?, पृ. ५१) भनेको छ । यसरी सुवर्णले आमाको सुरक्षा गर्नु र दाजुलाई कैद गरी राख्नु मनोवृत्तिमा आएको परिवर्तन हो ।

यस्तै एकाङ्कीमा दुलही र आमाले मोहनको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् । आमालाई मार्ने भनेर गरेको निर्णयमा दुलहीले मातृहत्या महापाप हुने भन्दै आमाको मृत्यु पश्चात केही पनि नरहने, सबै सर्वनास हुने भएकाले आमाको हत्या नगर्न सुझाव दिन्छे । दुलहीले घरपरिवारको माया र छोराको बाबु प्रतिको स्नेह देखाई भन्छे "बिन्ती आमालाई कैदमा मात्र राखिबक्स्योस नमारिबक्स्योस । मेरा पनि बच्चाहरू छन् । माधुरी रातभर विरहले रोइरहिन् महेश सम्झिरहिन् । भर्खर सुतेकी छन्, तिनको मीठो निद्रालाई, तिनको मीठो सपनालाई भताभुङ्ग नगरिबक्स्योस् । सुरेशको तोतेबोली नै फुटेको छैन । हजुरलाई कति मन पराउँछ त्यो । त्यसको भविष्य, त्यसको विश्व नफुटाइबक्स्योस" ( भोलि के हुन्छ ?, पृ. २९/३०) । यसरी पारिवारिक माया र भविष्यमा केही पनि नरहने भन्दै दुलहीले मोहनको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेकी छ । यता आमाले मोहनलाई

जीवन कहिल्यै नहार्ने र जीवन रहुन्जेल बाँच्न सल्लाह दिएकी छे आफू पराजित हुन थालेको अब बाँच्न नचाही मृत्यु चाहेको र सबै भन्दा पहिले विश्वको मृत्यु अनि आफ्नो मृत्यु चाहेको भन्दा आमाले यो तिम्रो त्रास हो, तिम्रो गलत शक्ति सिद्धान्तले तिमीलाई मृत्युतिर डोऱ्याउँछ भन्दै मोहनको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेकी छ । दुलही र आमाले दिएको सुझाव सल्लाहबाट मोहनको मनोवृत्तिमा परिवर्तन आउँदैन जसले गर्दा ऊ आत्महत्या गरी मर्दछ ।

यसरी एकाङ्कीमा सम्पूर्ण पृथ्वीमा एकलौटी राज गर्न चाहनामा एकले अर्कोलाई मारी युद्ध मच्चायी रहेका छन् । यस युद्धले एकाङ्कीका सम्पूर्ण पात्रमा सन्त्रास र भयावहको मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । एकाङ्कीको अन्तमा सुवर्णले आमाको सुरक्षा गरी मोहनलाई कैद गरे पश्चात सन्त्रास र भयावहको मनोवृत्तिमा परिवर्तन आएको छ ।

## ४.१०.३ मनोवृत्तिको मूल्याङ्कन

भोलि के हुन्छ ? एकाङ्कीमा रहेका पात्रहरूको व्यवहार र क्रियाकलापबाट मनोवृत्तिको मूल्याङ्कन गर्न सकिन्छ । व्यक्ति व्यक्ति बिचको परस्पर अन्तरक्रियाको माध्यमबाट मनोवृत्ति ज्ञान हासिल हुन्छ । एकाङ्कीमा रहेका पात्रहरूको परस्पर अन्तरक्रियाबाट मनोवृत्तिको ज्ञान हासिल गरी मनोवृत्तिको मूल्याङ्कन गरिन्छ । एकाङ्कीमा रहेका पात्र माधुरी, सुवर्ण, मोहन, दुलही आदिको व्यवहार, बोलिचाली, कुनै घटना या व्यक्ति प्रति उसले गरेको व्यवहारद्वारा मनोवृत्तिको मूल्याङ्कन गरिन्छ ।

पृथ्वीमा एकलौटी राज गर्ने चाहनामा एकले अर्कालाई मारी युद्ध मच्यायी रहेको अवस्थामा एकाङ्कीय समाजमा रहेका व्यक्तिहरूमा पनि युद्धको प्रभाव पर्दछ । युद्धलाई नरसंहारको रूपमा लिदै समााजका सम्पूर्ण व्यक्तिमा सन्त्रास र भयावहको स्थिति उत्पन्न हुन्छ । एकाङ्कीमा माधुरी महेशसँग प्रेम गर्दछे । महेश सँग शान्तिपूर्ण जीवन बिताउन चाहेकी छ । महेश माधुरीको इच्छा विपरीत युद्धमा जान्छ । महेश युद्धमा जानु भनेको मृत्युको मुखमा जानु हो भन्दै माधुरीले महेश र आफूको भेट यस पृथ्वीमा नहुने कुरा गर्दछे । युद्ध भनेको ठूलो होम या अग्निकुण्ड हो, यसले मानिसलाई मार्छ मात्र, आज विश्वमा भइरहेको सङग्राम धरतीमा कोरेको रेखाको निम्ति मात्र नभएर रेखा मेटेर यस पृथ्वीलाई आगोको डल्लो तुल्याउनु हो जसले विनाश मात्र गर्दछ । युद्धमा जित्नेले पनि लाँस बटुल्ने र हार्नेले पनि लाँस बटुल्ने भन्दै युद्धको अन्तमा लाँस बटुल्ने पनि कोही नहुने कुरा माधुरीले भन्दछे । महेश युद्ध जितेर फर्केमा पनि रगतमा मुछिएर आएको हुने, जुन रगत कसैको मरेको मायाको हुन्छ । यदी हारेको खण्डामा आफ्नो प्रेम मर्ने भनी मारेर र मरेर केही फाइदा नहुने भन्दै “सङ्ग्रामविना के जीवन यँहा चल्न सक्तैन ? (भोलि के हुन्छ ?, पृ. २३)

भनी प्रश्न गर्दछे । यसरी माधुरी समाजमा भइरहेको युद्धलाई विनाशको रूपमा लिएकी छ र शान्तिपूर्ण जीवन यापन गर्नमा बाधा पुऱ्याएको ठान्दछे ।

विश्वलाई सबैले भोग्न चाहेको, एकले अर्कालाई मारी राज्यसत्ता आफ्नो हातमा लिन चाहेको परिवेशले मोहनमा पनि आफ्नो राज्य र सम्पूर्ण सम्पत्ति गुम्ने डर छ । बाजेबराजुको पालामा नै आमाले मेरै ज्युनीमा तिमी र तिम्रा सन्तानले मेरो जायजेथा र सम्पूर्ण सम्पत्तिको भोग गर्नु भनी कागत लेखिदिएकोले मोहन सम्पूर्ण सम्पत्ति भोग चलन गर्दै आएको छ । मोहनसँग भएको जस्तै कागत अरूले पनि देखाएर आमालाई आफ्नो बनाउने र सम्पत्तिमा अधिकार खोजि युद्ध गरिरहेका छन् । आफूले भोग चलन गर्दै आएको सम्पत्ति र राज्यसत्ता गुम्ने डरमा मोहन आमालाई नै कैद गरी राख्दछ । यदि आफ्नो हातबाट राज्य र सम्पूर्ण सम्पत्ति गुम्ने भएमा आमालाई नै मारी सम्पूर्ण विश्लाई मसान बनाउने निर्णय गर्दछ । सम्पूर्ण सम्पत्ति आफूले मात्र भोग चलन गर्न पाउनु पर्छ भन्ने मोहनको अहम् हो भने आमालाई मार्न तयार हुनु पराजित मानसिकताको उपज हो । यसरी मोहन समाजमा भइरहेको युद्धबाट पराजित हुने डरमा विनासकारी जिद्धी र हठी स्वभावको भएको छ ।

सुवर्ण सुरूमा दाजु सँगसँगै पृथ्वीको सम्पूर्ण सम्पत्तिको भोग गर्ने र सम्पूर्ण पृथ्वीमा राज गर्ने निर्णय गर्दछ । आमाले आफ्नो सम्पूर्ण सम्पत्ति भोग गर्नु भनेर कागत लेखिदिएकोले त्यसमा कसैले दावि गर्न पाउँदैनन् । यदि कसैले त्यस कागत शङ्का गरे शक्तिले विश्वलाई भोग्ने कुरा गर्दछ । साथै शक्तिकै आडमा दाजुले आमालाई मार्ने भनेर गरेको निर्णयमा साथ दिदै सुवर्ण आमालाई मार्न तयार हुन्छ । तर सुवर्णमा रहेको आमा प्रति सहानुभूति र प्रेमले आमालाई मार्ने भनेर गरेको निर्णयबाट पछि हठी आमाको सुरक्षा गर्छ । यसरी समाज भइरहेको युद्धले सुवर्णमा सुरूमा रहेको नकारात्मक उत्प्रेरक तत्त्वले आमाको हत्याको लागि क्रियाशील बनाएको छ भने पछि सकारात्मक उत्प्रेरक तत्त्वले आमाको सुरक्षा गरी सम्पूर्ण पृथ्वीको रक्षा गरेको छ । आमाको सुरक्षा गर्नु सुवर्णको मनोवृत्तिमा आएको परिवर्तन हो । त्यसैले सुवर्ण दयालु, प्रेमी र उज्यालोको प्रतीक हो ।

एकाङ्कीमा समाजमा चलिरहेको युद्ध र आमालाई मार्ने भनेर गरेको निर्णयले दुलही, कामिनी, जजमा डरत्रासर आमाको मृत्यु पछि सर्वनास हुने कल्पना गरेका छन् । मोहनले आमालाई नै मार्ने भनेर गरेको निर्णय सुनेर दुलही तर्सेकी छ । आमालाई नै मारे पछि के रहन्छ यहाँ, आमालाई मार्नु भनेको सर्वनाश निम्त्याउनु हो र आमालाई मार्ने निर्णयले आफ्ना सन्तानको भविष्य अन्धकार देखेकी छ । कामिनी आमालाई बचाउँन चाहन्छे । आमालाई मार्ने निर्णय सुनी लुकेर भग्दै आमालाई कैद गरी राखेको ठाउँमा आई जीवन रक्षाको लागि आमालाई भाग्न भन्दछे । आमालाई तपाईको मृत्युले सृष्टि नै नाश हुने भन्दै आफूलाई बचाउँन भनेकी छ । यसले कामिनीमा युद्धको परिणामले निम्त्याउने आस्थाको कल्पना गरी डर र त्रासको मनोवृत्ति निर्माण गरेकी छ । एकाङ्कीमा जजले कुनै पनि निर्णय

गर्न सक्दैन । सुरूमा सुवर्ण र मोहनलाई सही सुझाव र सल्लाह दिएको हुन्छ । भने मोहनले आमालाई मार्ने भनेर गरेको निर्णयबाट जज केही पनि बोल्न नसक्ने र सुन्न नसक्ने स्थितिको हुन्छ । सुवर्णले आमाको सुरक्षा गरे पश्चात आफूले सही निर्णय गर्न सक्ने र सबै सुन्ने भन्नुले पृथ्वीमा भइरहेको युद्धको डर र त्रास मुक्ति पाएको कुरालाई जनाउँछ ।

## ४.११ निष्कर्ष

व्यक्तिले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलाप सामाजिक व्यवहार हो । पत्थरको कथा, सत्ताको खोजमा र नाम नभएमो मानिस एकाङ्कीमा रहेका पात्रहरूले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापका साथै पात्र पात्रहरू बिचको अन्तर्क्रियामा सामाजिक व्यवहार रहेको छ । एकाङ्कीमा रहेका पात्रहरूले सामाजिक व्यवहार सुझाव, सहानुभूति र प्रेरणाद्वारा गरेका छन् । सुझाव कुनै पनि व्यक्तिको व्यवहार र विचारमा परिवर्तन ल्याउनको लागि दिइन्छ । एकाङ्कीमा रहेका पात्रहरूले समय र परिस्थिति अनुसार एकले अर्कालाई दिएको सुझावमा सामाजिक व्यवहार रहेको छ  कसैलाई दुःखी देखेर त्यस्तै दुःखको अनुभव गर्नु सहानुभूति हो । सहानुभूति भावनात्मक प्रक्रिया हो । एकाङ्कीमा एक व्यक्तिको अर्को व्यक्तिप्रति रहेको दया, माया, प्रेम, नम्र स्वभाव आदिले सहानुभूति उत्पन्न गर्नमा सहयोग गरेको छ । एकाङ्कीमा यही सहानुभूतिकै कारण एकले अर्कालाई सहयोग गरेका छन् भने एकअर्काको दुःखमा सहानुभूति व्यक्त गरेका छन् । यही सहानुभूतिमा उनीहरूको सामाजिक व्यवहार सरल र सहज भएको छ जसले उनीहरूको सामाजिक व्यवहारलाई देखाउँछ । व्यक्तिले समाजमा बसेर गर्ने सामाजिक व्यवहार प्रेरणाद्वारा सञ्चालित हुन्छ । एकाङ्कीमा रहेका पात्रहरूले पनि सामाजिक प्रेरणाद्वारा गरेका छन् । प्रेरणा जन्मजात र आर्जित गरी दुई प्रकारको सन्तुष्टिमा हुन्छ । एकाङ्कीमा रहेका पात्रहरूले यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको लागि गरेको कार्यले उनीहरूको सामाजिक व्यवहारलाई देखाएको छ । एकाङ्कीमा रहेका यस्ता सामाजिक व्यवहारहरू पात्रले सुझाव, सहानुभूति र प्रेरणाले गरेका छन् ।

सामाजिक वस्तु, मूल्य, सामाजिक व्यवहार, व्यक्ति, समूह एवम् संस्था आदिप्रतिको मनोवृत्तिलाई सामाजिक मनोवृत्ति भनिन्छ । सामाजिक मनोवृत्ति व्यक्तिले समाजमा गरेको सामाजिक व्यवहार र उसको सामाजिकरणबाट अध्ययन गर्न सकिन्छ । (विजय मल्लका तेस्ो चरणका एकाङ्कीहरू) 'पत्थरसको कथा', 'सत्ताको खोजमा' तथा ''नाम नभएको मानिस'' मा पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणले सामाजिक मनोवृत्तिलाई देखाएको छ । एकाङ्कीमा पात्रहरूको मनोवृत्ति व्यक्तिको कार्य, स्वभाव, व्यवहार तथा भार्षिक अभिव्यक्तिबाट देखिएको छ । मनोवृत्ति व्यक्तिको मानसिक स्थिति वा मनको

क्रियाशीलतालाई उद्घाटन गरेको छ । एकाङ्कीमा सर्वप्रथम पात्रहरूमा कुनै पनि विषय वा अवस्थाप्रति मनोवृत्तिको निर्माण एवम् विकासमा प्रेरणा, उनीहरूले प्राप्ति गरेको सूचना, सामाजिक समूहको विशेष भूमिका रहेको छ । प्रेरणाको सन्तुष्टिका निम्त पात्रहरूमा सकारात्मक र नकारातमक मनोवृत्तिको निर्माण भएको छ । एकाङ्कीमा पात्रहरूले जस्तो प्रकारको सूचना, प्रभाव गरेका छन्, त्यसै अनुरूपको मनोवृत्तिको स्वरूप निर्माण भएको छ । साथै उनीहरू बसेको सामाजिक समूहको विचारधारा, मान्यता एवम् संस्कृतिले पनि मनोवृत्तिको परिवर्तन पनि भएको छ । यसरी एकाङ्कीमा मनोवृत्तिको परिवर्तन व्यक्तिको मनोवृत्ति विशेषलाई निर्मूल पार्न मनोवृत्तिलाई आफ्नो अनुकूल वा प्रतिकूल बनाउनका लागि समय र परिस्थिति अनुसार एकले अर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् । मनोवृत्तिको परिवर्तन पात्रहरू बिचको अन्तर्क्रिया र उनीहरूले प्राप्त गरेको सूचनाका आधारमा भएको छ । एकाङ्कीमा पात्रहरूले गरेको परम्पर अन्तर्क्रिया र व्यवहारले मनोवृत्तिको ज्ञान हासिल हुन्छ जसबाट उनीहरूको मनोवृत्तिको मूल्याङ्कन हुन्छ । एकाङ्कीमा मनोवृत्तिको मूल्याङ्कनको लागि व्यक्तिको व्यवहार, बोलीचाली, लेख-रचना, अन्तर्क्रिया आदिबाट गरिन्छ । एकाङ्कीमा कुनै घटना या वस्तुप्रति पात्रले गरेको व्यवहार व्यक्तिको आत्मचरित्र र कलात्मक विचारको आधारमा मनोवृत्तिको मूल्याङ्कन हुन्छ । 'पत्थरको कथा' एकाङ्कीमा शक्ति र सम्पत्तिको आडमा विपिन र रघुवीरले मानवीय हिंसा गर्नु, रघुविरले मृतकहरूप्रति सहानुभूति, दया र क्षमा माग्नु, विपिनले आक्रमण गर्दा प्रतिकारमा उत्रनु तथा श्रीकान्तले सम्झाउनु, विविध पात्रहरूबिच संवाद हुनु, अन्याय र अत्याचारका विरूद्ध लड्नुपर्ने सामाजिक चेतना प्रस्तुत गर्नु जस्ता कार्यमा सामाजिक मनोवृत्तिलाई देख्न सकिन्छ । यसरी नै 'सत्ताको खोजमा' एकाङ्कीमा पात्रहरू - तिलकमान, प्रमिला, भाउजू आदिमा सामाजिक मनोवृत्तिका विविध स्वरूप देखा परेको छ । प्रमिलाले नारी सत्ताको निम्ति अन्तः सङ्घर्ष गर्नु, तिलकमानले पुरुषत्व कायम राख्नु, भाउजूले मीना र शीलालाई विविध रूपले सम्झाउनु, प्रमिलाले आत्महत्या गरेर अधिकार माग गर्नु, त्यसबाट तिलकमानमा मानसिक असर पर्नु र पागलपन देखिनु आदिमा सामाजिक मनोवृत्ति स्पष्ट देखिएको छ । यसरी नै ''नाम नभएको मानिस'' एकाङ्कीमा सामाजिक मनोवृत्तिको विविध रूप देख्न सकिन्छ । एकाङ्कीका पात्रहरू डा. ज्योती, मानिस, आदिमा समाज मनोविज्ञानको स्पष्ट चित्र देखिएको छ । वर्तमान मानव जीवन विसङ्गतमय छ, हरेक मानिस स्वार्थ, समस्याबाट गुज्रिएका छन् । मानिस खास उद्देश्य, कार्य, जिम्मेवारीबाट टाढिएको छ । संसार मतलबी छ, यहाँ कसैलाई कसैको प्रवाह छैन, जसरी प्रकृति अनमेल छ, मानिसको जीवन पनि विसङ्गत छ भन्ने सार पात्रहरूको सामाजिक व्यवहार तथा मनोवृत्तिको चित्रणबाट देखिन्छ ।

# परिच्छेद पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ विषयपरिचय

विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञान शीर्षकको यस शोधपत्रका अघिल्ला परिच्छेदमा उल्लेख गरिएका कुराहरूका साथै यसको समष्टि निष्कर्ष पनि उल्लेख्य पक्ष हुन् । त्यसैले यस परिच्छेदमा यस शोधपत्रका अघिल्ला परिच्छेदहरूको सारसङ्क्षेप र समष्टि निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ परिच्छेदगत सारांश

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञान शोधपत्रको पहिलो परिच्छेदमा समग्र रूपमा शोधकार्यको विषयपरिचय दिइएको छ र त्यसपछि क्रमशः समास्या कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको सिमाङ्कान, शोधकार्यको औचित्य तथा महत्त्व, शोधविधि र शोधकार्यको रूपरेखा शीर्षकमा शोधकार्यको परिचय प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा विजय मल्लको तेस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञानको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । यस क्रममा साहित्य, समाज र मनोविज्ञानको छुट्टाछुट्टै चिनारी दिदै साहित्य र समाज, साहित्य र मनोविज्ञान, समाज र मनोविज्ञान का साथै साहित्य, समाज र मनोविज्ञानमा साहित्य समाज सँग जोडिएको हुने र व्यक्तिले समाजमा बसेर गर्ने आचरण वा चरित्रले देखाउने हुँदा साहित्य, समाज र मनोविज्ञानमा अन्तर्सम्बन्ध रहेको कुरा देखाइएको छ । साथै यस परिच्छेदका उपशीर्षकमा समाज मनोविज्ञानको ऐतिहासिक विकासक्रम, समाज मनोविज्ञान विश्लेषणका मूलभूत पक्षहरू सामाजिक व्यवहार, सामाजीकरण, सामाजिक मनोवृत्ति समेत चर्चा गरिएको छ । विजय मल्लका तेस्रो चरणका एकाङ्कीमा रहेको समाज मनोविज्ञानलाई विश्लेषण गर्न व्यक्तिले समाजमा बसेर गर्ने क्रियाकलापलाई सामाजिक व्यवहार अन्तर्गत सुझाव, सहानुभूति र प्रेरणाका आधारमा र पात्रहरू समाजमा हुने समायोजनलाई सामाजीकरण अन्तर्गत सामाजिक नियम, अहम्को विकास र पूर्वाग्रहको विकासका साथै सामाजिक व्यवहार र सामाजीकरणका आधारमा पात्रले गरेको सामाजिक मनोवृत्तिलाई मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मनोवृत्तिको मूल्याङ्कनमा समाज मनोविज्ञान विश्लेषणका आधारहरू तयार परिएको छ ।

तेस्रो परिच्छेदमा सामाजिक व्यवहारका आधारमा विजय मल्लका तेस्रो चरणका एकाङ्की शीर्षक रहेको छ । यस परिच्छेदमा विजय मल्लको एकाङ्की यात्राको तेस्रो चरण

२०२६ देखि २०४८ सम्मको सामान्य चर्चा गर्दै यस चरणका पूर्णाङ्की एकाङ्कीहरू भोलि के हुन्छ ?, नाम नभएको मानिस, पत्थरको कथा र सत्ताको खोजमा सामान्य परिचय यस परिच्छेदमा दिइएको छ । तेस्रो चरणका एकाङ्कीमा पात्रहरूले समाजमा बसेर गरेका सामाजिक व्यवहारलाई सुझाव, सहानुभूति र प्रेरणाका आधारमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

एकाङ्कीमा समय र परिस्थिति अनुसार एकले अर्कालाई दिएको सुझावबाट सामाजिक व्यवहार सञ्चालन भएको छ । पात्रहरूले एकअर्काको व्यवहार र विचारमा परिवर्तन ल्याउनको लागि सुझाव दिएका छन् । एकाङ्कीमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दिएको सुझावका माध्यमबाट गरेका सामाजिक क्रियाकलापले सामाजिक व्यवहारलाई प्रष्ट पारेको छ ।

एकाङ्कीमा एक व्यक्तिको अर्को व्यक्ति प्रति रहेको दया, माया, प्रेम, नम्र स्वभाव आदिले सहानुभूतिलाई देखाएको छ । यही सहानुभूति कै कारण एकले अर्कालाई सहयोग गरेका छन् भने एकअर्काको दुःखमा सहानुभूति व्यक्त गरेका छन् । सहानुभूतिमा एकाङ्कीमा रहेका पात्रहरूको सामाजिक व्यवहार सरल र सहज भएको छ जसले उनीहरूको सामाजिक व्यवहारलाई देखाउँछ ।

एकाङ्कीमा रहेका पात्रहरूले सामाजिक क्रियाकलापहरू प्रेरणाले गरेका छन् । पात्रहरूमा रहेको जन्मजात र आर्जित प्रेरणाको सन्तुष्टिको लागि गरेको कार्यमा सामाजिक व्यवहार सञ्चालित छ । एकाङ्कीमा पात्रहरूको सामाजिक व्यवहार मूख्यतः आर्जित प्रेरणाको सन्तुष्टिमा रहेको छ ।

चौथो परिच्छेद सामाजीकरणका आधारमा विजय मल्लका तेस्रो चरणका एकाङ्की शीर्षक रहेको छ । यस परिच्छेदको उपशीर्षकमा भोलि के हुन्छ ?, पत्थरको कथा, सत्ताको खोजमा, नाम नभएको मानिस एकाङ्कीमा निहित पात्रहरूको सामाजीकरणमा सामाजिक नियमले पारेको प्रभाव र समाजमा सामाजीकरण हुँदा उनीहरूमा विकास भएको अहम् र पूर्वाग्रहको विकासलाई विश्लेषण गरिएको छ ।

एकाङ्कीमा रहेका पात्रहरूको सामाजीकरणमा सामाजिक नियमले प्रभाव पारेको छ । सामाजिक नियमले एकाङ्कीमा रहेका पात्रहरूको व्यवहारलाई अनुशासित गराउँनुका साथै समाजमा गर्न हुने र गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको छ । सामाजिक नियमले एकाङ्कीमा पात्रहरूले आफूले चाहेको कार्य गर्न पाएका छैनन् भने आफूले नचाहेका कार्यहरू गर्नु परेको छ । यसबाट पात्रहरूको सामाजीकरणमा सामाजिक नियमको प्रभावलाई देख्न सकिन्छ ।

सामाजीकरणले एकाङ्कीमा रहेका पात्रहरूमा अहम्को विकास गरेको छ । अहम् जन्मजात नभएर सामाजिक अन्तरक्रियाको परिणाम हो पात्रहरूमा अहम् जन्मजात नभई उनीहरू बसेको समाज र जुन घर परिवारमा उसको विकास भएको छ त्यसले गराएको छ । पात्रहरूले जुनसुकै कुरा आफ्नो बारेमा सम्झन्छन् भन्छन् त्यो उनीहरूको अहम् हो । यसरी समाजीकरणबाट एकाङ्कीमा रहेका पात्रहरूमा अहम्को विकास भएको छ ।

सामाजीकरणले एकाङ्कीका पात्रहरूमा पत्रहरूमा पूर्वाग्रहको विकास गराएको छ । पूर्वाग्रह पात्रहरूको असफलता, अहम्वृत्तिका साथै उनीहरूको विकास भएको समाज वा समूहका सदस्यबाट भएको छ । यसरी एकाङ्कीका पात्रहरूमा सामाजीकरणमा विकास भएको पूर्वाग्रहमा अपरिपक्व छिटो लिइएको निर्णय हुनुका साथै त्यसमा प्रतिकूल अभिवृत्ति पनि रहेको छ ।

पाचौँ परिच्छेद सामाजिक मनोवृत्तिका आधारमा विजय मल्लका तेस्रो चरणका एकाङ्की शीर्षक रहेको छ । यस परिच्छेदको उपशीर्षकमा तेस्रो चरणका एकाङ्कीमा निहित पात्रहरूको सामाजिक मनोवृत्तिलाई विश्लेषण गरिएको छ । तेस्रो र चौथो परिच्छेदमा पात्रहरूले गरेको सामाजिक व्यवहार र सामाजीकरणबाट उत्पन्न सामाजिक मनोवृत्तिलाई यस परिच्छेदमा मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्तिको परिवर्तन र मनोवृत्तिको मूल्याङ्कनका आधारमा विश्लेषण गरिएको छ ।

एकाङ्कीका पात्रहरूमा मनोवृत्तिको निर्माण एवम् विकास उनीहरूको कार्य तथा संवादले देखाउँछ । मनोवृत्तिको निर्माण एवम् विकास पात्रहरूमा रहेको प्रेरणाको सन्तुष्टि, उनीहरूले प्राप्त गरेको सूचनाका साथै आफू बसेको सामाजिक समूहको मूख्य भूमिका रहेको छ । प्रेरणाको सन्तुष्टिका आधारमा पात्रमा सकारात्मक र नकारात्मक मनोवृत्तिको निर्माण भएको छ भने जस्तो प्रकारको सूचना प्राप्त गर्दछन् त्यस्तै प्रकारको मनोवृत्तिको स्वरूप पनि निर्माण भएको छ । पात्रहरू बसेको सामाजिक समूहको विचारधारा, मान्यता, एवम् संस्कृतिले पनि मनोवृत्तिको निर्माण एवम् विकास गराएको छ ।

एकाङ्कीमा पात्रहरूको सामाजिक व्यवहार र क्रियाकलापमा आएको परिवर्तनले मनोवृत्तिको परिवर्तनलाई देखाउँछ । पात्रहरूले मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि परिस्थिति अनुसार एकले अर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् भने मनोवृत्तिलाई परिवर्तन पनि गराएका छन् । मनोवृत्तिको परिवर्तन पात्रहरूले गरेको एकअर्का बिचको अन्तर्क्रिया र उनीहरूले प्राप्त गरेको सूचनाका आधारमा भएको छ ।

एकाङ्कीमा रहेका पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणबाट मनोवृत्तिको मूल्याङ्कन गरिएको छ । पात्रहरूको परस्पर अन्तर्क्रिया र व्यवहारले मनोवृत्तिको ज्ञान हासिल हुन्छ । मनोवृत्तिको मूल्याङ्कनको लागि व्यक्तिको व्यवहार, बोलिचाली, व्यक्ति-व्यक्ति बिचको परस्पर अन्तर्क्रिया उनीहरूको विचारबाट मनोवृत्तिको मूल्याङ्कन गरिएको छ ।

## ५.३ निष्कर्ष

समाज मनोविज्ञान मनोविज्ञानको एउटा प्रमुख शाखाको रूपमा रहेको छ । व्यक्तिको सामाजिक व्यवहारको अध्ययन तथा विश्लेषण समाज मनोविज्ञानअन्तर्गत सामाजिक परिप्रेक्ष्यमा गर्ने गरिन्छ । त्यसैले यो व्यक्तिको सामाजिक व्यवहारको अध्ययन गर्ने विज्ञान हो; यसले समाजको नभई व्यक्तिको नै अध्ययन गर्दछ । समाज मनोविज्ञानले व्यक्तिको समाजिक व्यवहार, सामाजीकरण, सामाजिक मनोवृत्तिका विविध पक्षको अध्ययन विश्लेषण गर्दछ । मूख्यतः समाज मनोविज्ञानमा व्यक्तिको सामाजिक व्यवहार र समाजीकरणको आधारमा व्यक्तिको सामाजिक मनोवृत्तिको अध्ययन गर्ने गरिन्छ ।

विजय मल्ल मनोवैज्ञानिक एकाङ्कीकार हुन् । मनोवैज्ञानिक एकाङ्कीकारका रूपमा रहेता पनि मल्लले सामाजिक यथार्थतामा आधारित एकाङ्कीको पनि रचना गरेका छन् । उनले रचना गरेका एकाङ्कीहरू सामाजिक यथार्थतामा आधारित हुनुका साथै, प्रयोगशील, समस्यामूलक, स्वैरकल्पना, प्रतीकको प्रयोगका साथै समाज मनोविज्ञानमा पनि आधारित छन् । मल्लको तेस्रो चरणको मूख्य प्रवृत्ति भनेको प्रयोगशील एकाङ्कीहरूको रचना गर्नु हो । प्रयोगशील एकाङ्कीको रचना गरे पनि यस चरणका एकाङ्कीमा समाज मनोविज्ञान पाउन सकिन्छ । यस चरणका एकाङ्की भोलि के हुन्छ ? मा विश्वमा भईरहेको युद्धले व्यक्तिमा परेको प्रभावलाई देखाइएको छ । पत्थरको कथा एकाङ्कीले राणाकालीन ऐतिहासिक कालखण्डमा घटेका घटनालाई विषयवस्तु बनाई स्वैरकाल्पनिक रूपमा प्रतिबिम्बत गरी सत्यतथ्यलाई प्रकट गरिएको छ । सत्ताको खोज एकाङ्कीमा नारी सत्तालाई विशेष जोड दिई समाजमा नारीप्रति गरेको व्यवहार र समाजको व्याप्त अविश्वास कुरीतिको भण्डाफोर गरिएको छ । नाम नभएको मानिस एकाङ्कीमा साइक्रियाट्रिस्ट क्लिनिकको विकृत पात्रहरूलाई समावेश गरिएको छ । आफ्नो नामले कुनै देवता, धर्म  वा सम्प्रदायसँग सम्बद्ध गराउँछ र अरबौं मानिसका सामू आफ्नो पृथक अस्तित्व राखेर बाँच्नु पर्छ भन्ने भयले जिउनु भन्दा आफूँ नाम विहिन हुनु, यस्तै विपरीतधर्मी चरित्र र असम्भव तथा अस्वभाविकतालाई एकाङ्कीमा देखाइएको छ । यी एकाङ्कीहरू प्रयोगशील हुँदाहुँदै पनि समाज मनोविज्ञानमा आधारित एकाङ्कीहरू हुन् । समाज मनोविज्ञानमा आधारित मल्लका एकाङ्कीहरूमा पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणले सामाजिक मनोवृत्तिको ज्ञान हासिल हुन्छ जसबाट सामाजिक परिप्रेक्ष्यमा पात्रहरूको मनोवैज्ञानिक अध्ययन  गरिन्छ ।

व्यक्तिले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापका साथै व्यक्ति-व्यक्ति बिचको अन्तर्क्रिया सामाजिक व्यवहार हो । एकाङ्कीमा रहेका पात्रहरूले सामाजिक व्यवहार सुझाव, सहानुभूति र प्रेरणाद्वारा गरेका छन् । एकाङ्कीमा रहेका पात्रहरूले समय र परिस्थिति अनुसार एकले अर्कालाई दिएको सुझावमा सामाजिक व्यवहार रहेको छ । एकाङ्कीमा एक व्यक्तिको अर्को व्यक्ति प्रति रहेको दया, माया, प्रेम, नम्र स्वभाव आदिले सहानुभूति उत्पन्न गर्नमा सहयोग गरेको छ । यही सहानुभूति कै कारण एकाङ्कीमा पात्रहरूको सामाजिक व्यवहार सरल र सहज भएको छ । एकाङ्कीमा रहेका पात्रहरूले सामाजिक व्यवहार प्रेरणाद्वारा गरेका छन् । प्रेरणा जन्मजात र आर्जित दुई प्रकारको हुन्छ । यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको लागि गरेको कार्यले पात्रहरूको सामाजिक व्यवहारलाई देखाएको छ । भोलि के हुन्छ ? एकाङ्कीमा माधुरीले चिन्ता गर्दा कामिनीले सम्झाउनु, आमालाई मार्ने निर्णय गर्दा दुलहीले दुःख व्यक्त गर्नु, आमाले आफ्ना सन्तानले बाटो विराउँदा दुःख व्यक्त गर्नुका साथै सही बाटो देखाउन खोज्नु, सुवर्णले आमाको रक्षा गर्नु, मोहनले सम्पूर्ण पृथ्वीमा राज गर्न खोज्नु जस्ता सामाजिक व्यवहारहरू सुझाव सहानुभूति र प्रेरणाद्वारा गरेका छन् ।

सामाजीकरण प्रक्रियामा समाज जस्तो छ व्यक्तिको विकास पनि त्यसै अनुसार हुन्छ । सामाजीकरणमा व्यक्ति समाजको सदस्य बन्नुका साथै समाजमा समायोजित पनि हुने गर्दछ । सामाजीकरण प्रक्रियामा एकाङ्कीमा रहेका पात्रहरू सामाजिक समूहको सदस्य हुँदा उनीहरूलाई सामाजिक नियमले प्रभावित पारेको छ भने अहम् र पूर्वाग्रहको विकास पनि गराएको छ । सामाजिक नियमले एकाङ्कीमा रहेका पात्रहरूको व्यवहारलाई अनुशासित गराउनुका साथै समाजमा गर्न हुने र गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको छ । एकाङ्कीमा पात्रहरूले जुनसुकै कुरा आफ्नो बारेमा सम्झन्छन् भन्छन् त्यो उनीहरूको अहम् हो । अहम् जन्मजात नभएर सामाजिक अन्तर्क्रियाको परिणाम हो । पूर्वाग्रह एकाङ्कीमा रहेका पात्रहरूको असफलता, अहम्वृत्तिका साथै उनीहरूको विकास भएको समाज वा समूहको सदस्यबाट भएको छ । पूर्वाग्रह आर्जित प्रक्रिया भएकाले परिवर्तनशील हुन्छ । भोलि के हुन्छ ? एकाङ्कीमा माधुरीले जन्मेपछि बाँच्न पाउनु पर्ने अधिकार खोज्नु, युद्ध सम्बन्धी कुरा गर्न भवनमा निषेध गरिनु, मोहनले सम्पूर्ण विश्वमा राज गर्न खोज्नु, शक्तिद्वारा सबै कुरा प्राप्त गर्न सकिन्छ भन्नु, दुलहीले मातृहत्यालाई महापाप सम्झनु आदि कार्य गर्न खोज्नु आदि जस्ता कार्यले पात्रहरूको सामाजीकरण प्रक्रियालाई देखाउँछ ।

एकाङ्कीमा पात्रहरूको सामाजिक वस्तु, मूल्य, सामाजिक समस्या, समूह एवम् संस्था आदि प्रतिको मनोवृत्ति सामाजिक मनोवृत्ति हो । सामाजिक मनोवृत्ति पात्रले समाजमा गरेको समाजिक व्यवहार र उसको समाजीकरणबाट थाहा हुन्छ । एकाङ्कीमा सर्वप्रथम पात्रहरूमा कुनै पनि विषय वा अवस्था प्रति मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । मनोवृत्तिको निर्माण एवम् विकासमा पात्रहरूको प्रेरणा, उनीहरूले प्राप्त गरेको सूचना, समाजिक

समूहको मूख्य भूमिका रहेको छ । त्यस्तै एकाङ्कीमा पात्रहरूको मनोवृत्तिको परिवर्तन पनि भएको छ । मनोवृत्ति परिवर्तन कुनै व्यक्तिको मनोवृत्ति विशेषलाई निर्मुल पार्न, मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउन एकाङ्कीमा रहेका पात्रहरूले मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् । मनोवृत्तिको परिवर्तन पात्रहरू बिचको अन्तर्क्रिया र उनीहरूले प्राप्त गरेको सूचनाका आधारमा भएको छ । एकाङ्कीमा पात्रहरूले गरेको परस्पर अन्तर्क्रिया र व्यवहारले मनोवृत्तिको ज्ञान हासिल हुन्छ जसबाट उनीहरूको मनोवृत्तिको मूल्याङ्कन हुन्छ । एकाङ्कीमा कुनै घटना या पदार्थप्रति पात्रले गरेको व्यवहार, व्यक्ति-व्यक्ति बिचको परस्पर अन्तर्क्रिया, व्यक्तिको आत्मचरित्र र कलात्मक विचारको आधारमा मनोवृत्तिको मूल्याङ्कन हुन्छ । भोलि के हुन्छ ? एकाङ्कीमा माधुरीले पृथ्वीमा भइरहेको युद्धलाई विनासका रूपमा लिनु, मोहनले आफ्ना सहरहरूमा भइरहेको युद्धको खबरले आमालाई मार्ने निर्णय गर्नु, आफ्ना सन्तानले बाटो बिराउँदा आमाले चिन्ता गर्नु आदि जस्ता कार्यमा सामाजिक मनोवृत्तिको रूप देख्न सकिन्छ । यसरी एकाङ्कीमा रहेका पाात्रहरूको सामाजिक व्यवहार तथा क्रियाकलापले उनीहरूको सामाजिक मनोवृत्तिलाई देखाएको छ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, नारायण. २०६९. 'भूलै भूलको यथार्थ एकाङ्कीको कृतिगत विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

अधिकारी, पूर्णप्रसाद. २०५२. "विजय मल्लका नाट्य प्रवृत्ति र बहुला काजीको सपना". **समकालीन साहित्य** १८ (वर्ष १३ अङ्क १, पूर्णाङ्क ४७ : वैशाख, जेठ, असार) पृ. ९५-१०३ ।

अवस्थी, महादेव. २०६४. **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**. काठमाडौं : रिनु प्रकाशन ।

कुप्पुस्वामी, बी. १९८३. **समाज मनोविज्ञान : एक परिचय** (अनु.)श्याम सिहं शशि, अफलासिहं र धर्मपाल, चण्डीगढ : हरियणा साहित्य अकादमी ।

क्षेत्री, उदय. २०६४. 'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन'. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

खतिवडा, नित्यानन्द. २०६४. 'विजय मल्लका प्रयोगशील नाट्य कृतिको विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

खतिवडा, लेखराज. २०६८. 'विजय मल्लका एकाङ्कीमा नारी पात्र'. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग त्रि.वि. ।

खनाल, सीता. २०६९. 'सृष्टि रोकिदैन लघुएकाङ्की सङ्ग्रहको विधातात्विक विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

ढकाल, भूपति. २०६७. **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण**. (पाँ. सं.). काठमाडौँ : ए बी सी बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिव्युर्स प्रा.ली. ।

त्रिपाठी, आर बी र आर एन सिंह. १९८०. **उच्च सामाजिक मनोविज्ञान**. वाराणसी : नगीना प्रकाशन ।

त्रिपाठी, वासुदेव. २०६५(क). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १** (छै.सं.). ललितपुर : साझा प्रकाशन ।

---,----. २०६५(ख). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २** (पाँ.सं.). ललितपुर : साझा प्रकाशन ।

नेपाल, गोविन्द. २०३७. 'विजय मल्लको एकाङ्कीकारिताको विश्लेषण र मूल्याङ्कन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

———,————. २०४०. "विजय मल्लको भोलि के हुन्छ ? एकाङ्की नेपालीमा नौलो प्रयोग". **प्रज्ञा.** (वर्ष १२ अङ्क ३, पूर्णाङ्की ४५ : माघ, फागुन, चैत्र), पृ. २२-३१ ।

पाण्डेय, जगदानन्द. १९६३. **सामाजिक मनोविज्ञान**. वाराणसी : तारा पब्लिकेसन्स ।

पोखरेल, मेनुका. २०६९. 'स्मृतिको पर्खालभित्र एकाङ्कीको कृतिगत अध्ययन'. अप्रकासित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. ।

प्रधान, चैतन्य. २०६२. **विजय मल्लको एकाङ्कीकारितामा भूतप्रेतको प्रयोग.** काठमाडौं : रिनू प्रकाशन ।

बराल, कृष्णहरि. २०६८. "कोही किन बरबाद होस : समस्याको समाधान". **तन्नेरी.** (वर्ष ३३ अङ्क २, असोज-कार्तिक-मङ्सिर). पृ. २१९ ।

———,————. २०६९. **मनोविश्लेषण र साहित्य.** काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

भण्डारी, गोपालप्रसाद. २०५१. 'भवानी भिक्षुका कथामा मनोविज्ञान'. अप्रकाशीत विद्यावारिधि शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

भण्डारी, बालकुमारी. २०६९. 'कोही किन बरबादहोस् एकाङ्कीको कृतिगत विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

मल्ल, विजय. २०४०. **भित्ते घडी.** ललितपुर : साझा प्रकाशन ।

———,————. २०४५. **पत्थरको कथा.** ललितपुर : साझा प्रकाशन ।

———,————. २०६८. **भोलि के हुन्छ** ? (पाँ. सं.). ललितपुर : साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद. २०४१. "स्मृतिको पर्खालभित्र एकाङ्कीमा मनोविश्लेषण". **प्रज्ञा.** (वर्ष १३ अङ्क १ पूर्णाङ्की ४७). पृ. २८-३२ ।

श्रेष्ठ, विमला. २०७०. 'विजय मल्लका पूर्वाद्ध चरणका एकाङ्कीमा असामान्य मनोविज्ञान'. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

सापकोटा, राधिका. २०६९. 'पत्थरको कथा एकाङ्की सङ्ग्रहका नाट्यकृतिको कृतिगत विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

सुवेदी, राजेन्द्र. २०६८. **नेपाली समालोचना : परम्परा र प्रवृत्ति.** काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।